# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क ४, पूर्णाङ्क २३७ | २०७७ भदौ ३ गते बुधबार | Wednesday, 19 Aug 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## रातो खबरका निर्देशक शर्माको स्वास्थ्य अवस्था नाजुक, बिरामीवरिपरि अझै प्रहरीको घेराबन्दी



**काठमाडौँ** : लामो समयदेखि चितवनको भरतपुर अस्पतालमा उपचार गराइरहेका रातो खबर साप्ताहिकका निर्देशक अनिल शर्मा 'विरही' को स्वास्थ्य अवस्था अझै पनि उस्तै नाजुक अवस्थामा रहेको छ । शर्मालाई रातो खबर साप्ताहिकका प्रबन्धनिर्देशक भीम चापागाईंले शुक्रबार अस्पतालमै भेटेर उनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका छन् । शर्माको स्वास्थ्य अवस्था अहिले पनि नाजुक रहेको र उठबस पनि गर्न नसक्ने अवस्था रहेको जानकारी भेटपछि चापागाईंले दिएका छन् ।

... बाँकी पृष्ठ ७ मा

# संवैधानिक निकायको नियुक्तिमा भागबन्डाको झगडा

■ **अम्बिका चन्द**/काठमाडौं

राष्ट्रियता, जनजीविका, जनतन्त्र सबै क्षेत्रमा असफल भएको केपी वली सरकार संवैधानिक नियुक्तिमा पनि दलीय र गुटपरस्त भागबन्डाको किचलोका कारण असफल देखिएको छ । संविधान बनेको ५ वर्षमा पनि १३ वटा संवैधानिक आयोगका ४० पदमा नियुक्ति हुनसकेको छैन । सत्ताधारी र प्रतिपक्षी दल तथा सत्ताधारी दलभित्रैको किचलोका कारण संवैधानिक पदको नियुक्तिमा विलम्ब भएको हो ।

संवैधानिक निकायमा खाली ४० पदमा नियुक्तिलाई लिएर प्रधानमन्त्रीसमेत रहेका सरकारी नेकपाका पहिला अध्यक्ष केपी शर्मा वलीले विपक्षी दलका नेता शेरबहादुर देउवा र नेकपाकै दोस्रा अध्यक्ष पुष्पकमल दाहालसँग छलफल गरिरहेका छन् । तर दलीय र गुटीय स्वार्थका कारण अहिलेसम्म संवैधानिक पदहरूमा नियुक्ति भएको छैन । आयोगका निकायका विभिन्न ४० वटा पदपूर्तिलाई अगाडि बढाउने विषयमा सहमति जुटे पनि राजनीतिक भागबन्डामा कसले कुन निकायमा आफ्ना मान्छे पठाउने भन्ने विषयमा कुरा नमिल्दा व्यक्तिको नाम टुङ्गिन नसकेको हो ।

नेकपाभित्रका दुई अध्यक्ष वली र दाहालबीच पनि कुन पदमा कुन समूहको मान्छे नियुक्त गर्ने भन्ने विषयमा गम्भीर मतभेद रहेको छ । संसदीय दलहरूले जारी गरेको नेपालको संविधानले संवैधानिक निकायहरूमा निष्पक्ष र सर्वसम्मत व्यक्तिहरूको नियुक्ति गर्न प्रधानमन्त्री, प्रधानन्यायाधीश र विपक्षी दलको नेतासमेत रहेको परिषद्को








कल्पना गरेको छ तर नेपालमा भने सत्तामा रहने वा प्रतिपक्षमा रहने जोकोहीले पनि हरेक ठाउँमा आफ्नो पार्टी र त्यसभित्र पनि आफ्गुटका विश्वासपात्रहरूलाई नियुक्त गर्ने प्रचलन नै रहेको छ । यही प्रवृत्तिका कारण संवैधानिक निकायमा नियुक्त हुनेहरूले राष्ट्र र जनताको हितमा भन्दा पनि पार्टी, त्यसभित्रका गुट र खास व्यक्तिको हितमा कार्यसम्पादन गर्ने गरेको गुनासो पाइन्छ ।

१३ संवैधानिक आयोगमा विभिन्न ४० पद खाली छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दुई आयुक्त र निर्वाचन आयोगमा दुई आयुक्त खाली छन् । त्यस्तै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा चार सदस्य, राष्ट्रिय महिला आयोगमा अध्यक्ष र चार सदस्य, राष्ट्रिय दलित आयोगमा अध्यक्ष र चार सदस्य खाली छन् । समावेशी आयोगमा अध्यक्ष र तीन सदस्य, आदिवासी तथा जनजाति आयोगमा अध्यक्ष र चार सदस्य, मधेसी आयोगमा चार सदस्य, थारू आयोगमा चार सदस्य, मुस्लिम आयोगमा चार सदस्य खाली रहेका छन् ।

तर यी पदहरूमा नेकपाका दुई अध्यक्ष र काङ्ग्रेस सभापति शेरबहादुर देउवाबीचमा दलीय र गुटस्वार्थका कारण सहमति नहुँदा लामो समयदेखि यी पदहरू रिक्त भएका हुन् । देश र जनताको हितमा स्वतन्त्र र निष्पक्ष काम गर्नुपर्ने निकायहरू नै रिक्त रहँदा सबैतिर अस्तव्यस्तता, सङ्कट र अविश्वसनीयता चुलिएर सरकारको कामकारबाही र वैधतामै प्रश्न उठ्न लागेको छ । प्रतिपक्ष पनि नाउँ मात्रको लाचार संसदीय दल भएकाले राष्ट्रियता, जनतन्त्र र जनजीविका सङ्कटमा पर्दासमेत कुनै प्रश्न उठाउन सकेको छैन ।

## सहिद रामवृक्ष यादवको स्मृति दिवस



भदौ २ गते तत्कालीन नेकपा (माओवादी) का नेता सहिद रामवृक्ष यादवको २७ औँ स्मृति दिवस हो ।

धनुषाको बर्मभिझयामा जन्मिएका यादवलाई तत्कालीन शेरबहादुर देउवा सरकारको संरक्षणमा काङ्ग्रेसी गुन्डाहरूले बर्मभिझयामै हत्या गरेका थिए । २०५१ साल भदौ १ गते नेपाल बन्दको कार्यक्रम सकेर भोलिपल्ट भदौ २ गते वीरेन्द्रबजारबाट घर फर्कंदै गर्दा सादा पोसाकमा रहेका प्रहरी र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले घरेलु हतियार प्रयोग गरी बीभत्स तरिकाले यादवको हत्या

... बाँकी पृष्ठ ३ मा

## सरकारले पेट्रोलियम पदार्थको मूल्य बढायो

**काठमाडौँ** : अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेको बहाना बनाउँदै कोरोना सङ्क्रमणको कहर काटिरहेका सर्वसाधारणमाथि भार थपेर सरकारले नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा प्रतिलिटर १ रुपैयाँ मूल्य बढाएको हो ।

नेपाल आयल निगमले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै राती १२ बजेदेखि

... बाँकी पृष्ठ ७ मा

## नख्खु कारागारमा मनाइयो सहिद रामवृक्ष स्मृति दिवस

### जीवनको अन्तिम क्षणसम्म सहिदले देखाएको बाटोमा लडिरहनेछु : सुदर्शन

■ **अशोक सुवेदी**/काठमाडौं

हाल नख्खु कारागारमा रहेका नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले रामवृक्ष यादवलगायत सहिदहरूले कोरेको बाटोमा जीवनको अन्तिम क्षणसम्म पनि अघि बढिर हने र लडिरहने बताएका छन् ।

नख्खु कारागारमा मङ्गलबार आयोजित सहिद रामवृक्ष यादवको स्मृतिमा आयोजित कार्यक्रममा नेकपा नेता सुदर्शनले रामवृक्ष यादव बलिदान र त्यागको प्रतीक भएको बताए । उनले भने, 'रामवृक्ष यादवले आफ्नो परिवारका ७ जना (श्रीमती रामकुमारी यादव, छोरा शेखर यादव, ज्वाइँ डम्बर यादव, भाइहरू हरि, रामजुलुम यादव र हरि यादव) लाई क्रान्तिमा लगाउनुभएको थियो र साम्यवादी समाजको सुरुआत आफैँबाट गर्नुभएको थियो ।'

उनले भने, 'यादवले मालेमावादी साम्यवादको लक्ष्य पूरा गर्न आफैँबाट सुरु गर्नुभएको थियो । मालेमावादलाई दरोसँग पकडेर समाजमा लागू गर्न कोसिस गर्नुभएको थियो । रामवृक्ष यादवको अर्को विशेषता





भनेको सुविधा लिन पछि पर्ने र कठिनाइको सामना गर्न अघि बढ्ने हो ।'

रामवृक्षको बाटोमा अघि बढेका छौँ भन्नेहरू यादवका सपना र उद्देश्यभन्दा ठीक विपरीत गएको भन्दै नेता सुदर्शनले सत्ताधारी र नामधारी कम्युनिस्टहरूले यादवलगायत १० हजार सहिदहरूको रगतमाथि होली खेलेकाले मालेमावादको विकास, प्रयोग र रक्षाका लागि

... बाँकी पृष्ठ ७ मा

## नेकपाद्वारा बाढीपहिरो पीडितको उद्धारमा जुट्न निर्देशन

■ **झनक श्रेष्ठ**/काठमाडौं

नेकपा ताम्सालिङ ब्युरो इन्चार्ज आधारले प्रेस विज्ञप्ति जारी गरी अविरल वर्षा र बाढीपहिरोका कारण साउन ३० गते बिहान सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका २ मा ठूलो धनजनको क्षति भएकाले बाढीपहिरोमा परेर ज्यान गुमाउनेहरूप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

इन्चार्ज आधारले मृतकका आफन्तहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दै बाढीपहिरोमा परी बेपत्ता भएकाहरूको उद्धार तथा खोजीकार्यमा तीव्रताका साथ लागिपर्न र बाढीपहिरो पीडितहरूका निमित्त राहतमा जुट्न आम पार्टीपङ्क्तिलाई विशेष निर्देशन पनि गरेका छन् ।

आधारको विज्ञप्तिमा भनिएको छ, 'अविरल वर्षा र बाढीपहिरोका कारण साउन ३० गते बिहान सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका २ मा ठूलो धनजनको क्षति भएको छ । उक्त बाढीपहिरोमा परेर ज्यान गुमाउनु भएकाहरूप्रति हाम्रो पार्टी उच्च दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ । त्यस्तै मृतकका आफन्तहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दछ । उक्त बाढीपहिरोमा परी बेपत्ता हुनुभएकाहरूको उद्धार तथा खोजीकार्यमा तीव्रताका साथ लागिपर्न र बाढीपहिरो पीडितहरूका निमित्त राहतमा जुट्न आम पार्टीपङ्क्तिलाई विशेष निर्देशन

... बाँकी पृष्ठ ७ मा

## नेपाली सेनाभित्र ठूलो आर्थिक घोटाला, महासेनानी राणा बर्खास्त

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

तुलनात्मक रूपमा कम विवादमा देखिने ठानिएको नेपाली सेनाभित्र ठूलो आर्थिक घोटाला हुने गरेका समाचारहरू सार्वजनिक हुन थालेका छन् । आफ्नै कानुन र आफ्नै अदालत रहेकाले सेनाभित्रका कयौँ काण्ड तथा घोटालाहरू सार्वजनिक भएका पाइँदैनन् तर भ्रष्टाचार र घोटाला थेगिनसक्नु भएपछि भने कतिपय घटना सार्वजनिक हुने गर्छन् ।

सहायकरथी प्रयोगजङ्ग राणा, महासेनानी नवीन सिलवाल र प्रमुख सुवेदार मिठुराम विश्वकर्मालाई पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा रहँदा सम्पत्ति र अनुशासन तथा आचरणसम्बन्धी कसूर गरेको अभियोगमा दोषी ठहऱ्याउँदै समरी जनरल सैनिक अदालतले सेवाबाट बर्खास्त गर्ने निर्णय गरेको सार्वजनिक भएको छ । अदालतले सहायकरथी राणाले एक करोड ५२ लाख २७ हजार तथा महासेनानी सिलवालले १५ लाख ७९ हजार रुपैयाँ हिनामिना गरेको ठहर गरेको छ । उनीहरूबाट बिगोबराबरको रकम असुलउपर गर्ने निर्णय पनि भएको समाचारमा जनाइएको छ ।

सैनिक अदालतले सम्पत्ति र अनुशासन तथा आचरणसम्बन्धी कसुरमा उनीहरूलाई सेवाबाट बर्खास्त गर्ने निर्णय गरेको समाचारमा उल्लेख छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार आइतबार उक्त निर्णय गरिएको हो ।

उक्त अदालतले सहसेनानी लक्ष्मीकान्त खनाल, सुवेदार भोजबहादुर विष्ट र जमदार विनोद बस्नेतलाई एक तह घटुवा गर्ने तथा प्राविधिक सहसेनानी फिरोज महर्जन र जमदार भद्रबहादुर शाहीलाई नसिहत दिने निर्णय गरेको पनि सार्वजनिक भएको छ ।

## साउन ३२ : दोरम्बा हत्याकाण्डको १८ औँ स्मृति दिवस



■ **आशीष कुमार चौधरी**/काठमाडौं

साउन ३२ गते आइतबार १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस हो । जनयुद्धमा राज्यसत्ताद्वारा मच्चाइएका अत्यन्त क्रूर, बीभत्स र बर्बर हत्याकाण्डहरूमध्येको पनि क्रूरतम् हत्याकाण्डका रूपमा दोरम्बा हत्याकाण्ड परिचित छ ।

२०६० साल साउन ३२ गते तत्कालीन नेकपा (माओवादी) र शाही सरकारबीच युद्धविराम भएर दाङको हापुरेमा शान्तिवार्ता चलिरहेको समयमा शाहीसेनाले अचानक र अनाहकमा रामेछाप दोरम्बामा एरियास्तरको बैठक

... बाँकी पृष्ठ ७ मा

# अर्थव्यवस्थाका आधारभूत तत्व

### देश/परिवेश

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



नेपालमा वैज्ञानिक समाजवादी क्रान्तिको आवश्यकता धेरै पहिलेदेखि नेपाली जनताले माग गर्दै आएको विषय हो । नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएदेखि नै नेपालमा समाजवादी व्यवस्थाको स्थापना र देशको समग्र विकासको गुरुत्व अझ बढ्यो । महान् जनयुद्धले कम्युनिस्ट पार्टीको स्थापनाको उद्देश्यमा जुन सपना थियो र त्यसका लागि विभिन्न पार्टीमा रहेर भए पनि सयौँको बलिदानी भएको थियो, त्यसलाई ठूलो आकारमा साकार पनि पाऱ्यो र समाजवाद स्थापना गर्ने अभिलाशालाई पूरा गर्ने दिशा दिँदै थियो तर कथित शान्तिप्रक्रियाका नाममा त्यो अभियान अवरुद्ध गरियो र जनताको चाहनामा तुसारापात गरियो । देशमा आमूल परिवर्तन यो प्रक्रियामा पूरा नभए पनि त्यसले देशमा ल्याएको राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तन चेतनाको स्तरमा निश्चित रूपमा धेरै ठूलो रहेको छ । यो चेतनाले नयाँ प्रकारको क्रान्तिको आवश्यकतालाई अझ मुखरित गरेको छ जुन एकीकृत जनक्रान्तिको कार्यदिशामा अभिव्यक्त भएको छ । महान् जनयुद्धको प्रक्रियामा देशमा बृहत् राजनीतिक चेतना आएको भए पनि राजनीतिक परिवर्तन वस्तुगत धरातलमा हुन सकेन । राजनीतिक क्षेत्रको वस्तुगत धरातल दलाल पुँजीवाद हाबी रह्यो । मानिसको चेतनामा समाजवाद रहने र देशको राजनीतिक धरातल दलाल पुँजीवाद रहनु वर्तमान नेपालको सामाजिक अन्तरविरोध हो । यही राजनीतिक धरातलमा देशका सामाजिक दलाल पुँजीवादी र एकाधिकार पुँजीवादका पक्षपातीहरूले यही दलाल पुँजीवादी व्यवस्थालाई नयाँ जनवादी व्यवस्था भन्ने गरेका छन् र उनीहरूले यसबाट समाजवादमा रूपान्तरण हुने बताएका छन् । तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड नै यसको प्रमुख प्रवक्ता हुने गरेका छन् । दलाल पुँजीवादी वर्गको नेतृत्वमा चल्ने समाजवाद सम्राज्यवादी समाजवाद हो अथवा सामाजिक साम्राज्यवाद हो । हाम्रो पार्टीले नेपालका सन्दर्भमा यसलाई सामाजिक दलाल पुँजीवाद भनेको छ । तर प्रचण्डले यही सामाजिक दलाल पुँजीवादलाई नयाँ जनवादी क्रान्ति भनेर जनतामा क्रान्तिकारी दर्शन, राजनीति, सङ्गठन, देश र राष्ट्रको भविष्यलाई भ्रष्टीकृत गरेका छन् र समाजको आमूल परिवर्तनलाई बन्ध्याकरण गर्ने दुष्चेष्टा गरिरहेका छन् ।

दलाल पुँजीवादी सरकारमा रहेको पार्टीले

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# बलिदानको विरासत

महान् दार्शनिक एवम् सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सले एक सन्दर्भमा भन्नुभएको छ, आफ्नो वर्ग (सर्वहारा वर्ग) को मुक्तिका लागि आवश्यकताअनुसार इतिहासका चिहानहरू पनि खोतल्नुपर्छ । हो, यतिबेला त्यस्तै आवश्यकता परेको छ । दलालहरूले आफ्नो जीवनरक्षाका लागि फोहोरमा फालेको क्रान्तिको रक्तरञ्जित झन्डा धुलोबाट उठाएर र तानाशाह शासकहरूले चपरीमुनि गाडेका सहिदहरूका बलिदानका गाथाहरूलाई निरन्तर हृदयङ्गम गरेर फेरि क्रान्तिमा होमिएका क्रान्तिकारीहरूका लागि इतिहासका विरासतहरू उत्तिकै शक्तिशाली र अझ ऊर्जावान् बनेर उभिएका छन् । यो साता हामी जनयुद्धका क्रममा रामेछाप दोरम्बामा दुस्मनसँग कत्ति नझुकी हाँसीहाँसी बलिदान गर्ने ती २१ जना महान् योद्धाहरू र जनयुद्ध आरम्भ हुनै लाग्दा तत्कालीन सत्ताले क्रूरतापूर्वक हत्या गरेका जनयुद्धका शीर्ष सहिदमध्येका एक कमरेड रामवृक्ष यादवको बलिदानलाई स्मरण गरिरहेका छौं ।

यो साता सहिद रामवृक्ष यादवको २७ औं र दोरम्बामा बलिदान गर्ने २१ जना योद्धाहरूको स्मृति दिवस हो । नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा २०६० साल साउन ३२ गते रामेछाप जिल्लाको दोरम्बा-डाँडाकटेरीमा माओवादी नेताहरूको सामूहिक रूपमा क्रूर हत्या भएको १७ वर्ष पुगेर १८ वर्ष लागेको छ । जनयुद्धको राप र तापले गालेको शाहीसत्ता टिकाउने अन्तिम प्रयासस्वरूप ज्ञानेन्द्र शाहीको चाकरका रूपमा प्रधानमन्त्रीमा नियुक्त गरिएका सूर्यबहादुर थापाको निर्देशन र शाही अमेरिकी सेनाको योजनामा उक्त कुख्यात हत्याकाण्ड मच्चाइएको थियो । पञ्चायती शासनसत्ता टिकाउन खोकु छिन्ताङमा नरसंहार गर्ने थापालाई नै उक्त हत्याकाण्डका लागि असल पात्रका रूपमा अघि सारिएको बुझ्न कुनै कठिनाइ पर्दैन । अन्तर्राष्ट्रिय रूपमै कुख्यात अपराधका रूपमा बदनाम उक्त हत्याकाण्डको १७ वर्ष बितिसक्दा पनि अपराधीहरूमाथि कारबाही हुनु त परै जाओस्, उल्टै तिनलाई प्रोत्साहन गरिएको छ । विडम्बनाको कुरा त के छ भने त्यतिबेला जनयुद्ध सञ्चालन गर्ने मुख्य कमान्डर पुष्पकमल दाहाल नै दुई तिहाइनजिकको कथित कम्युनिस्ट सरकारका ठेकेदार छन् । जनयुद्धका अधुरा सपनाहरू पूरा गर्न नेकपाले सञ्चालन गरेको एकीकृत जनक्रान्तिमा लामबद्ध योद्धाहरूलाई दाहाल नै सत्ता र सरकारको पनि हर्ताकर्ता भएको समयमा दोरम्बा हत्याकाण्डकै शैलीमा हत्या गर्ने फासिवादी हर्कतको पुनरावृत्ति भएको छ । यो घोर निन्दनीय कार्य हो । हिजो दोरम्बालगायत देशैभर गैरन्यायिक हत्या गर्ने अपराधीहरू र आज सर्लाही, खोटाङ, भोजपुरलगायत स्थानमा गैरन्यायिक हत्या गर्ने अपराधी सबैलाई कारबाही हुनुपर्छ र सहिदका सपना लत्याएर दुस्मन क्याम्पमा जीवनको भिक मागेर मुन्टो लुकाउन पुगेका आत्मसमर्पणवादी, कायर र हुतिहाराहरूमाथि उचित दण्ड दिइनुपर्छ । यो जारी क्रान्तिको कार्यभार हो । अन्यथा इतिहासले कसैलाई माफी गर्नेछैन ।

कुख्यात दोरम्बा हत्याकाण्डको समयमा नेकपा (माओवादी) र तत्कालीन शाहीसत्ताका बीचमा घमासान लडाइँ थियो । शाहीसत्ताका मतियारहरू अर्थात् तत्कालीन दरबारिया शक्तिहरू, राप्रपा, एमाले र नेपाली काङ्ग्रेसहरू कुनै न कुनै नामको राजतन्त्र टिकाएर नेपाली जनतामाथि शासन गरिरहन चाहन्थे । उनीहरूको उद्देश्य सत्तामा राजतन्त्र नै रहिरहोस् तर आफू सरकारमा पुगुपर्छ भन्ने थियो भने जनयुद्धरत नेकपा (माओवादी) जनयुद्धको बलमा न्यूनतम् संविधानसभाको चुनाव गराएर राजतन्त्रको अन्त्य गर्न चाहन्थ्यो । राजतन्त्रको अन्त्यसँगै नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादमा फड्को मार्न चाहन्थ्यो तर तत्कालीन शासकहरू माओवादीलाई आतङ्ककारी करार गरिरहेका थिए । जनयुद्धको बलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुवै पराजित भइसकेपछि शाहीसत्ताले राज्यको सुरक्षाका लागि स्थापित भनिएको सेनालाई माओवादीविरुद्ध दुरुपयोग गरेको थियो । देशभर जनमुक्ति सेना र शाहीसेनाका बीच घमासान लडाइँ भएको र माओवादीको विजयशृङ्खला अद्भुत रूपले अघि बढिरहेको अवस्था थियो । शाहीसेना पनि पराजयको अन्तिम अवस्थातिर पुगेपछि अमेरिकी साम्राज्यवादको योजना र उपस्थितिमा शाहीसेनाले नयाँ किल्लाबन्दी (फोर्टिफिकेसन) गरिएको थियो । युद्धको चाप र माओवादीको विजयअभियानकै बीचमा शाही सरकार वार्ताका लागि बाध्य भएको थियो भने राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिक्रान्तिकारी, प्रतिगामी र यथास्थितिवादी शक्तिहरू कसैगरी पनि माओवादीलाई जिल्त दिनु नहुने, बरु युद्ध भड्काउनुपर्ने षड्यन्त्रमा थिए । डाडको हापुरेमा वार्ता भइरहेको समयमा दोरम्बामा निहत्था अवस्थामा एरिया पार्टीको बैठक बस्ने तयारी गरिरहेका नेकपा माओवादीका क्षेत्रीय स्तरका २१ जना नेताहरूलाई मेजर राममणि पोखरेल नेतृत्वको शाहीफौजले घेराबन्दी गरी दोरम्बा बजारबाट डाँडाकटेरीमा पुऱ्याएर लाम लगाई क्रूर ढङ्गले बीभत्स रूपमा हत्या गरेको थियो । संविधानसभासम्म दिन नमान्ने सत्ता पक्ष र संविधानसभासम्म पनि जान तयार नहुने संसदीय दलहरूको अकर्मण्यता, षड्यन्त्र र योजनाका कारण दोरम्बाको कुख्यात हत्याकाण्ड मच्चाइएको थियो । उक्त हत्याकाण्डपछि माओवादी वार्ता भङ्ग गरेर युद्ध सञ्चालन गर्नुपर्ने बाध्यतामा पुगेको थियो । तत्कालीन राष्ट्रिय मानवअधिकार आयोगले समेत उक्त हत्याकाण्ड नियोजित भएको ठहर गर्दै दोषीमाथि कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो तर तत्कालीन शाही सरकार त परै जाओस्, २०६२/०६३ पछि गठित आफूलाई लोकतान्त्रिक भन्न रुचाउने सरकारहरूले समेत हत्याराहरूलाई कारबाही गर्नेतिर कुनै चासो दिएनन् र सत्ताको हत्यासंस्कृतिलाई प्रोत्साहन दिइराखे । विडम्बनाको कुरा ! जनयुद्ध सञ्चालन गर्ने पुष्पकमल दहाल र बाबुराम भट्टराई नै प्रधानमन्त्री हुँदा पनि जनयुद्धकालका कुनै अपराधीमाथि कारबाही भएन । जनयुद्धका नायकहरू र केपी वलीहरूकै अकर्मण्यताका कारण आजसम्म सत्ता, सत्ताको चरित्र फासिवादी नै रहेको छ, तात्विक रूपले भिन्न हुनसकेको छैन ।

यसैगरी भदौ २ गते तत्कालीन नेकपा (माओवादी) का नेता सहिद रामवृक्ष यादवको २७ औं स्मृति दिवस हो । यादवलाई तत्कालीन शेरबहादुर देउवा सरकारको संरक्षणमा काङ्ग्रेसी गुन्डाहरूले बर्मभिक्यामै हत्या गरेका थिए । २०५१ साल भदौ १ गते नेपाल बन्दको कार्यक्रम सकेर भोलिपल्ट भदौ २ गते वीरेन्द्रबजारबाट घर फर्कंदै गर्दा सादा पोसाकमा रहेका प्रहरी र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले घेरलु हतियार प्रयोग गरी बीभत्स तरिकाले यादवको हत्या गरेका थिए ।

नेपालमा जनयुद्ध सुरुआतको समयमा केन्द्रीय तहबाट भएको यो ठूलो बलिदान थियो । तराईमा माओवादीको प्रभाव विस्तार रोक्ने देशी-विदेशी षड्यन्त्रमा यादवको हत्या भएको माओवादी निष्कर्ष थियो । रामवृक्ष यादवको हत्या भएको आज २६ वर्ष पुगिसकेको छ । महान् क्रान्तिकारी योद्धा, नेपाली कम्युनिस्ट आन्दोलनका अगुवा तथा तत्कालीन महान् नेपाली जनयुद्धका पहलकर्ता रामवृक्ष यादवप्रति नेपाल कम्युनिस्ट पार्टीले श्रद्धाञ्जली तथा सम्मान व्यक्त गरेको छ । तराई क्षेत्रमा सामन्त जमिनदारहरूले गाउँका जनतामाथि गरेको थिचोमिचो, अन्याय-अत्याचार देखेर त्यसको अन्त्य गर्न कम्युनिस्ट बनेका रामवृक्ष यादव होनहार इमानदार र कर्मठ योद्धा थिए । यादव आफ्नो वर्गप्रतिको इमानदारी र क्रान्तिप्रतिको निष्ठाभावले भरिएका व्यक्ति थिए । उनी कम्युनिस्ट क्रान्तिकारीहरूका लागि वैचारिक प्रेरणा र प्रतिबद्धताका अगुवाका रूपमा रहिरहनेछन् ।

यसरी आज क्रान्तिकारीहरूले विभिन्न नामका फासिवादी सत्ताद्वारा हत्या गरिएका महान् योद्धाहरूका सपना साकार पार्न जारी जनक्रान्ति उचाइ र सफलतामा पुऱ्याउनु अत्यावश्यक बनेको छ ।

सन्दर्भ : रामवृक्ष स्मृति दिवस

# सहिद रामवृक्ष यादवको रगतमाथि खेलबाड

*'इमानदार र बहादुर छोराछोरीहरू आमाको गर्भबाट होइन, वर्गसङ्घर्षको भट्टीबाट जन्मिन्छन् ।'* - क.माओ

**सङ्क्षिप्त जीवनी**

सहिद रामवृक्षको वास्तविक जीवन वर्गसङ्घर्षबाटै सुरु भयो र सहादत पनि वर्गसङ्घर्षको बीचबाटै भयो । रामलखन यादव र सम्पतीदेवी यादवको कोखबाट २००३ सालमा कमरेड रामवृक्ष यादवको जन्म भएको हो । मध्यमवर्गीय किसान परिवारमा जन्मिएर पनि उहाँले निकै अभाव र कष्टकर जीवन बिताउनुभयो । सामाजिक तथा राजनीतिक कार्यमा आफ्नो पैतृक सम्पत्ति बेच्दै जाँदा गरिब किसान वर्गमा बदलिनुभयो । तराई मधेसमा हुने सामन्ती उत्पीडन र त्यसको प्रभावविरुद्ध किशोर अवस्थादेखि नै उहाँमा घृणा देखिन्थ्यो । क्रान्तिकारी राजनीतिक जीवनमा प्रवेश गर्नुअघि २०२५ सालमा बरमभिक्याकै प्राविमा प्राधानाध्यापक भई शिक्षण पेसामा रहनुभयो । त्यतिबेला उहाँ हिन्दुवादी चिन्तनमा आधारित कीर्तनमण्डली (सांस्कृतिक टोली) मा क्रियाशील हुनुभयो । पछि त्यही टोलीलाई सङ्गठनको आधार बनाउँदै सामन्ती जमिनदारविरोधी गीत-सङ्गीतको थलो बनाउनुभयो । २०२९ सालमा क्रान्तिकारी योद्धा कमरेड ऋषि देवकोटा 'आजाद' सँग सम्पर्क भयो । त्यसपछि उहाँ निरन्तर क्रान्तिकारी पार्टी र आन्दोलनमा क्रियाशील हुनुभयो ।

२०३० सालतिर धनुषा र तराई-मधेसमै पनि सामन्तहरूले कम ज्याला दिएर किसानलाई दिनभरि काम लगाउँथे । किसान भन्डै अर्धदास अवस्थामा थिए । त्यसका विरुद्ध बनी आन्दोलन (ज्यालादारी आन्दोलन) सञ्चालन गरी सफल पार्नुभयो । त्यस आन्दोलनको अगुवाइ गरेको आरोपमा तत्कालीन पञ्चायती सरकारले उहाँलाई जनकपुरबाट पक्राउ गरेर ६ महिनासम्म जलेश्वर जेलमा बन्दी बनायो । त्यहाँबाट छुटेपछि २०३० सालमा तत्कालीन नेकपा (चौम) बाट उहाँले पार्टीको सदस्यता लिनुभयो । २०३४ सालमा शिक्षक पेसामा नै रहेको बेला कमलानदी छेउको बाह्र बिघा ऐलानी जमिन सुकुमबासीहरूलाई वितरण गर्नुभयो । त्यही निहुँमा उहाँलाई पुनः गिरफ्तार गरी जेल हालियो । २०३५ सालमा शिक्षण पेसा छोडी उहाँ पूर्णकालीन कार्यकर्ताका रूपमा क्रियाशील हुनुभयो ।

त्यसपछिका दिनहरूमा पनि सामन्त जमिनदार र पुलिस प्रशासनले उहाँलाई भनै दुःख दिन थाल्यो । राजनीतिक आस्थाकै आधारमा उहाँलाई २०३५ साल पुस १ देखि २०३७ वैशाख ५ सम्म जेलमा राखियो । जनमत सङ्ग्रहका बेला मतदानको समयमा उहाँलाई गिरफ्तार गरी दुई दिनसम्म बेपत्ता पारियो । त्यति मात्र होइन, तत्कालीन पञ्चायतका दलाल हेमबहादुर मल्लका लठैतहरूले उहाँको घरमा गई बहुदललाई सहयोग गरेको आधारमा परिवारहरूलाई कुटपिट गरी बीसौं हजारको सम्पत्ति लुटपाट गरे । २०४२ सालमा धनुषा जिल्लाको बरमभिक्यामा विष पिएर एकजनाको ज्यान गयो । त्यसलाई हत्या गरिएको भूटो आरोप खडा गरी तत्कालीन प्रधानपञ्चका लठैतहरूले उहाँलाई समाती यातना दिए । खुट्टा भाँचिदिए र दुई दिनसम्म प्रधानपञ्चको घरमा थुनेर राखेपछि जनकपुरमा उपचार गराउनेक्रममा उहाँ भाग्न सफल हुनुभयो र भारतमा उपचार गराउनुभयो । त्यसपछिका दिनहरूमा भने उहाँ भूमिगत रूपमा राजनीतिमा क्रियाशील रहनुभयो ।

२०४२ सालको पार्टी विभाजनपछि उहाँ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (मशाल) मा क्रियाशील हुनुभयो । २०४५ सालको किसान आन्दोलनमा उहाँले सक्रियतापूर्वक नेतृत्व गर्नुभयो । त्यही निहुँमा २०४६ जेठ ६ मा उहाँलाई गिरफ्तार गरी जेल हालियो । जेलभित्र र बाहिर दुवै ठाउँमा उहाँको रिहाइको चर्को आवाज उठिरहँदा पनि उहाँलाई अन्ततः २०४९ सालमा मात्रै रिहा गरियो । जेलमुक्त भएपछि उहाँले पटेरवाको करिब अढाइ सय बिघा जमिन किसानहरूलाई वितरण गर्नुभयो । २०५१ भदौ १ गतेको नेपाल बन्द कार्यक्रम सफल पारी भोलिपल्ट भदौ २ मा आफ्नो गाउँमा फर्कंदै गर्दा सिभिल ड्रेसका पुलिस र नेपाली काङ्ग्रेसको केन्द्रीय योजनामुताबिक लठैतहरू लगाई बरमभिक्यामा नै उहाँको अमानवीय ढङ्गले हत्या गरियो । त्यसबेला उहाँ नेकपा (माओवादी) को केन्द्रीय सदस्य हुनुहुन्थ्यो ।

**वर्ग र क्रान्तिप्रति निःस्वार्थ निष्ठा**

क. रामवृक्ष यादवका धेरै गुण थिए । मृदुभाषी सरल, शालीन र मिलनसार व्यक्तित्वको धनी हुनुहुन्थ्यो । तथापि उहाँको सबैभन्दा ठूलो र महत्वपूर्ण गुण निःसर्त वर्ग र क्रान्तिप्रतिको निष्ठा थियो । आज पनि उहाँका सपना साकार पार्न हामी सक्रियतापूर्वक लागिरहेका छौं तैपनि उहाँमा देखिने निःस्वार्थ र निःसर्तता सिङ्गो पार्टीमा र तराई-मधेसमा पनि निकै कमजोर छ । क्रान्तिकारी कम र क्रान्तिप्रेमी बढी हुने । पार्टीमा लाग्ने तर दुःखकष्ट बेहोर्नु नपरोस् भन्ने ठान्ने । छोराछोरी राजनीतिमा नजाऊन्, पढाइ नछुटोस्, सम्पत्ति नघटोस्, बन्द-व्यापार चलिराखोस्, पुरानो सम्बन्ध नभत्किओस्, त्याग-तपस्या र बलिदान अरुले गरून्, आफू नेता भइराख्न पाइयोस्जस्ता चिन्तनहरू हावी छन् तर रामवृक्षमा त्यसप्रकारको व्यवहार र चिन्तन दुवै थिएन । त्यसबेलाका उहाँका साथीहरूका अनुसार उहाँ पार्टी र सङ्घर्षका निम्ति आफ्नो सम्पत्ति बेच्दै जाने, परिवार सबैलाई पार्टीकरण गर्दै लैजाने, वर्गशत्रुसँग नझुक्ने, वर्गप्रति गहिरो निष्ठा, भाव र समग्र रूपमा सर्वहारावर्गकरण गर्नेजस्ता कम्युनिस्ट गुणहरू उहाँमा थिए । त्यसको प्रभाव उहाँका परिवारमा प्रस्टसँग देखिन्थ्यो । जतिबेला उहाँको हत्या भएको थियो त्यसबेला उहाँको घरमा एक गेडा अन्न पनि थिएन र सायद उहाँसित एक रुपैयाँ पनि थिएन तैपनि उहाँ पार्टी, क्रान्ति र वर्गका लागि निरन्तर क्रियाशील रहनुभयो ।

**परिवारको पार्टीकरण र सर्वहाराकरण**

आज धेरै कम्युनिस्ट नेताहरूको परिवारमा पार्टी र आन्दोलनप्रति नराकात्मक प्रभाव विकास हुँदै गएको छ । नेता-कार्यकर्ताका परिवार पार्टी र क्रान्तिमा क्रियाशील नहुने भए पनि समर्थक मात्र हुने गरेका छन् । त्यति मात्र होइन, नेता कार्यकर्ता आफैँले आफ्नो परिवारलाई पार्टी र क्रान्तिमा योजनाबद्ध ढङ्गले नलिने, अभ कतिले त म लागेँ तर तिमीहरू नलाग भन्ने । घर वा डेरामा पार्टी नेता वा कार्यकर्ता नलाने, लगिहाले पनि परिवारका सदस्यहरूलाई नचिनाउने जस्ता काम गरेको देखिन्छ । कम्युनिस्ट आन्दोलनभित्र एउटा खतरनाक प्रकृतिको रूपमा प्रचण्ड स्कुलिङ विकास भएको छ । क्रान्ति र पार्टीको नाममा व्यक्तिगत सम्पत्ति थुपार्ने आलिसान जीवन बिताउने जस्ता गैर-सर्वहारा र घृणित कार्यशैली विकास भइरहेको छ । पार्टी र क्रान्तिमा आफ्नो निजी सम्पत्तिबाट कुनै योगदान नगर्ने यतिसम्म कि एक दिन पार्टीकाममा हिँड्दा पनि पेट्रोल मागिहाल्ने र दुई-चार कल फोन गर्नुपरेपछि रिचार्जकार्ड मागिहाल्नुपर्ने मानसिकता निकै हावी देखिन्छ । अर्कोतिर पार्टीको स्रोत-साधन र अवसरका वितरणमा निकै असमानताहरू छन् जसले गर्दा त्यसको नकारात्मक असर पार्टी र आन्दोलनमा पनि देखापरेको छ । कतिसम्म भने कयौँ नेताहरूको वर्गोत्थानसमेत भएको छ ।



सन्देश पौडेल

क. रामवृक्ष यादव भने बिल्कुल फरक हुनुहुन्थ्यो । उहाँले सिङ्गो परिवारलाई पार्टी र क्रान्तिबारे बुझाउनुभयो । दाजुभाइ, छोराछोरी, श्रीमतीलाई पार्टीको काममा लगाउनुभयो । वर्गदुस्मनबारे बताउनुभयो । पार्टीप्रति विश्वास दिलाउनुभयो र क्रान्तिमा सँगसँगै होमिनुभयो जसले गर्दा उहाँका परिवारका तीनजना सदस्यहरूले क्रान्तिमा बलिदान गरे । परिवारका सदस्यहरूको पार्टीप्रतिको विश्वास र बलिदानी भावनाले त्यो कुरा पूर्णरूपले प्रमाणित गरिसक्यो । आज पनि बाँचेका परिवारका सदस्यहरू कुनै न कुनै रूपमा आन्दोलन वरिपरि क्रियाशील छन् ।

क. रामवृक्ष आफू मध्यमवर्गीय किसान परिवारको हुनुहुन्थ्यो । उहाँले वर्गसङ्घर्ष र त्यसलाई सञ्चालन गर्नेक्रममा आफ्नो पैतृक सम्पत्ति बेच्दै जानुभयो र गरिब किसानमा बदलिनुभयो । साथै जागिर पनि छोड्नुभयो । साथी र पार्टीलाई आर्थिक सहयोग गर्न हिच्किचाउनुभएन । वास्तवमा उहाँ वर्गसङ्घर्षको भट्टीबाट खारिएको सर्वहाराकृत नेता हुनुहुन्थ्यो ।

**अलराउन्डर नेता**

क. रामवृक्ष यादव तराई मधेसको एक मात्र चौतर्फी प्रतिभाशाली नेता हुनुहुन्थ्यो । उहाँ वैचारिक राजनीतिक रूपले प्रस्ट हुनुहुन्थ्यो । जहिले पनि पार्टीभित्र र बाहिर सबैतिरका गैरसर्वहारा प्रवृत्तिविरुद्धको राजनीतिक वैचारिक सङ्घर्षमा क्रान्तिकारी धारमा दृढतापूर्वक उभिनुभयो । उहाँ भौतिक र मानसिक दुवै रूपले लडाकु हुनुहुन्थ्यो । उहाँ कुशल सङ्गठक पनि हुनुहुन्थ्यो साथै श्रमजीवी साहित्य र सङ्गीतमा राम्रो दखखल राख्नुहुन्थ्यो । 'पेरुमे लाल झन्डा फहराऐ' भन्ने उहाँको चर्चित गीतसँगै उहाँले मैथिली, हिन्दी र नेपालीमा गीत-सङ्गीत रचना गर्ने र गाउने गर्नुहुन्थ्यो । उहाँका पचासवटा जति रचना प्रकाशित छन् भने त्यतिकै सङ्ख्यामा अप्रकाशित छन् । उहाँ जनसेवक र जनप्रिय हुनुहुन्थ्यो । गाउँ-समाज आफन्त सबैलाई उहाँले सहयोग गर्नुहुन्थ्यो । वास्तवमा क. रामवृक्ष यादव जनताको आँखाको नानी हुनुभयो । समग्रमा उहाँ तराई-मधेस मात्रै होइन, फेरि पनि समग्र क्रान्तिको एक चौतर्फी प्रतिभाशाली नेता हुनुभयो ।

**जनयुद्धको प्रेरणा**

तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फागुन एक गतेबाट महान् जनयुद्धको पहलकदमी लियो । जनयुद्ध एउटा समग्र युद्ध थियो र त्यो सचेततापूर्वक पार्टीले लिएको पहलकदमी थियो । जनयुद्धको तयारीमा पार्टी तीव्र गतिमा बढिरहेको बेला कमरेड रामवृक्ष

... बाँकी पृष्ठ ७ मा

# बिर्सन नसकिने दोरम्बा सामूहिक हत्याकाण्डको त्यो कालो दिन



विवेक

२०६० साल साउन ३२ गतेको त्यो कालो दिन इतिहासकै कालो दिन हो । मध्य-वर्षायामको समय भएको कारणले रामेछापको दोरम्बा बजारलगायत आसपासका ठाउँहरू बादलुको घुम्टोले पूरै ढाकेको थियो । त्यसै त लेक, त्यहाँमाथि बर्सातुको समयसँगै झमझम वर्षा भैरहेको थियो । गाउँका किसानहरू आआफ्ना मेलापातमा गैसकेका थिए । गाउँ पूरै सन्नाटामा थियो । त्यो सन्नाटा क्षणिकका लागि मात्र सीमित भयो । त्यो शान्तिपूर्ण वातावरण एकाएक युद्धभूमिमा परिणत भयो । दोरम्बा गाउँ कोलाहलमय बन्यो । चराचुरुङ्गीको चिरबिर धुन खलबलिन थाल्यो । एक त बादलले ढाकेर अन्धकार भएको दोरम्बा बजार झन् पूरै अन्धकार भयो ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा सञ्चालित महान् जनयुद्ध भीषण र निर्मम ढङ्गले अगाडि बढ्दै नेपाली जनताको विश्वास जित्दै सगरमाथाको चुचुरोतिर विजयको झन्डा फर्फराउन आतुर थियो । तत्कालीन विद्रोही पक्ष शान्तिपूर्ण ढङ्गले समस्याको हल खोज्न चाहिरहेको थियो भने तत्कालीन राज्यसत्ता बन्दुकको भरमा आफ्नो सत्ता टिकाउन चाहन्थ्यो । नेपाली श्रमजीवी जनताको आन्दोलनले उचाइ हासिल गर्दै गएपछि तत्कालीन विद्रोही पक्ष र सत्ता पक्षबीच शान्तिवार्ता गर्ने सहमति भएको थियो । तत्कालीन माओवादीका तर्फबाट डा. बाबुराम भट्टराईको नेतृत्वमा वार्तांटोली गठन गरी दोस्रो चरणको वार्ता डाडको हापुरेमा चलिरहेको थियो । वार्ताको नाटक मञ्चन गरेर क्रान्तिकारीहरूलाई सखाप पार्ने रणनीति पुरानो सत्ताले भित्रभित्रै बनाइरहेको रहेछ भन्ने कुरा दोरम्बाको नरसंहारबाट स्पष्ट हुन्छ ।

वार्ताको आचारसंहिता दुवैतर्फबाट बनाइएको थियो । दुवैतर्फबाट कुनै पनि फौजी आक्रमण नगर्ने, तत्कालीन शाही सेना ब्यारेकभन्दा पाँच किलोमिटर बाहिर नजाने, माओवादीका तर्फबाट पनि सोही नियम लागू गरिएको थियो । शान्तिवार्ता चलिरहेको अवस्थामा रामेछापको दोरम्बामा पार्टीको आन्तरिक छलफलका लागि जिल्ला इन्चार्ज कमरेड ललितलगायत जिल्लास्तरीय नेता-कार्यकर्ताहरू छलफलमा अघिल्लो दिनदेखि जुट्दै थिए । छलफलमा भाग लिने क्रममा तत्कालीन विद्रोही पक्षका रामेछाप जिल्ला जनसरकार प्रमुख तथा रामेछापका जनप्रिय नेता क. बाबुराम तामाङ 'पुष्प' पनि सहभागी हुनुहुन्थ्यो । शान्तिवार्ता चलिरहेको अवस्थामा तत्कालीन राज्यका तर्फबाट यस्तो षड्यन्त्र होला भन्ने कसैले एकरत्ति पनि सोचेका थिएनन् । युद्धरत पार्टी र सत्तामा बस्नेहरूबीच शान्तिवार्ता हुन्छ भने जेनेभा महासन्धिको नियम पालना गर्नुपर्ने हुन्छ । तर तत्कालीन हत्यारा शाही सरकार र त्यसको भरौटे शाही सेनाले जेनेभा सन्धिको घोर उल्लङ्घन गर्दै दोरम्बामा माओवादी नेता तथा कार्यकर्ताको जमघट भएको खबर पाएर तत्कालीन शाही सेनाका हत्यारा जल्लाद मेजर राममणि पोखेलको नेतृत्वमा रामेछापको मन्थलीबाट फन्डै १९ किलोमिटर टाढा पैदल यात्रा गरेर कार्यक्रम भएको स्थल स्थानीय शिक्षक युवराज मोक्तानको घर पूरै घेरा हाली अन्धाधुन्ध गोली फायर गरेको थियो । सामान्य सेन्ट्रीमा बसेका माओवादी योद्धालाई घटना स्थलमा नै गोलीद्वारा ढालिएको थियो ।

केही कमरेडहरू आततायी जल्लादहरूको घेरा तोडेर भाग्न सफल भएका थिए भने बाबुराम तामाङलगायत बाँकी १९ जना होनहार योद्धाहरूलाई आँखामा कालोपट्टी र हातपछाडि डोरीले बाँधेर झन्डै एक घन्टाको बाटो हुँदै डाँडाकटेरीमा पुऱ्यायो । डाँडाकटेरीमा पुऱ्याएपछि आत्मसमर्पण गर्न कासन दिइयो तर आत्मसमर्पण गरेर कायरतापूर्ण जीवन जिउनुभन्दा क्रान्तिका निम्ति हाँसीहाँसी बलिदान गर्नु महान् ठानेर ती महान् मान्छेहरूले दुस्मनलाई घृणा गर्दै महान् जनयुद्ध जिन्दाबाद ! हत्यारा शाही सरकार मुर्दावाद ! जनयुद्ध जारी छ ! वीर सहिद लालसलाम ! भन्दै डाँडाकटेरी गगनभेदी नाराले गुन्जियो । भाडाका जल्लादहरूलाई त्यो नारा बम र बारुद साबित भयो र लाममा राखेर सबैलाई एउटै चिहान बनाइयो । १९ जना डाँडाकटेरीमा र २ जना कार्यक्रम स्थलमा गरी २१ जना महान् सपूतहरूको रगतले दोरम्बा पुरै रक्ताम्मे भयो । नेपालको जनयुद्धमा अर्को आयाम थपियो ।

जनयुद्धका तत्कालीन नेतृत्वहरू पटकपटक सरकारको नेतृत्व गर्ने ठाउँमा पुगे पनि दोरम्बा हत्याकाण्डका अपराधीहरूलाई कारबाही गर्ने कुनै छनक देखाएनन् । बरु उल्टै मानसम्मान गरे । उल्टै नेताहरूले नै आत्मसमर्पण गरे । आफैँले कार्यान्वयनमा ल्याएको विचारलाई हत्या गर्दै सुखसयल र विलासी जीवन जिउन थाले । आज दोरम्बालगायत देशैभरिका दसौँ हजार महान् सहिदहरूको रगत बालुवामा पानी हालेजस्तै भएको छ । ती महान् सहिदहरूको सपना पजेरो र महलमा साटिएको छ । घाइते एवम् बेपत्ता योद्धाहरूको कुनै खोजबिन छैन ।

तत्कालीन जनयुद्धको मूल नेतृत्व विचारमा स्खलित हुँदै तिनै पुरानो संसदीय व्यवस्थालाई मलजल गरिरहेका छन् भने तिनै जनयुद्धबाट आएका सचेत क्रान्तिकारीहरूले आफ्नै पहलमा

... बाँकी पृष्ठ ७ मा

पृष्ठ १ बाट क्रमशः

# अर्थव्यवस्थाका आधारभूत तत्व

भएका उद्योगहरू बन्द गर्ने, नयाँ उद्योगहरू नखोल्ने र उद्योगहरू खोलिहाले पनि विदेशी पुँजीपतिहरूको लूटका लागि खोल्ने नेपालको राज्यको नीतिले सम्पूर्ण देश र जनतालाई कङ्गाल बनाउँदै आएको हो । नेपालको सत्तासीन दलाल पुँजीवादी वर्गले किन आफ्नो देशका उद्योगहरू बन्द गर्ने र विदेशी पुँजी मात्र लगानी गर्ने नीति बनायो ? यसका पछिका तमाम तर्कहरू छन् । उनीहरूको मुख्य तर्क रहेको छ- उदारीकरणको नीतिभित्र कुनै पुँजीपतिले लगानी गरेर देशमा विकास गरिदिन्छ भने देशले आर्थिक विकासका लागि किन सम्पत्ति आर्जन आवश्यक पर्दैन । केवल लगानीकर्ताको सम्पत्तिको रक्षा गर्ने कानुन निर्माण गर्ने र देशलाई भाडामा चलाउने अवस्था दिए पुग्छ । संसद्वादी दलाल पुँजीवादीहरूको मुख्य तर्क यही हो ।

कम्युनिस्टका नाममा समाजवादमा सङ्क्रमणको भ्रम उत्पन्न गरेपछि त्यसले मानिसमा एउटा वास्तविक भ्रम पैदा गर्छ र मानिसमा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी हुनुको तात्पर्य सरकारको विरोध गर्ने मात्र त होइन भन्ने संशय पैदा गरेको हुन्छ । यसप्रकारको संशय मेटाउनका लागि हामीले समाजवादको वास्तविक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वैचारिक चरित्र कस्तो हुन्छ भन्ने विषयमा स्पष्ट गर्नुपर्छ र जनताको परिवर्तन देखिनुपर्ने आधारभूत क्षेत्रमा बहस गर्नुपर्ने आवश्यकता हुन आउँछ ।

सामाजिक चेतनाका क्षेत्रमा राजनीतिक रूपले जतिसुकै परिवर्तन आएको भनिए पनि र पुँजीवादी व्यवस्थाभित्र जतिसुकै सुधार ल्याइए पनि आर्थिक रूपले जनतामा परिवर्तन ल्याइएन भने त्यो वास्तविक राजनीतिक परिवर्तन हुँदैन । त्यो राजनीतिक परिवर्तन वास्तविक रूपमा सत्तासीन पुँजीवादी वर्गका लागि मात्र भइरहेको हुन्छ । रूपमा परिवर्तन देखिने तर सारमा पुरानो पुँजीवादी संसदीय व्यवस्थाको निरन्तरता देखिनु पुँजीवादी सुधारको चरित्र हो । सामाजिक दलाल पुँजीवादी सरकारले नाराका रूपमा 'गणतन्त्रको उपहार, गाउँ-गाउँ सिंहदरबार' र 'समृद्ध नेपाल, सुखी नेपाली' भन्झाउने गरेको भए पनि सारमा 'गाउँ-गाउँ सिंहदरबार, गाउँ-नगर भ्रष्टाचार' र 'दुःखी नेपाली कङ्गाल नेपाल' का रूपमा व्यवहार हुँदै आएको छ । यसको खास कारण के हो भने जनताको आन्दोलनले नेपाली जनतामा अभूतपूर्व राजनीतिक चेतनामा परिवर्तन आए पनि राजनीतिक व्यवस्थामा परिवर्तन हुन सकेन र त्यसले मानिसको आर्थिक रूपान्तरण पनि भएन । वास्तविक राजनीतिक परिवर्तन त्यति बेला अभिव्यक्त हुन्छ जब राजनीतिक व्यवस्थाअनुसारको आर्थिक नीति लागू हुन्छ र त्यसले जनताको जीवनमा प्रत्यक्ष प्रगतिको प्रभाव देखाउँछ । त्यसप्रकारको राजनीतिक र आर्थिक प्रणाली भनेको वैज्ञानिक समाजवादी राजनीतिक आर्थिक प्रणाली हो । नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन, एकीकृत जनक्रान्तिको कार्यदिशासहित नेपाली क्रान्तिको पुनर्सङ्गठन भइरहेको नेपालका सन्दर्भमा नेपाली कम्युनिस्ट आन्दोलनले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा गम्भीर रूपमा देखापरेका तमाम विषयहरूलाई सम्बोधन गर्नु पर्नेछ । त्यही विषयमध्येको एउटा विषय हो कम्युनिस्ट आन्दोलनमा र समाजवादी सत्तामा अपनाइने राजनीतिक अर्थप्रणाली ।

यसप्रकारको आर्थिक प्रणालीका विशेषताहरू के हुन् र किन अहिलेको नेपालमा चलिरहेको अर्थप्रणाली दलाल पुँजीवादी अर्थप्रणाली हो भन्ने विषयमा हामीले स्पष्ट हुनु आवश्यक छ । यसै विषयमा स्पष्ट गर्न समाजवादी आर्थिक प्रणालीका आधारभूत प्रश्न बुझ्नका लागि अर्थप्रणालीका केही आधारभूत विषयमा यहाँ छलफल गरिएको छ ।

### सम्पत्ति

सम्पत्ति सम्बन्धमा मानिसको धारणाले कसरी प्राकृतिक नियमको अनुसरण गरिरहेको हुन्छ भन्दै मार्क्सले गहिरो विश्लेषण गर्नुभएको थियो । मार्क्सले भन्नुभएको छ, 'प्रकृतिले आफैँ सम्पत्ति र गरिबीबीचको प्रतिवादको मोडेल रूख तथा लताहरूमा सुकेका, भाँचिएका साना हाँगाहरू, जैविक जीवनबाट अलग भएकाहरू एक किसिमले र अर्को गहिरो गरी जराहरू गएका, पूर्ण रस प्राप्त गरेका र जैविक रूपमा हावा, प्रकाश, पानी र माटो प्राप्त गरेका, स्वाभाविक र सही प्रकारले विकास भएका फरक हुने तथ्य प्रस्तुत गरेको हुन्छ । यो गरिबी र सम्पत्तिको शारीरिक तथा पारस्परिक प्रतिनिधित्व हो । मानवजातिले गरिबीसम्बन्धी यही अनुभूति गर्छ र यही अनुभूतिबाट मानिस पनि धनी हुने अधिकार राख्छ भन्ने शीघ्र निष्कर्षमा पुग्छ ।' मार्क्सले तर्क गर्नुभएको छ जसरी धनी मानिसले सम्पत्ति सडकमा मागेर दानबाट प्राप्त गर्न सक्दैन, त्यस्तै गरी गरिबी पनि मानिसका लागि प्रकृतिले दान दिएको हुँदैन । मानिसले क्रियाशीलताद्वारा श्रमको लगानी गरेर प्रकृतिबाट सम्पत्ति जम्मा गर्ने हो र त्यो सम्पत्ति मानिसको एकल प्रयासले होइन, सामूहिक प्रयासले पैदा गरिएको हुन्छ ।

नेपालको सत्तामा बसेका धेरै मानिसहरू नेपाली जनता गरिब हुनु प्राकृतिक, भौगोलिक र तकदिरको नियम भएको व्याख्या गर्छन् । यही प्राकृतिक नियमका कारण नेपालीसँग सम्पत्ति नभएको भन्ने उनीहरूको निष्कर्ष छ र उनीहरूले कुनै पनि विकासको काम गर्न सकिँदैन भन्ने तर्क गर्दै आएका छन् । सम्पत्ति नहुनु र गरिब हुनुको बाध्यताले उनीहरूको तर्क रहेको छ, देशको विकासको काम सबै सम्पत्ति भएका मुलुकहरू वा ठूला पुँजीपतिहरूलाई दिनु नेपालीको आर्थिक नीति हुनुपर्छ । उनीहरूले तर्क दिने गरेका छन्- जुन देशले वा जुन व्यापारीले नेपालमा विकास गरेको हुन्छ त्यसमा उनीहरूले गरेको विकास बोकेर आफ्नो देशमा लैजाने हुँदैन । त्यो कालान्तरमा नेपालको सम्पत्ति नै हुनेछ । उनीहरूको तर्क रहने गरेको छ- यसप्रकारको विकासबाट देश र जनताले फाइदा उठाउन सक्नुपर्छ । यही नीतिमा आधारित हुँदै नेपालको दालल पुँजीवादी सत्ताले सिङ्गो देशलाई विदेशी पुँजीपतिहरूबाट एक प्रकारले ठेक्कामा चलाउने अवस्थामा पुऱ्याएका छन् । सम्पत्ति नभएको तर्क दिँदै देश चलाउनका लागि भएका सबै उद्योगहरू बिक्री गरिएका छन्, देशका सबै खनिजहरू, सबै नदी-खोलाहरू र जङ्गल-जडीबुटी विदेशी पुँजीपतिहरूलाई दिइएको छ । देशका दलाल पुँजीवादी शासकहरूले देश कङ्गाल भएको, सम्पत्ति नभएको, देशको भौगोलिक विकटता भएको, सम्पत्ति उत्पादन गर्नका लागि सहज नभएको गलत सन्देश प्रवाहित गर्ने प्रशिक्षण स्कुल, कलेज र विश्वविद्यालयमा फरमान गर्दै आएका छन् र यही शिक्षामार्फत सम्पूर्ण नागरिक र देशबासीमा यो मनोविज्ञान विकास हुने गरेको छ- नेपाली जाति प्राकृतिक रूपले नै कङ्गाल हुन् र सम्पत्तिविहीन हुन्छन् । यो धारणाले समस्त श्रमजीवीमा सम्पत्तिप्रति वितृष्णा पैदा गरेको छ र त्यसको फाइदा केही सामन्त, नोकरशाह र अहिले दलाल पुँजीवादीहरूले उठाइरहेका छन् ।

सम्पत्ति के हो र कसरी जम्मा हुनसक्छ भन्ने विषयमा सामान्य छलफल यहाँ गरिन्छ । मानिसको उपयोगका लागि प्राकृतिक स्रोतबाट मानिसले आफूसँग जम्मा गरेको धनदौलत सम्पत्ति हो । यो सम्पत्ति व्यक्ति, समुदाय, समाज हुँदै राज्यसँग सञ्चित र निक्षेपित हुँदै जान्छ । राज्यसँग जति धेरै पुँजी हुन्छ मानिसको सम्पत्तिमा त्यत्तिकै वृद्धि हुन्छ । त्यसको अर्को पाटो जनतासँग जति धेरै सम्पत्ति हुन्छ राज्यसँग पनि त्यति नै मात्रामा पुँजी जम्मा हुन जान्छ । पुँजी र सम्पत्तिका बीचको यो अन्तरसम्बन्ध रहेको हुन्छ । विभिन्न देशले जनता र देशको सम्पत्ति आर्जन गर्न अनेक प्रयत्न गरेको हामी पाउँछौँ । देशमा उद्योगहरूको सञ्चालन, कृषिमा औद्योगीकरण, आधुनिक औजारहरूको अन्वेषण, देश-विदेश व्यापार मानिसको सम्पत्ति सङ्कलन र सञ्चय गर्ने साधन हुन् । समाजको विकासअनुसार मानिसको सम्पत्तिका रूपहरू पनि फरक अवस्थामा विकास भएका छन् । दासयुगमा खेती गरिएको जमिन, पालिएका जनावर र दासहरू सम्पत्ति हुने गर्थ्यो । सामन्ती युगमा खेती गरिएको जमिन, उत्खनन गरिएको धातु, फलाइएको अनाज र आर्जन गरिएको धन सम्पत्ति हुने गर्थ्यो । पुँजीवादी युगमा सम्पत्तिको दायरा धेरै फराकिलो भएको छ । पुँजीवादी युगमा देशको सम्पूर्ण जमिन, सम्भावित खानी भएको धातु र प्राकृतिक स्रोत मात्र सम्पत्ति होइन, प्राकृतिक स्रोतबाट पैदा गरिएका उपज, उत्पादन, उपार्जन, निर्माण गर्नका लागि प्रयोग गरिने औजारहरू र त्यसको उत्पादन, व्यवस्थापन र वितरण गर्न प्रयोग गरिने संरचना सम्पत्ति हो ।

सम्पत्ति आर्जन र आर्जित सम्पत्तिको रक्षा गर्नका लागि पुँजीपति वर्गले अनेक प्रयत्न गरेको हुन्छ । यसका लागि पुँजीपति वर्गले कमजोर देशहरूलाई नियन्त्रणमा लिने, औपनिवेशिक बनाउने र त्यो देशको सम्पत्ति लूटखसोट गर्ने काम पनि हुँदै आएको छ । भारतलाई अङ्ग्रेजहरूले उपनिवेश बनाउनु, भारतले नेपालको लिम्पियाधुरादेखि सुस्ता-महेशपुरसम्म हडप्न खोज्नु, नेपालका करिब ९०० स्थानमा सिमाना मिच्नु देशको सम्पत्तिमा वृद्धि गर्ने विधि हुन् । सम्पत्तिमा जति वृद्धि भयो त्यसको विकास, रक्षा र विस्तारका लागि सैन्य शक्ति निर्माण गरेको हुन्छ र त्यसको विपरीत राज्यसँग जति सम्पत्ति कम हुँदै गयो, सम्पूर्ण सामर्थ्यको विकास हुन सक्दैन । सैन्य शक्ति, औद्योगिक उत्पादन, वैदेशिक व्यापार सम्पत्तिको निक्षेपले निर्धारण गर्छन् । सैन्य शक्तिको बलमा मानिसले राज्यको सम्पत्ति वृद्धि गरेका छन् । प्रचुर सम्पत्ति कमाएका शक्तिशाली व्यक्तिहरूले निरन्तर कमाइ गरिरहनका लागि सामान्यतया जमिन, मौजा, देश हडप्ने मात्र होइन, त्यसलाई औद्योगिकीकरण गर्ने र सम्पत्ति निर्माणमा तीव्रता दिने गरेका छन् ।

नेपाल भारतको नवउपनिवेशमा परेको छ जसका पीडा नेपाली जनताले सम्पत्तिको उपार्जन र रक्षामा भोग्नु परेको हामी देख्न पाउँछौँ । उपनिवेशमा परेको देश र ऋणमा परेको व्यक्ति उस्तै हुन् । जसरी ऋणमा परेको व्यक्तिले साहूको ऋण भुक्तानी गर्न आफ्नो घरको सम्पूर्ण सम्पत्ति समाप्त गरेको हुन्छ त्यस्तैगरी उपनिवेशमा परेको देशले उपनिवेश गर्ने देशको अनियन्त्रित लूट भोग्नुपरेको हुन्छ र उसको सैन्य खर्च, विकास खर्च, प्रशासनिक खर्च ऋणका रूपमा विभिन्न माध्यमबाट तिर्नु परिरहेको हुन्छ जसको कारण देशको सम्पत्ति घट्दै गइरहेको हुन्छ र देश दिन-प्रतिदिन ऋणी, गरिब र कङ्गाल हुन पुग्छ । जसरी छिमेकी भारत, चीनलगायत जति देशहरू साम्राज्यवादको उपनिवेशमा परे उनीहरूले उपनिवेशकालमा ठूलो सम्पत्ति गुमाए र ती देशका त्यतिबेलाका जनताले ठूलो कष्टपूर्ण जीवन व्यतित गर्नुपऱ्यो त्यसैगरी नवऔपनिवेशिक अवस्थामा रहेको नेपाल अहिले दिन-प्रतिदिन कङ्गाल हुने गरेको छ ।

देशका जनतामा हुने सम्पत्तिको सम्बन्ध राज्यको नीतिबाट निर्धारित हुन्छ । राज्यले जनताको सम्पत्ति वृद्धि गर्ने नीति बनाउँदा जनता सम्पन्न हुने गर्छन् । राज्यको नीति त्यसको विपरीत हुँदा जनता गरिब र कङ्गाल हुने गर्छन् । नेपालको राज्यको नीति देशलाई सम्पन्न बनाउने होइन, केही व्यक्तिहरूलाई धनी बनाउने र समस्त नागरिकलाई गरिब बनाउने रहँदै आयो । नेपालको राजनीतिक व्यवस्था हेर्ने हो भने त्यसले राज्यको सम्पत्ति समाप्त गर्ने, देश र जनतालाई सम्पत्तिविहीन बनाउने नीति बनाइरहेको छ । भएका उद्योगहरू बन्द गर्ने, नयाँ उद्योगहरू नखोल्ने र उद्योगहरू खोलिहाले पनि विदेशी पुँजीपतिहरूको लूटका लागि खोल्ने नेपालको राज्यको नीतिले सम्पूर्ण देश र जनतालाई कङ्गाल बनाउँदै आएको हो । नेपालको सत्तासीन दलाल पुँजीवादी वर्गले किन आफ्नो देशका उद्योगहरू बन्द गर्ने र विदेशी पुँजी मात्र लगानी गर्ने नीति बनायो ? यसका पछिका तमाम तर्कहरू छन् । उनीहरूको मुख्य तर्क रहेको छ- उदारीकरणको नीतिभित्र कुनै पुँजीपतिले लगानी गरेर देशमा विकास गरिदिन्छ भने देशले आर्थिक विकासका लागि किन सम्पत्ति आर्जन आवश्यक पर्दैन । केवल लगानीकर्ताको सम्पत्तिको रक्षा गर्ने कानुन निर्माण गर्ने र देशलाई भाडामा चलाउने अवस्था दिए पुग्छ । संसद्वादी दलाल पुँजीवादीहरूको मुख्य तर्क यही हो ।

विश्वबजार तथा कच्चा पदार्थमाथि नवऔपनिवेशिक तरिकाले नियन्त्रण गर्न साम्राज्यवादले उदारीकरण, निजीकरण र भूमण्डलीकरणको नीति बनायो । यो नीतिअन्तर्गत सम्पत्ति हुने देशहरूले विश्वको बजार कब्जा गर्न सम्पूर्ण सीमारेखाहरू समाप्त गरे । यसले देश-देशका बीचमा सम्पत्तिको अन्तर मात्र पैदा गरेन, एक देशभित्रका मानिसहरूका बीचको अन्तर पनि धेरै फराकिलो बन्यो । सम्पत्तिको व्यक्तिगत केन्द्रीकरण वास्तवमा राष्ट्रका बीचको केन्द्रीकरणको प्रक्रियाको अभिन्न हिस्सा हो । भारतजस्तो देशमा उदारीकरण लागू गरेपछि देशका १ प्रतिशत धनाढ्यहरूको हातमा ५१ प्रतिशत सम्पत्ति केन्द्रित भएको छ । १० प्रतिशत उच्च घरानियाको हातमा ८० प्रतिशत सम्पत्ति केन्द्रित भएको छ र बाँकी २० प्रतिशत सम्पत्ति ८० प्रतिशत जनताको भागमा वितरित छ । एकातिर देशको ८० प्रतिशत जनता गरिबीमा रहनुपर्ने र अर्कोतिर मुठ्ठीभर मानिसहरूमा सम्पूर्ण सम्पत्ति केन्द्रीकरण हुनु साम्राज्यवादले लागू गरेको उदार पुँजीवादी नीति भूमण्डलीकरण, निजीकरण र उदारीकरणको प्रभाव हो । मुठ्ठीभर धनाढ्यहरूको हातमा तीव्र रूपमा हुने केन्द्रीकरणले देशको सम्पत्ति विदेश पलायनको सङ्केत गर्छ । त्यस्तैगरी भारतीय पुँजीवादीहरू पनि अहिले भारतीय सम्पत्ति 'पुनर्वितरण' गर्नुपर्ने तर्क गरिरहेका छन् । अमेरिकाजस्तो देशमा १ प्रतिशत धनाढ्यहरूको हातमा ८० प्रतिशतभन्दा बढी सम्पत्ति केन्द्रित भैसकेको छ । विश्वका ५० जना मानिसको हातमा विश्वको आधा जनसङ्ख्याको सम्पत्ति केन्द्रित हुनु उदार पुँजीवादले पैदा गरेको भयावह अवस्था हो ।

उदार पुँजीवादी अर्थप्रणालीका कारण सम्पत्तिको अप्राकृतिक केन्द्रीकरण विश्वका सबै देशहरूमा मौलाएको छ । पुँजीपतिहरूले उद्योगहरू नभएका देशहरूमा उदारीकरणको नीतिअन्तर्गत पुँजी लगानी गर्ने र त्यहाँको बजार कब्जा गर्ने काम गरे । उनीहरूले न केवल त्यो देशमा सामान उत्पादन गर्ने काम गरे, अपितु त्यहाँ सस्तो मूल्यमा भए पनि रोजगारी सिर्जना हुने भयो र केही हदसम्म राज्यलाई कर तिर्ने काम पनि भयो जसको कारण देशबासीको नरम रुझान पैदा भयो र त्यही मनोविज्ञानको बल्छीमार्फत एकाधिकार पुँजीपति वर्गले देशको प्राकृतिक साधन, स्रोतहरू र मानिसको श्रममाथि नियन्त्रण जमाउन पुग्यो । यसप्रकारको साम्राज्यवादी पुँजीले लुटिने देशका मानिसहरूका अस्थायी रूपमा भए पनि तत्कालको रोजगारी दिने काम गरेको हुन्छ जसले मानिसमा उदार पुँजीवादप्रति गहिरो भ्रम खडा गरेको हुन्छ र क्रान्तिको आवश्यकता, स्वतन्त्रता, स्वाधीनता र मानिसको वास्तविक जीवनका बीचमा कठोर पर्खाल खडा गरेको हुन्छ । यो दुर्दशाको सिकार विकसित देशहरूको जनआन्दोलन मात्र होइन, नेपाल, बङ्गलादेशजस्ता अल्पविकसित देशहरूमा बढी देखा पर्छ । यसले सामान्य रूपमा मानिसमा यउटा भ्रम उत्पन्न गरेको हुन्छ र यो सामान्य प्रकारको रोजगारी र उत्पादनलाई विकास माने र सामान्य प्रकारको करलाई राज्यसञ्चालनको साधन माने संसद्वादीहरूले राष्ट्रिय उद्योगहरू अरू कमजोर बनाउने, साम्राज्यवादको लूटका लागि अझ प्रोत्साहित गर्न मद्दत गर्छ र जनतालाई अझ कङ्गाल बनाएको हुन्छ ।

सम्पत्तिमाथि साम्राज्यवादी लूट, देश चलाउन नेपालजस्ता उत्पीडित देशहरूले हरेक कदममा साम्राज्यवादको आश्रय लिनुपर्ने अवस्था र देशमा पुँजी विकासको प्रक्रियामा बन्ध्याकरणले सम्पत्ति आर्जनको आधारभूत बिन्दुमा त्यहाँका दलाल पुँजीवादी शासकहरू कहिल्यै पुग्न सक्दैनन् किनकि उनीहरूको परिभाषामा सम्पत्ति आर्जन गर्ने यो सिद्धान्त पिछडिएको उत्पादन सम्बन्ध हुन पुग्छ तर कुनै पनि समाज जतिसुकै विकसित भए पनि आधार भूत प्रश्न छाड्यो भने त्यो कहिल्यै धनी हुन सक्दैन र जति सम्पन्न देशहरू छन् उनीहरूले यो आधारभूत बिन्दुलाई छाडेका हुँदैनन् । सम्पत्ति आर्जन गर्नका लागि कुनै पनि मुलुकले आफ्नो देशको प्राकृतिक स्रोतहरू र मानव संसाधनका बीच संयोजन मिलाउन आवश्यक हुन्छ । प्राकृतिक स्रोतमाथि मानिसको श्रम मिलाएर मात्र सम्पत्ति बन्न जान्छ । सम्पत्ति आर्जन गर्ने नियम प्राकृतिक स्रोत जोड मानवीय श्रम हो । तसर्थ : प्राकृतिक स्रोत+मानवीय श्रम=सम्पत्ति हुन्छ । यसको तात्पर्य के हो भने नेपाली जनताले नेपालका प्राकृतिक स्रोतहरूलाई श्रमशक्तिसँग जोड्न सके भने मात्र सम्पत्ति पैदा हुन पुग्छ । नेपालमा प्राकृतिक स्रोत विदेशीहरूको हातमा दिने र मानवीय श्रम विदेशमा पठाउने प्रक्रियाले राज्यको सम्पत्ति जम्मा नहुने अवस्था मात्र होइन, भएको सम्पत्ति पनि समाप्त हुन पुगेको अवस्था उत्पन्न भयो । यही कारण हो- नेपाल एकदलीय पञ्चायत कालको भन्दा बहुदलीय पञ्चायतमा अन्तर्राष्ट्रिय ऋणमा डुब्न पुग्यो र त्यसपछिको गणतन्त्रात्मक संसदीय व्यवस्थामा कैयौँ गुणा बढी ऋणमा फसेको छ । हुनत विकसित देश ऋणमा पर्ने कुरालाई इन्कार गर्न सकिन्न । समाजवादी व्यवस्थामा पनि ऋण हुन सक्छ तर ऋणअनुसारको प्रतिफल नहुनु, ऋणको साँवाँ र ब्याज तिर्दा देशको आर्थिक आधार टाटपल्टनु औपनिवेशिक अथवा नवऔपनिवेशिक देशहरूको विशेषता हो । यही तथ्य नेपालका सन्दर्भमा लागू भैरहेको छ ।

प्राकृतिक स्रोतहरूमा श्रम लगानी गरेपछि पुँजी अथवा सम्पत्ति पैदा हुन्छ । प्राकृतिक स्रोतको कुनै मूल्य हुँदैन तर प्राकृतिक वस्तुका आफ्ना खास प्रकारका गुणहरू हुन्छन् । मानिसको उपयोगिताका हिसाबले प्राकृतिक स्रोतको मूल्य भिन्न प्रकारको हुन्छ । त्यस्तै मानिसको श्रम पनि भिन्न प्रकारको हुन्छ । मानिसले आफूलाई आवश्यक पर्ने वस्तुको उत्पादन गर्नु उत्पादक श्रम हो तर श्रमबाट मानिसका लागि आवश्यक पर्ने कुनै वस्तु उत्पादन हुँदैन भने त्यो अनुत्पादक श्रम हो । समाजमा मानिसले सामानको उत्पादन गर्नेदेखि बालबालिकाले खेल्नु पनि श्रम गर्नु हो । श्रम उपयोगी श्रम र अनुत्पादक श्रम हुने गर्छन् ।

मानिसको उपयोगी श्रमलाई प्राकृतिक सम्पदासँग जोडेपछि त्यो पुँजीमा रूपान्तरित हुन्छ । मानिसहरू नदीमा नुहाउनु, पौडी खेल्नु श्रम हो । त्यतिले मात्र मानिसका लागि आवश्यक पर्ने वस्तुको उत्पादन हुँदैन तर त्यही पानीमा विद्युत् उत्पादन गर्नका लागि गरिने श्रम, पिउनका लागि आयात गरिने श्रम, सिँचाइका लागि प्रयोग गरिने श्रम तथा स्वस्थ रहनका लागि उद्यानमा पानीको उपयोग गरिने श्रम उत्पादक श्रम हो ।

नेपालमा अहिलेको राज्यव्यवस्थाले श्रम र प्राकृतिक सम्पदालाई अलग गरेको छ । नेपाली जनता सम्पत्तिविहीन हुनुको प्रमुख कारण पनि यही हो । नेपालका शासकहरूले लामो समयदेखि देशका प्राकृतिक साधनहरू विदेशीको हातमा दिँदै आए । तमाम खानीहरू, जडीबुटी, प्रमुख जलस्रोत माथिल्लो कर्णाली, अरुण तीन, कोसी, गण्डकी, महाकालीलगायत प्राकृतिक स्रोतहरू विदेशीको हातमा दिएका छन् । यसले नेपाली जनतालाई प्राकृतिक स्रोतविहीन बनाउने प्रक्रिया चल्यो । यो प्रक्रिया अझ गति त्यतिबेला सुरु भयो जब नेपाली सत्तामा दलाल पुँजीवादीहरू हाबी हुन पुगे । नेपालका दलाल पुँजीवादीहरूले देशका जमिन, जङ्गल, जल, जडीबुटी सबै विदेशीको हातमा दिने काम मात्र गरेनन्, उनीहरूले देशको आर्थिक सार्वभौमिकतामा एकाधिकारवादी पुँजीपतिहरूको नियन्त्रणमा हुने गरी सम्झौता गरे । एकातर्फ देशको आर्थिक सार्वभौमिकता एकाधिकारवादी पुँजीपतिको हातमा दिइयो भने अर्कोतर्फ नेपाली युवाहरूलाई विदेश धपाइयो जसको कारण जनताले प्राकृतिक सम्पत्ति मात्र गुमाएन, राज्यको सम्पत्तिसमेत गुमाउन पुग्यो र जनता दिन-प्रतिदिन झन् कङ्गाल बन्यो ।

यसबाट हामी के निष्कर्षमा पुग्छौँ भने देशमा जबसम्म समस्त देशबासीले रोजगारी गर्ने व्यवस्था हुँदैन, जबसम्म श्रमशक्ति पूर्ण रूपमा स्वतन्त्र हुन सक्दैन, जबसम्म उत्पादक शक्तिले उत्पादनका साधनहरूमाथि स्वतन्त्रतापूर्वक नियन्त्रण गर्न सक्दैन, जबसम्म नेपालका प्राकृतिक स्रोतहरूमा श्रमशक्ति जोड्ने व्यवस्था हुँदैन तबसम्म वास्तविक रूपमा नेपाली जनताको सम्पत्तिको विकास हुन सक्दैन । जबसम्म विकासका नाममा साम्राज्यवादी पुँजी एकाधिकारका रूपमा प्रयोग भैरहन्छ तबसम्म देशको आर्थिक आधार र राजनीतिक उपरिसंरचनामा दलाल पुँजीको वर्चस्व कायम रहन पुग्छ र जबसम्म यसप्रकारको राजनीतिक अवस्था कायम रहन्छ तबसम्म देशमा हुने विकासले देशको सम्पत्ति वृद्धि गर्न कुनै पनि योगदान गर्न सक्दैन, त्यसको विपरीत देशको सम्पत्ति नोक्सान गर्ने, जनतालाई गरिब बनाउन र राष्ट्को आर्थिक अवस्था कङ्गाल बनाउन यसको प्रचुर भूमिका हुने गर्छ ।

(... क्रमशः अर्को अङ्कमा)

## सहिद रामवृक्ष यादवको ...

गरेका थिए ।

नेपालमा जनयुद्ध सुरुआतको समयमा केन्द्रीय तहबाट भएको यो ठूलो बलिदान थियो । तराईमा माओवादीको प्रभाव विस्तार रोक्ने देशी-विदेशी षड्यन्त्रमा यादवको हत्या भएको माओवादी निष्कर्ष थियो । रामवृक्ष यादवको हत्या भएको आज २६ वर्ष पुगिसकेको छ । रामवृक्ष यादवको स्मृति दिवसका अवसरमा महान् क्रान्तिकारी योद्धा, नेपाली कम्युनिस्ट आन्दोलनका अगुवा तथा तत्कालीन महान् नेपाली जनयुद्धका पहलकर्ता रामवृक्ष यादवप्रति नेपाल कम्युनिस्ट पार्टीले श्रद्धाञ्जली तथा सम्मान व्यक्त गरेको छ ।

तराई क्षेत्रमा सामन्त जमिनदारहरूले गाउँका जनतामाथि गरेको थिचोमिचो, अन्याय-अत्याचार देखेर त्यसको अन्त्य गर्न कम्युनिस्ट बनेका रामवृक्ष यादव होनहार इमानदार र कर्मठ योद्धा थिए । यादव वर्गप्रतिको इमानदारी र क्रान्तिप्रतिको निष्ठाभावले भरिएका व्यक्ति थिए । उनी कम्युनिस्ट क्रान्तिकारीहरूका लागि वैचारिक प्रेरणा र प्रतिबद्धताका अगुवाका रूपमा रहिरहनेछन् । नेकपाले प्रत्येक वर्ष भदौ २ गते यादवको स्मृतिमा विभिन्न कार्यक्रम गर्दै आएको छ ।

# फासिवादी दमनको प्रतिरोध



पूर्णबहादुर सिंह

प्रारम्भ

'हरूवा गोरुको छेरुवा दाउ' भनेझैँ केपी-पीकेको सामाजिक दलाल पुँजीवादी सरकार फासिवादी दमनको हथकण्डा प्रयोग गरेर आफ्नो आयु धानिरहेको छ। 'भ्रम छर्ने र दबाब दिने', 'वार्ता र दमन', 'सर्वदलीय सहमति र दमन' र अहिले 'कडाइ र कन्ट्रोल' जस्ता बासी रणनीतिहरूको प्रयोग गरिरहेको छ। इटलीको मुसोलिनी र जर्मनको हिटलरले विकास गरेको फासिवादको प्रयोग रुसको जार र चीनको च्याङकाइसेकहरूले पनि गरेका थिए। खै त श्रमिक जनतासँग जितेको ? गङ्गालालहरूलाई फाँसीमा लट्काउँदा पनि निरङ्कुश राणाशासन बच्न नसकेको इतिहास सर्वविदितै छ। सयौँ गङ्गालालहरू जन्मिएर राणाशासन अन्त्य भयो। गङ्गालालहरू मृत्युञ्जयी भए र राणाहरूको सर्मनाक पराजय। 'अजम्मरी पञ्चायत' ढल्यो। 'विष्णुको अवतार' को अन्त्य भयो। अहिलेका दलालहरूलाई श्री पशुपतिनाथले कल्याण गर्लान् वा नगर्लान्, हामीलाई अवगत एवम् विश्वास छैन तर आमजनताले भने छोड्नेवाला छैनन्। भाबी इतिहास पनि पुरानोको ध्वंस र नयाँको निर्माणकर्ताहरूको नै हुनेछ।

**क) प्रतिबन्ध किन ?**

**कारण एक**, 'गुप्तचर र सूचक व्यक्ति अत्याचारी शासकका मुख्य सहयोगी हुन्। मानिसको ध्यान अन्यत्र मोड्नु तथा आफूलाई आवश्यक बनाउन युद्ध गर्नु उनीहरूको प्रिय पेसा हो।' अरस्तुले भनेजस्तै विगतमा जनसङ्घर्ष, जनआन्दोलन र जनयुद्ध सम्झौतामा टुङ्गिए, जनतालाई धोका भयो। प्रतिक्रान्ति भयो। जनतामा निराशा उत्पन्न भयो। निराशालाई नयाँ आशामा बदल्दै, प्रतिक्रान्तिलाई नयाँ क्रान्तिमा पुनर्सङ्गठित गर्न नेपाल कम्युनिस्ट पार्टीको पुनर्गठन भयो। पार्टी जनतामा झाँगिँदै र जनप्रिय हुँदै गयो। त्यसपछि पार्टीले गर्ने हरेक कार्यक्रम, सभा-सम्मेलन, राजनीतिक अभियान, कामकारबाही आदि सबै दलाल सरकारका लागि टाउकोदुखाइ र आतङ्क बन्न थाले। यिनीहरूले भित्तामा लेखिने नाराहरूलाई मृत्युपत्र, शान्तिपूर्ण जुलुसहरूलाई शवयात्री, विशाल जनसभाहरूलाई अक्टोबर विद्रोह, खाद्य सम्प्रभुताका लागि थाल ठटाउँदा बन्दुकहरू पड्केको, एनसेलले ७२ अर्ब कर बुझाओस् भन्दा बमको आवाज सुन्ने आदिआदि। 'जब हामी सहिरहन्छौँ, हाम्रा दुस्मनहरूले गाली-गलौज र विभिन्न आरोप-प्रतिआरोप गर्छन्। जब बाटो बिराउँछौँ अनि प्रशंसा एवम् आशीर्वाद दिन्छन्' भनेर माओले भनेझैँ साम्राज्यवादीहरूले विश्वशान्तिका पक्षमा विशेष योगदान गरेको भनेर गोर्बाचोभलाई 'नोबेल शान्ति पुरस्कार' नै दिएर प्रशंसा गरेका थिए। साम्राज्यवादीहरूले गोन्जालोहरूलाई पागल, धर्मान्ध, रक्तपिपासु, पोलपोटवादी, जडसूत्रवादी, साम्प्रदायिक र लागूपदार्थमुखीको आरोप लगाएको कुरा पर्याप्त छ। नयाँ विचार र नेतृत्वसहित हामी राष्ट्र र जनताका पक्षमा समर्पित छौँ। युगीन कार्यभार पूरा गर्ने जिम्मेवारी एवम् उद्देश्यमा अघि बढिरहेका छौँ। एकीकृत जनक्रान्तिद्वारा दलाल पुँजीवादी सत्ताको खरानीमा वैज्ञानिक समाजवाद स्थापना गर्ने महाअभियानमा छौँ। तसर्थ नेपाल कम्युनिस्ट पार्टीलाई सामाजिक दलाल पुँजीवादी एवम् फासिवादी सरकारले प्रतिबन्ध घोषणा गऱ्यो। अन्य कुनै निमित्त कारण देखाउनुको तुक छैन।

**कारण दुई**, चुनावमा एमाले, काङ्ग्रेस, एमाओवादीलगायतले आफ्नो विचार, राजनीति र व्यवस्थाको असफलतालाई ढाकछोप गर्न र जनता ठग्न 'हामी मङ्गलग्रहबाट पहिलोपल्ट पृथ्वी (नेपाल) मा पाइला टेकेका छौँ। हामीलाई भोट दिनुहोस्', 'गाउँमा सिंहदरबार पुऱ्याउँछौँ, सुखी र समृद्धि बनाउँछौँ' भनेर जनतालाई भ्रमित गरेका थिए। केवल त्यो विचार, राजनीतिक व्यवस्था र ती प्रवृत्ति एवम् पात्रको नयाँ आगमन नभएर पुनरावृत्ति मात्र हो। 'मात्र संसदीय संवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सतारूढ वर्गको कुनचाहिँ सदस्यले संसद्मा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो।' (तेस्रो अध्याय, राज्य र क्रान्ति। सन् १८७१ मा पेरिस कम्युनको अनुभव। मार्क्सको विश्लेषण) मा लेनिनले सुन्दर ढङ्गले उल्लेख गर्नुभएको थियो। नेपालका राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, सुरक्षा, धार्मिक आदि क्षेत्रका दलालहरूले लेनिनको माथिको निष्कर्षभन्दा नयाँ के पो गरेका छन् र ? अहिले जनतामा छाएको आक्रोश नयाँ क्रान्तिमा सङ्गठित हुनेछ। आइनस्टाइनले 'पटक-पटक उही कुरा दोऱ्याएर फरक परिणामको अपेक्षा गर्नु पागलपन हो' भनेझैँ २००७ सालदेखि मूलतः ०४६ पछि विश्वमा बदनाम एवम् असफल दलाल संसदीय व्यवस्था नेपालमा अपवाद बन्ने कुरा हुँदैन। यो संसदीय पागलपनको वास्तविकताको मुकुन्डो धुजा-धुजा भइसकेको छ। जनताले दलालहरूको विचार, राजनीति र व्यवस्थाको नै विकल्प खोजिसके भन्ने अवगत भएपछि नै हामी प्रतिबन्धित भयौँ।

**कारण तीन**, बेलायती बुर्जुवा उदारवादका अनुयायी हारकोटले 'अब हामी सबै समाजवादी बनेका छौँ (we all are socialists now)। समाजवाद उन्मुख भन्ने श्री केपी-पीकेको एनसेल, निर्मला, वाइडबडी, सुन, चिनी, यती, स्टार, ओम्नी, ललिता, होलीवाइन, गोकुल, एमसीसीलगायत काण्डहरूको चाङ लाग्यो। दलाल तथा भ्रष्टहरूको अखडा सिंहदरबार गाउँमा कथित जनप्रतिनिधिहरूलाई मालामालको जागिर, चरम भ्रष्टाचार, मनगे कमिसन र चर्को करका रूपमा देखापऱ्यो। 'सुखी नेपाली र समृद्ध नेपाल' चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगार, कालोबजारी, राष्ट्रघात, जनघात, जनविरोधी हर्कत आदिमा परिणत भयो। अनि मुलुकलाई गृहयुद्धमा धकेलेर 'गन्जागोलमा गोल गर्ने' कुचेष्टा नै हाम्रो पार्टीमाथिको प्रतिबन्ध हो।

**कारण चार**, सिद्धान्त (विचार) र राजनीतिक सत्ताको सङ्कटमोचन। मार्क्सवाद-लेनिनवाद-माओवाद परित्याग गरेर सामाजिक दलाल पुँजीवादलाई व्यवहारतः लागू, वैज्ञानिक समाजवाद-साम्यवादलाई तिलाञ्जली दिएर विश्वमा बदनाम एवम् असफल दलाल संसदीय व्यवस्थालाई नयाँ हो भनेर जनतामा लाद्ने, सर्वहारा वर्गीय क्रान्तिको सिद्धान्त र मार्गलाई छोडेर दलाल पुँजीवादी व्यवस्थामा समाजवादको पुलिन्दा बाँड्ने, कम्युनिस्ट जीवनशैली, नैतिकता, सदाचार र आचरणबाट पतीत भएर नवधनाढ्य दलाल पुँजीपति वर्गमा बदलिए, राष्ट्रिय स्वाधीनताविरुद्ध साम्राज्यवाद, मूलतः भारतीय साम्राज्यवादको दलाल एवम् कठपुतली बने। यो दलाल पुँजीवाद सामाजिक फासिवादमा पतन हुँदैछ। यो जर्मनको सिदेमान र भारतको ज्योति वसुको पथमा बेलगाम अन्धाधुन्द कुदिरहेको छ। सङ्कटमा महासङ्कटका रूपमा प्रतिबन्ध आयो।

**कारण पाँच**, मरणासन्न विचार र सत्ताको बुख्याँचालाई जिउँदो मान्छे बनाएर जनता ठग्ने दाउ हो प्रतिबन्ध। 'त्यो बौद्धिक अन्धविश्वास जसले सिद्धान्तको अभावलाई लुकाएको हुन्छ र अभिव्यक्त गरेको हुन्छ, त्यही यिनीहरूको मुख्य मनोभाव हो।' के बोल्सेबिकहरू राज्यसत्ता थाम्न सक्छन् ? मा लेनिनले भनेझैँ दलालहरूको वैचारिक टाटपल्टाइ र सत्ताको सङ्कट चरम छ। यो नयाँ क्रान्तिको सुनामीमा रूपान्तरण हुनेछ। अबको विकल्प आर्यघाटको खरानी राजतन्त्र, काङ्ग्रेसी प्रजातान्त्रिक समाजवाद, केपी-पीकेको सामाजिक दलाल पुँजीवाद र बाबुरामको लोकतान्त्रिक समाजवाद होइन। वैज्ञानिक समाजवाद नै हो। यो प्रवाहलाई रोक्न अनि प्रतिबन्ध।

**ख) फासिवादी दमनको उद्देश्य**

उद्देश्य एक, राज्यआतङ्क र फासिवादी दमनद्वारा आफ्नो लूटको स्वर्ग बचाउने। दमनले जनप्रतिरोध जन्माउँछ र जनप्रतिरोध भयानक विस्फोट हो। जनप्रतिरोध जनक्रान्तिको एक आधार पनि हो। 'परन्तु लूटको माल अंशबन्डा गर्न, मन्त्री, सहायकमन्त्री, गभर्नर, जनरल आदिको ओहोदा टप्काउन भने कुनै प्रकारको विलम्ब गरिँदैन, न त संविधानसभाको नै प्रतीक्षा गरिन्छ। त्यो वास्तवमा 'लूटको माल' बाँडफाँट गर्ने र फ़ेरि बाँड्ने यसै अंशबन्डाको अभिव्यक्ति मात्र थियो जुन देशैभरि नै तलदेखि माथिसम्म नै, केन्द्रीय तथा स्थानीय प्रशासनको हरेक विभागमा चलिरहेको छ।' (दोस्रो अध्याय, राज्य र क्रान्ति। सन् १८४८-१८५१ को अनुभव) मा लेनिनले संश्लेषण गरेझैँ आफ्नो गल्ती छोप्न र क्रान्तिको महासारगरबाट बच्न झूट्टा मुद्दा, व्यापक गिरफ्तारीका रूपमा दलालहरूले राज्यआतङ्क मात्र होइन, फासिवादी दमन गरिरहेका छन्। तीन करोड जनता थुनेर राख्ने झ्यालखाना हो र देश ? परिणाम के होला ? दलालहरू।

उद्देश्य दुई, आफ्ना कमजोरीहरूको ढाकछोप गर्ने र जनआक्रोश मत्थर पार्ने। 'उच्च कोटिका ताराहरूमध्ये' धेरैजस्ता निःसन्देह पुँजीवादी नैतिकताद्वारा त्यत्तिकै भ्रष्ट भएका हुन्छन् 'पुँजीवादी अपुताली कायम राख्न खोज्ने' ढुकुटीचोरहरू र 'सलामी' तिर्ने बाध्यतालाई सफाचट गरेर मात्र सबैलाई मुक्त गर्न सकिन्छ' (सोभियत सत्ताका तात्कालिक कार्यभारहरू) मा लेनिनले भनेझैँ झापा आन्दोलन र जनयुद्धका भगौडा एवम् गद्दार केपी-पीकेलाई जनताको क्रान्तिलाई आतङ्क तथा अपराध देख्ने, प्रतिबन्ध लगाउने र सिदेमान-जोति बसुपथमा फासिवादी दमन गर्ने बुद्धि कुन 'भगवान्' ले दिएका हुन् ? 'कम्युनिस्ट' को धर्म क्रिस्चियन हो भन्थे पुष्पकमल र 'राम' नेपालमै जन्मेका हुन् भन्छन् खड्गप्रसाद। कतै उनीहरूकै देन त होइन ? कुचाले बढार्नु पर्दैन, हावाले नै उडाइरहेको छ।

उद्देश्य तीन, जनक्रान्तिका कोपिलाहरूमा डढेलो सल्काउने दुस्साहस। लेनिन, माओ र किम इलसुङहरू पनि त कुनै जमानामा सत्ताका लागि आतङ्ककारी थिए। साम्राज्यवादीहरूका अत्याधुनिक जेस्टार जासुसी भूउपग्रह, लेजर निर्देशित आईसीबीएम, ड्रोन आदि जनताका सामु नकाम छन्। तिमीहरू टाउकाको मूल्य तोक, प्रतिबन्ध लगाऊ वा फासिवादी दमन गर, अन्तिम जित जनताकै हुनेछ। कमरेडहरू सुदर्शन, वीरजङ्ग, रणवीर, ओम, शिलु, माइला, आदर्श, दीपेशलगायतलाई तिम्रा जेल-हिरासतमा राखेर दमन गर वा पाल ! अन्य सक्नेजति गर तर 'कम्युनिस्टहरू आफ्ना दृष्टिकोण र उद्देश्यहरूलाई लुकाउनु घृणास्पद कार्य ठान्छन्। उनीहरू हाकाहाकी घोषणा गर्दछन्- सम्पूर्ण वर्तमान सामाजिक व्यवस्थालाई बलपूर्वक ध्वस्त पारेपछि मात्र उनीहरूको उद्देश्य पूर्ति हुनसक्छ। साम्यवादी क्रान्तिको डरले शासक वर्गहरू थर्कमान होऊन्। सर्वहारावर्गले यसमा आफ्ना हतकडीशिवाय अरू केही गुमाउनु पर्दैन, बरु सम्पूर्ण संसार नै उनीहरूले प्राप्त गर्न सक्छन्' (मार्क्स-एङ्गेल्स सङ्कलित रचना, खण्ड १, पृष्ठ ८५) मा मार्क्सले भनेझैँ तिमीहरू धेरैपटक हार अनि हामी अन्तिमपटक जित्नेछौँ। धनरूप, तीर्थ, कुमार, रामकुमार र निरहरूलाई गोलीले हत्या गर ! उनीहरू त मृत्युञ्जयी भए तर तिमीहरू किन आतङ्कित ? हेगेललाई उद्धृत गर्दै महान् मार्क्सले भन्नुभएको थियो, 'विश्व-इतिहासमा ती सबै महत्वपूर्ण घटनाहरू तथा व्यक्तिहरू दुईपल्ट अविर्भूत हुन्छन् : पहिलोपल्ट दुःखान्त नाटकका रूपमा र अर्कोपल्ट प्रहसनका रूपमा।' (मार्क्स-एङ्गेल्स सङ्कलित रचना, खण्ड १, पृष्ठ १३३)। तिमीहरूका सबै बासी रणनीतिहरू नकाम र तिमीहरू जार र च्याङकाइसेक हुनेछौ। 'बेलोरुसभदेखि लिएर मार्तोभसम्म-पुँजीवादी समाजका यी कुकुरहरू एक पुरानो शिवल जङ्गल फाँड्दा जुन काठका छेस्काहरू निस्कन्छन् त्यसबारे हल्ला गर्दै गरून्। सर्वहारा हात्तीलाई भुक्नुबाहेक यी कुकुरहरूको अर्को कामै के छ र ? भुक्न दिनोस्।' (सोभियत सत्ताका तात्कालिक कार्यभारहरूमा) लेनिनले भनेझैँ ऐँजेरु दलालहरू हो, आमजनताले प्रतिबन्ध खारेज गरिसके र फासिवादी दमनको प्रतिरोध गरिरहेका छन्। आँखा र कान खोल, गुहार माग साम्राज्यवादी तिम्रा मालिकहरूसँग बचाऊ, बचाऊ, बचाऊ। तर जनताले छोड्नेवाला छैनन्।

**ग) प्रतिरोध किन ?**

दलाल पुँजीवादको पराजय अपरिहार्य छ। एकीकृत जनक्रान्तिको विजय अवश्यम्भाबी छ। हामी क्रान्तिकारीहरूले जनक्रान्तिका लागि यथासम्भव व्यापक रूपमा, साहससहित तथा तत्परतासहित जनक्रान्तिका उद्देश्यहरू सम्पूर्ण जनतासमक्ष राखिरहेका छौँ। दलालहरूको फासिवादी दमनका विरुद्ध जनताको आक्रोशलाई कसैले पनि दोषी ठहऱ्याउन सक्तैनन्। 'क्रान्तिहरू इतिहासका इन्जिन हुन्', कार्ल मार्क्सले (सन् १८४८- १८५० फ्रान्समा वर्गसङ्घर्षमा) भनेझैँ क्रान्ति कसैको लहड, इच्छा र रहर नभएर यो युगको अपरिहार्य आवश्यकता र हाम्रो दायित्व हो।

लेनिनकै शब्दमा 'जनक्रान्तिका कार्यभार विशुद्ध संसदीय सङ्घर्षका कार्यभारभन्दा हजार गुना बढी कठिन र बढी जटिल हुन्छन्।' नेपाली जनताले सबै चुनौतीको सामना र दमनको प्रतिरोध गरिरहेका छन्। 'समाजवादी क्रान्ति एकाङ्गी क्रिया, एउटै मोर्चामा मात्र एक्लो लडाइँ होइन, अपितु यो तीव्र वर्गसङ्घर्षहरूको एक पूरा युग नै हो। अर्थनीति तथा राजनीतिसम्बन्धी समस्त लडाइँहरूको एक पूरा सिलसिला हो। यो बुर्जुवा वर्गको अधिकारच्यूतमा मात्र पूरा हुनसक्छ।' (समाजवादी क्रान्ति र जातिहरूको आत्मनिर्णयको अधिकार) मा लेनिनले मार्मिक रूपमा उल्लेख गर्नुभएको थियो। यो केपीको झापा आन्दोलन र पुष्पकमलको पालाको जनयुद्ध होइन। मार्क्सले पेरिस विद्रोहलाई 'आकाशका विरुद्ध धावा बोलेका थिए' भनेझैँ हो- एकीकृत जनक्रान्ति। एकीकृत जनक्रान्ति १ प्रतिशतका विरुद्ध ९९ प्रतिशत आमजनताको आन्दोलन एवम् अभियान पनि हो। तसर्थ आमजनतालाई दलालतन्त्र स्वीकार्य छैन। राणा, पन्चे र राजतन्त्रात्मक संसदीय व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्ने आमनेपाली जनता आज मुठीभर दलालहरूका दास बन्न सक्दैनन्। नेपाली जनताले तिरेको करबाट तलब खाने सेना र पुलिसका जवानहरू दलालहरूको फाइदाका लागि ठाडो आदेशको भरमा भाडाका हत्याराको काम गर्न अब बाध्य हुने छैनन्। आफ्नो मुलुक र प्यारा आफन्तहरू छोडेर विदेशमा दलालतन्त्रका कारण गुलामको जिन्दगी बिताउन र दलालहरूलाई रेमिट्यान्स बुझाउन, ५५ डिग्रीको तापक्रममा काम गर्न विवश लाखौँलाख युवाहरू बाकसमा होइन, सकुशल स्वदेश फर्किनेछन् र बेरोजगारको कारक दलाल पुँजीवादी व्यवस्थाको टाउकोमा घन प्रहार गर्न तयार हुनेछन्। साम्राज्यवादी डाकुहरूको हितमा काम गर्ने दलालहरूको मुनाफाका लागि हाम्रो राष्ट्र र जनता जन्मनेबित्तिकै ऋणी हुनेछैनौँ। प्राकृतिक स्रोत-साधनहरू बेच्ने, कमिसन खाने तथा भ्रष्टाचार, कमिसन, महँगी, कालोबजारी, चर्को करबाट दलालहरूले सयौँ-हजारौँ खर्ब डलर लुटिरहेका छन्। हरेक डलरमा कलङ्कको छाप छ। प्रत्येक डलरमा रगतको दाग छ। अब कोही पनि दर्शक बन्न सक्दैनन्। दिदीबहिनीहरू विदेशको कालकोठरीमा दास र खेलौना बन्न सक्दैनन्। प्रेम गरेको र चुलो छोएका

... बाँकी पृष्ठ ७ मा

# यसरी मच्चाइएको थियो सीएमसीमा बन्दुक काण्ड



प्रकाश चन्द

नेपालमा सायद पहिलोपटक हुनुपर्छ चिकित्सा शिक्षाका क्षेत्रमा सङ्घर्ष र आन्दोलनको रापताप यो किसिमले फैलिएको। मेडिकल कलेजका विद्यार्थीहरू स्वतस्फूर्त ढङ्गले सडकमा आएर आफ्ना जायज मागका निम्ति सङ्घर्ष गरिरहेका थिए। अधिकांश विद्यार्थी-विद्यार्थीबीच एउटा बलियो भावनात्मक सम्बन्ध जोडिएको थियो र सबै विद्यार्थी एउटा परिवारजसरी हिँड्ने, खाने, बस्ने, सङ्घर्ष गर्ने गरिरहेका हुन्थे। भोलिको सङ्घर्षका लागि सबैजना साँझ बसेर तयारी गर्नु, कतिपय विद्यार्थीलाई हौसला दिनु, भोलि प्रहरीसँग केही अप्रिय घटना भएको अवस्थामा त्यस्तो परिस्थितिलाई सामना गर्न अर्को समूह पछाडि राख्नु, गाडी, माइकको व्यवस्थापन गर्नु यसैगरी विभिन्न समाज, समूहका बुद्धिजीवी र अग्रजहरूलाई सहयोग माग्नु र सल्लाह लिनु अनि राती अबेरसम्म साथीहरूसँग समूहगत छलफलमा सरिक हुनु मेरो र हामी सबैजसो विद्यार्थीको दैनिकी बनिसकेको थियो।

साथीहरूलाई विभिन्न विभागीय जिम्माहरूले आआफ्नो जिम्मेवारी निकै अनुशासित र जिम्मेवार पूर्वक बहन गरेको कुरा बिहान सबैको काम पूरा भएको देख्दा पत्ता लाग्थ्यो। सङ्घर्षका क्रममा लैङ्गिक समानता निकै मिलाएका थियौँ। अझ पछिपछिका दिनमा केटाभन्दा केटी साथीहरू सबै काम र योजनाहरूमा अग्रसर हुँदा सङ्घर्ष अझ सहज र सशक्त भएको महसुस हुन्थ्यो। हामीले विभिन्न मेडिकल कलेजका विद्यार्थी साथीहरूसँग निरन्तर सम्बन्ध र सम्पर्क बढाउने र बलियो पार्ने गरिरहेका थियौँ।

आआफ्नो सापेक्षता र शैलीमा देशका विभिन्न मेडिकल कलेजमा सङ्घर्ष उठिरहेका थिए र ती आन्दोलनहरूले सङ्घर्षको इपिसेन्टर चितवन मेडिकल कलेजमा अझ बढी ऊर्जा दिइरहेको थियो। चितवन मेडिकल कलेजको बाहिरी देखावटी मानवसेवा होस् वा विभिन्न भगवान्का नाममा गरिने भोज भनेर होस्, यी सबै विद्यार्थी र बिरामीलाई लुटिसकेपछि त्यो कालो धनलाई सेतो बनाउने, समाज सेवा अनि धर्मकर्मका नामबाट आफूलाई नैतिकवान् र समाजसेवी देखाउने र त्यही मुखुन्डो भिरेर अझ बढी विकृति भ्रष्टाचार, दलाली र माफियागिरी गर्ने मनसाय निकै डरलाग्दो थियो। यस्ता कारणले हाम्रो समाजमा एक किसिमको भ्रम पैदा गरिरहेको थियो र मानिसहरू भ्रमित पनि थिए। हो, यही भ्रमलाई चिर्नु हाम्रो सङ्घर्षको पहिलो उद्देश्य थियो।

देशका तराईका अधिकांश जिल्लाहरू डेङ्गुले आक्रान्त बनेका थिए। चितवन पनि यसबाट अछुतो थिएन। चितवन मेडिकल कलेजले त्यस्तो अवस्थामा पनि आईसीयूमा भर्ना भएका बिरामीबाट निकै महँगो मूल्यमा डेङ्गु किटको पैसा असुल गरिरहेको थियो। यी र यस्ता थुप्रै विषय हामीले बाहिरबाट माइकिङ गर्दा सीएमसी आफूमाथि परेको चौतर्फी दबावबाट बच्न सकेन र भोलिबाटै हामी डेङ्गु किट फ्रि गर्छौ भन्न बाध्य भयो। जनताहरूले अलिकति भए पनि राहत महसुस गरे तर योभन्दा निकै डरलाग्दो लुट गरिरहेको थियो सीएमसीले विद्यार्थी र अभिभावकमाथि। मुख्य रूपमा विद्यार्थी र अभिभावकमाथि भएको करोडौँको लुट र विभिन्न किसिमका मानसिक तनावहरूलाई समाधान गर्नु नै हाम्रो प्राथमिकताको विषय थियो।

आन्दोलन र सङ्घर्षका विभिन्न चरणमा विभिन्न किसिमका समस्या आउँथे भने ती समस्या हल गर्ने क्रममा दिन-प्रतिदिन सीएमसीको मुखुन्डो च्यातिइरहेको थियो। भजनकीर्तन गर्ने सीएमसीको भजनमण्डली र समाज सेवा गरेजस्तो गर्ने डलरवादी समूहहरू नैतिक रूपमा ढल्दै थिए, आमसमाजले उनीहरूतिर औँला उठाइरहेको थियो तर उनीहरूसँग आफूले गरेको विद्यार्थी, बिरामी र अभिभावकमाथिको लूट र शोषणको कुनै उत्तर थिएन। सीएमसीका हरकोही व्यवस्थापन पक्षका व्यक्तिलाई विद्यार्थी, अभिभावक, जनता, बिरामी र समाजले छिःछिः, दुर्दुर गरिरहेका थिए। हामीलाई सीएमसीको अझ डरलाग्दो लूट मच्चाइरहेको अनुहार बाहिर ल्याउनु थियो। हामी निरन्तर मेहनत गरिरहेका थियौँ। अझ बढी सङ्घर्ष र दुःख गरिरहेका थियौँ।

शान्तिपूर्ण रूपमा आन्दोलन गरिरहेका विद्यार्थीमाथि प्रहरी प्रशासनले सीएमसी प्रशासनको आदेशमा धरपकड गऱ्यो। थुप्रै सेतो एप्रोन लगाएका साथीहरू घाइते भए भने मलगायत १५ जना साथीहरूलाई प्रहरी लगाएर भाटा हान्दा र विद्यार्थीका अगुवाहरूलाई पक्राउ गर्दा समाधान हुन्छ भन्ने लागेको थियो तर परिस्थिति उल्टो भयो। देशैभरि यो खबर हावासरि फैलियो। सारा विद्यार्थी, अभिभावक र आमजनताको दबाब पऱ्यो र बाध्य भएर म र अन्य १५ जना साथीहरूलाई राति ११:३० बजे प्रहरी हिरासतबाट रिहा गर्न बाध्य भयो। यो घटना निकै क्रूर मानसिकताको पराकाष्ठा थियो। हिरासतका क्रममा हिरासतभित्र भएका षड्यन्त्र अनि त्यो षड्यन्त्रविरुद्ध हिरासतभित्रै हामीले गरेको मोर्चाबन्दीले हामीलाई भावुक त बनाएको थियो तर हामी अझ एकताबद्ध र कठोर भएका थियौँ। यो कदमबाट सीएमसी अझ बढी नाङ्गिएको थियो। उनीहरूको दादागिरी, माफियातन्त्र र दलालीको अझ उदाङ्गो रूप विद्यार्थी र जनताका बीचमा आएको थियो। अब हामीले यी माफिया र दलालहरूलाई पूर्ण रूपले ढाल्नु थियो र त्यसको तयारीमा जुट्नु थियो। हामी सबै विद्यार्थी, अभिभावक, नागरिक अगुवाहरू, बुद्धिजीवी, पत्रकारबीच विभिन्न चरणमा व्यापक छलफलहरू भए र योजनाहरू बने। ठूलो तयारीसहित हामी सबै विद्यार्थी साथीहरू चोकचोक, गल्लीगल्लीमा गएर कोणसभाहरू गऱ्यौँ। प्रत्येक कलेजहरूमा पुग्यौँ। पत्येक कक्षाकोठाहरूमा गयौँ। हरेक विद्यार्थीका बीचमा गयौँ। हामीमाथि भएको शोषण र लूटका बारेमा हरकोहीलाई भन्यौँ। सुन्ने-नसुन्ने, बोल्ने-नबोल्ने, देख्ने-नदेख्ने सबैलाई हामीले जानेअनुसार, भ्याएअनुसार विषय राख्यौँ। जहाँजहाँ गयौँ त्यहाँका भित्ताहरूमा माफियाका विरुद्ध मङ्सिर ८ गते सभा आह्वान गऱ्यौँ। अहिले सम्झिँदा पनि शरीरमा काँडा उम्रन्छ।

हो, हामीले हरसीमालाई पार गरेर मेहनत गऱ्यौँ। अब तयारीको लगभग सबै विभागका कामहरू सकिएको थियो र हामी ढुक्क थियौँ- यो शान्तिपूर्ण सभाले सारा जनताको आवाज बोल्नेछ र माफियाहरू काप्नेछन्। यत्तिकैमा मङ्सिर ७ गते आयो। म बिहानैबाट दौडधुपमा थिएँ। यो आन्दोलनलाई माफियाविरुद्धको महासङ्ग्राम भनेका थियौँ हामीले र त्यही स्तरमा तयारी पनि गरेका थियौँ। ७ गते हामीले चौबीसकोठीमा मञ्चको व्यवस्थापन गर्ने तयारी गऱ्यौँ। पानीको व्यवस्था मिलायौँ। माइकको तयारी गऱ्यौँ। सभामा सहभागीहरूको व्यवस्थापनका अन्य तयारीहरू गऱ्यौँ र पत्रकार भेटघाट गऱ्यौँ। यत्तिकैमा दिउँसोको २:३० बजिसकेको थियो। सीएमसीको होस्टेलमा व्यापक रूपमा पर्चा, पम्प्लेट र विभिन्न किसिमका कलात्मक ब्यानरहरू साथीहरू आफैँले बनाउँदै थिए। त्यो पनि अन्तिम चरणमा पुगेको थियो र त्यसको तयारीसहित अन्तिम छलफलमा मलाई साथीहरूले होस्टेलमा बोलाएपछि म त्यता हिँडेँ। साथीहरूसँग छलफल गर्दै साथीहरूले निकै रहरलाग्दो ढङ्गले बनाएका ब्यानरहरू हेर्दै थिएँ। आधा घन्टा मात्र भएको थियो, त्यहाँको गार्डले होस्टेल गेटमा प्रहरीले तपाईं र प्रवीणलाई बोलाएका छन् भनेर खबर लिएर आए। यो कुरा अरू साथीहरूले पनि थाहा पाइसकेका थिए र केही साथीहरूसहित म र प्रवीण गेटतिर जाँदै थियौँ। त्यहाँ गेटभित्र थुप्रै बर्दीधारी प्रहरीहरू थिए र त्यसको नेतृत्व एकजना इन्सपेक्टरले गरेका थिए।

त्यही भीडमा एकजना चिनेका सादा पोसाकका प्रहरी पनि थिए र उनले आफूतिर आउन इसारा गरे तर मलाई र प्रवीणलाई साथीहरूले जान दिएनन्। त्यसपछि उनी म भएतिर नै आए। केही विद्यार्थी साथीहरू गेटबाहिरको अवस्था हेर्न गए। मैले ती सादा पोसाकका प्रहरीसँग एकछिन गफ गरेँ। उनले अरू थाहा छैन, एकछिन अगाडि एउटा झोलामा शङ्कास्पद वस्तु लिएर एकजना नचिनेको मान्छे भित्र छिरेको छ रे, त्यसका लागि होस्टेल खानतलासी गर्नुपऱ्यो। तपाईंहरू कोही पनि बाहिर ननिस्कनुस् भने। मैले भनेँ- यो मेराविरुद्ध षड्यन्त्र हो। तपाईंहरू मलाई फसाउन खोज्दै हुनुहुन्छ। त्यत्तिकैमा उनी फर्किएर प्रहरीको भीडमा गए र बाहिरको वातावरण बुझ्न गएका साथीहरू आत्तिँदै आए। उनीहरुले भने, 'बाहिर दुईवटा ठूला गाडी छन्। धेरै ठूलो सङ्ख्यामा सादा पोसाक र बर्दीसहितका प्रहरी छन्। यो ठूलो षड्यन्त्र हो। तपाईंहरू प्रहरीतिर नजानुस्।' साथीहरुले यति भनेपछि हामी विद्यार्थीकै बीचमै फर्कियौँ र फेरि भोलिको कार्यक्रमकै तयारीमा लाग्यौँ।

मैले ती सादा पोसाकका प्रहरीलाई फेरि फोन गरेँ अनि के गर्न खोजेको तपाईंहरूले भनेर सोधेँ। उनले अवस्था निकै सेन्सिटिभ छ। भित्र शङ्कास्पद वस्तु भेटिएको छ। तपाईंहरूलाई नियन्त्रणमा लिनुपर्ने हुन्छ भने। बाहिर गएर हेर्दा ५० मिटर परको टेबुलटेनिस कोर्टमा सादा पोसाकका ५-६ जना प्रहरीले कुनै वस्तुको फोटो खिचिरहेका थिए। त्यहाँ एउटा पेस्तोल राखेर फोटो खिच्दैछन् दाइ, त्यो निलो रङको झोला अघि मात्र भित्र लगेर उनीहरू नै आएका थिए भनेर एकजना विद्यार्थीले मलाई खबर गरे। म र प्रवीण बीडीएस हलबाट होस्टेलतिर जाँदै गर्दा सीएमसी प्रशासनका प्रशासक अरुण कोइराला, प्रिन्सिपल ममता तिवारी र अन्य व्यक्तिहरू पेस्तोल भएतिर जाँदै थिए। सबै प्रहरी होस्टेलतिर आउँदै थिए भने प्रहरीको मोबाइल भ्यानले होस्टेलको चक्कर लगाइरहेको थियो। सबै विद्यार्थीहरू आआफ्नो कोठाबाट ग्राउन्डमा जम्मा हुँदै थिए। मैले चिनेका सबै पत्रकार साथीहरूलाई त्यहाँको षड्यन्त्र र अहिलेको अवस्थाबारे कल र म्यासेज गरे। साथीहरूले सामाजिक सञ्जालमार्फत घटनाको प्रत्यक्ष प्रसारण सुरु गरे।

म र प्रवीण विद्यार्थीहरूको सहयोगमा बाहिर उम्किसकेका थियौँ। भित्र विद्यार्थीहरूले ठूलोठूलो स्वरमा जिन्दावाद मुर्दावाद

... बाँकी पृष्ठ ७ मा

# नेकपाले मनायो १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस

नेपाल कम्युनिस्ट पार्टी रामेछापले १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस रामेछापमा सहिद परिवार र जनसमुदायका बीचमा भव्य रूपमा मनाएको छ।

सहिद परिवार जिल्ला समिति सदस्य तथा खाँडादेवी गापा सेक्रेटरी ज्वालाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला सेक्रेटरी विवेकले गरेका थिए भने तामाङ मुक्ति मोर्चा खाँडादेवी गापाका संयोजक गगलाल तामाङले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

नेकपा ताम्सालिङ ब्युरो सदस्य तथा पार्टीका रामेछाप जिल्ला इन्चार्ज चैतन्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अन्य राजनीतिक दलका नेताहरूले पनि आआफ्नो मन्तव्य राखेका थिए।

प्रमुख अतिथि रहेका जिल्ला इन्चार्ज चैतन्यले आफ्नो मन्तव्यका क्रममा जनयुद्धको नेतृत्व गर्ने नेताहरू आत्मसमर्पण गरेर अहिलेको दलाल संसदीय व्यवस्थामा सहिदको नाम बेचेर व्यक्तिगत स्वार्थ पूरा गरिरहेको बताए। उनले आफ्नो पार्टीले त्यस्ता गद्दार हरूमाथि सैद्धान्तिक, वैचारिक हतियारद्वारा नाङ्गेझार गर्दै नेपाली जनताको सुनौलो भविष्य सुनिश्चित गर्ने, बरु सहिद बन्न तयार हुने तर जनताप्रति गद्दारी नगर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा स्थानीय कलाकारले बेजोड सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी कार्यक्रमलाई वैचारिक रौनक प्रदान गरेका थिए।

युवा सङ्गठनका तर्फबाट मन्तव्य राख्दै सफलले महान् सहिदहरूको सपना पूरा गर्ने, देशलाई कायापलट बनाउने जिम्मा अब युवाको काँधमा आएको र कुहिएको दलाल संसदीय व्यवस्थालाई ध्वस्त बनाई एककाईसौँ शताब्दीको नवीन व्यवस्था वैज्ञानिक समाजवाद स्थापना गर्न युवाको अहम् भूमिका रहनुपर्नेमा जोड दिएका थिए।

२०६० सालमा शाही सरकार र जनयुद्ध लडिरहेको तत्कालीन नेकपा (माओवादी) बीच दाङको हापुरेमा वार्ता भइरहेको समयमा शाहीसेनाका मेजर राममणि पोखरेलको नेतृत्वमा रामेछापको दोरम्बामा बसिरहेका २१ जना माओवादी नेता-कार्यकर्ताको नृशंस हत्या भएको दिनलाई नेकपाले दोरम्बा हत्याकाण्ड स्मृति दिवसका रूपमा मनाउँदै आएको छ।

# कोरोना सङ्क्रमित स्वास्थ्यकर्मीको अपमान

कोरोना महामारीले विश्व नै प्रभावित बनेपछि यसलाई तेस्रो विश्वयुद्धका रूपमा पनि व्याख्या गरिन्छ। यो जैविक विश्वयुद्धको अग्रपङ्क्तिमा छन् सेता वस्त्रधारीहरू र जसको हातमा छ अर्बौं मानिसहरूको जीवन। चीनको वुहानमा कोरोना उच्च बिन्दुमा पुगेकाले लकडाउन गरिएको बेला त्यहाँका स्वास्थ्यकर्मीहरूले रातदिन कडा मेहनत गरे। अनुहारै बिग्रने गरी मास्क र पीपीआई सेट लगाए। उनीहरूले भोकभोकै कति धेरै मेहनत गरे भने उनीहरूले डिउटी समयमा मलमूत्र त्याग गर्नेसमेत समय नभएर डाइपर प्रयोग गर्नुपर्ने अवस्थासमेत आयो। तिनै चिनियाँ स्वास्थ्यकर्मीहरू कोरोना प्रभावित देशहरूमा स्वास्थ्य सामग्रीसहित उपचारका लागि जाँदा उनीहरूलाई एयरपोर्टमा राजकीय सम्मानका साथ बिदाइ गरिएको थियो। यस्तै कोरोनाले इटालीमा हजारौँहजार मानिस एकै दिन मरिरहेको बेला चीनलगायत देशबाट गएका स्वास्थ्यकर्मीहरूलाई त्यहाँका नागरिकहरूले घरका बार्दली र छतहरूबाट फूलको वर्षा गर्दै स्वागत गरे। कोरोनाको इतिहासमा यस्ता दृष्टान्तहरू पक्कै पनि सम्झनालायक क्षण हुन्।

तर नेपालमा भने त्यसको ठीक उल्टो स्वास्थ्यकर्मीमाथि अपमान गरिएका घटनाहरू ठाउँठाउँमा भएका छन्। अस्पतामा काम गर्ने भएकै कारण कोरोना सार्ने भन्दै कतिपय ठाउँमा घरधनीले स्वास्थ्यकर्मीहरूलाई घरबाटै निकालिदिएका समाचारहरू बाहिरिसकेका छन्।

चितवनमा पनि एकजना डाक्टरले यस्तै अपमान भोग्नुपरेको छ। साउन २८ गते पूर्वी चितवनको रत्ननगर बकुलहर अस्पतालका डाक्टर विश्वबन्धु बगालेलाई कोरोना सङ्क्रमण भयो। कोरोना सङ्क्रमणपछि उनी सेल्फ आइसोलेसनमा बसे। तर कथित जनप्रतिनिधिहरूले टोलसुधार समितिका नाममा केही मान्छेहरूलाई यो कोरोना सङ्क्रमितको घर भनेर डाक्टरको घरमा ब्यानर टाँस्न पठाए। शुक्रबार टोल सुधार समितिका सुशीला ढकालको तेतृत्वमा केही मानिसहरूको भीड डाक्टरको घरमा गएर कोरोना सङ्क्रमितको घर भनेर ब्यानर टाँस्न थालेपछि समाजको चित्र देखेर मन खिन्न बनाएका डाक्टर बगालेले सामाजिक सञ्जालमा यस्ता छिमेकी हुनुभन्दा नभएकै जाती भन्दै सामाजिक बहिष्करणको पीडा अरू कोहीलाई नपरोस् र आत्मबल कमजोर भएका मान्छे तिमीहरूका यस्ता हर्कतबाट नमरून् भनेका छन्।

स्वाथ्यकर्मी भएर बिरामीको सेवा गर्दागर्दै आफू पनि सङ्क्रमित भएपछि घरको मूल ढोकाभित्रबाट चाबी लगाएर बसेको अवस्थामा आफूहरूलाई हौसला दिनुको साटो कोरोना सङ्क्रमितको घर भनेर फ्लेक्स ब्यानरसहित एक झुण्ड कथित समाजसेवीहरू आफ्नो घरमा आएको भन्दै अचम्मित भएको डाक्टर बगालेको भनाइ छ।

स्वाथ्यकर्मी भै बिरामीको सेवामा खटिएका र कोरोनाका बारेमा अरूलाई सचेतना दिने डाक्टरलाई पनि संयोगबस कोरोना सङ्क्रमित भएपछि समाजले उसलाई ढाडस दिनुको साटो यसरी अपमान गर्नु सभ्य समाजको काम होइन होला। कोरोनाविरुद्धको लडाइँमा अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मीमाथि अभद्र व्यवहार गर्ने, सचेतना फैलाउने नाममा अपमान गर्ने जनप्रतिनिधि सम्बन्धित वडाका अध्यक्ष हरि आचार्य र यस्ता छिमेकी भए स्वाथ्यकर्मीको मनोविज्ञानमा कस्तो असर पर्ला ? सोचनीय विषय बनेको छ।

# पार्टीको बदनाम गरेको भन्दै नेकपाले गरायो ध्यानाकर्षण

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी उपत्यका विशेष ब्युरोले आफ्नो पार्टीको नेताका नाममा गरिएको ब्ल्याकमेलिङप्रति गम्भीर ध्यानाकर्षण भएको बताएको छ। हालै जनआस्था डटकमनामक अनलाइनमा साउन ३० गते 'विप्लवको नाम बेच्दै मान्यद्वारा व्यापारीलाई धम्की : छिटो गर्नोस्, नत्र राम्रो हुन्न !' भन्ने शीर्षकमा प्रकाशित समाचार र अडियोप्रति नेपाल कम्युनिस्ट पार्टी उपत्यका विशेष ब्युरोले गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

नेकपाका उपत्यका विशेष ब्युरो इन्चार्ज मिलनले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो पार्टीको लोकप्रियताका कारण पार्टीको नाम बेचेर विभिन्नखाले अराजनीतिक तत्वहरू आफ्नो निहित स्वार्थ पूरा गर्ने कार्यमा लागेको भन्दै आफ्नो पार्टीको बदनाम गर्ने कार्य निन्दनीय भएको बताएका छन्।

उनले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टीको लोकप्रियता र नाम बेचेर विभिन्नखाले दलाल पुँजीवादका मतियारहरू, घुसपैठियाहरू, षड्यन्त्रकारी एजेन्टहरू, बिचौलिया तस्करहरू र अराजनीतिक तत्वहरू हाम्रो पार्टीलाई बदनाम गराउने र आफ्नो सीमित स्वार्थ पूरा गर्ने कार्यमा लागिरहेको देखिन्छ। हाम्रो जनप्रिय पार्टीको नाम लिँदै जनतालाई अनावश्यक मानसिक यातना दिनेजस्ता गतिविधि निन्दनीय र भर्त्सनायोग्य छ।'

आफ्नो पार्टीको बदनाम हुने गरी गरिने सबै प्रकारका गलत गतिविधिहरूको भ्रममा नपर्न पनि विज्ञप्तिमा आग्रह गरिएको छ। विज्ञप्तिमा भनिएको छ, 'हाम्रो जनप्रिय पार्टी वर्तमान दलाल पुँजीवादी राज्यसत्ताले गरेका हरेक षड्यन्त्र र तिकडमलाई खारेज गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् र गर्विलो बाटोमा अघि बढिरहेको छ। यसै सन्दर्भमा हाम्रो पार्टीलाई बद्नाम गराउन खोज्ने तत्वहरूको पहिचान र ती तत्वहरूलाई उपयुक्त समयमा उचित कारबाही  हुने नै छ। सम्पूर्ण तह र तप्काका न्यायप्रेमी जनसमुदायलाई यसप्रकारका गलत गतिविधि र कार्यको भ्रममा नपर्न र पार्टीले अघि सारेका न्यायपूर्ण सङ्घर्षका कार्यक्रमहरूलाई आवश्यक सहयोग र समर्थनका लागि हाम्रो पार्टी उपत्यका विशेष ब्युरो हार्दिक अनुरोध गर्दछ।'

# नेपाली भूमिमा भारतीय ज्यादती : भूमि नेपालको, रजाइँ भारतको

नेपाल-भारत सीमा छुट्ट्याउने जङ्गे पिलरलाई आधार मानेर स्ट्रिप नक्सा तयार नपार्दा नेपालको कैयौँ हेक्टर भूमि भारतमा परेको पाइएको छ जसको कारण नेपाल सरकारको नापी विभागले गरेको लापरबाहीका कारण गम्भीर गल्ती हुन पुगेको छ। त्यही कारण सीमा क्षेत्रको नेपाली भूमिमा भारतले लगातार हस्तक्षेप गर्ने र दुःख दिने काम गरिरहेको छ।

यसरी भारतीय पक्षले लगातार दुःख दिन थालेपछि कञ्चनपुरका बासिन्दाले समस्या समाधान गर्न माग गर्दै संसद्को राज्यव्यवस्था तथा सुशासन समितिमा उजुरी दिए। उक्त उजुरीमाथि बुधबार भएको छलफलमा भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले नापी टोलीले गम्भीर गल्ती गरेको कारण नेपाली भूमि भारतमा परेको स्वीकार गरिन्। उक्त समितिले बुधबार उजुरीकर्ता र परराष्ट्, गृह र भूमि व्यवस्था मन्त्रालयसँग छलफल गरेको थियो। छलफलका क्रममा गृहमन्त्री रामबहादुर थापाले पनि भारतले लगातार दुःख दिएको, नटेरेको, पिलर सारिदिने गरेको भन्दै निरीह अभिव्यक्ति दिएका थिए।

नेपालको नापी विभागले गरेको गल्तीका कारण नेपालको कैयौँ हेक्टर जमिन मात्र होइन, निर्माणाधीन पूर्व-पश्चिम हुलाकी राजमार्ग पनि ठाउँठाउँमा आफ्नो देशमा परेको भन्दै निर्माणकार्यमा भारतले हस्तक्षेप गरेको पाइएको छ।

नापी विभागसँग भएको तथ्याङ्कअनुसार ०२४ देखि ०२९ सालसम्म र ०३६ सालमा नापी भएका जग्गाधनी पुर्जा वितरण गरिएको छ। यस्तै ०४५ देखि ०४६ सम्म कञ्चनपुर जिल्लाको नदी क्षेत्रको नक्सा पनि स्पष्ट छ तर पछिल्लो समयमा ०५६ देखि ०६१ सम्म जमिनबाटै नक्सा तयार गर्दा नेपाली भूमि भारतमा परेको पाइएको हो।

नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले सीमा रेखाङ्कन गर्दा जङ्गेपिलरलाई आधार बनाएर स्ट्रिप नक्सा बनाउनुपर्नेमा त्यसो नगरी नक्सा बनाउन कञ्चनपुर जिल्लाको नेपाली भूभागको सयौँ हेक्टर जग्गा भारततिर पर्ने गरी एकतर्फी रूपमा स्ट्रिप नक्सा तयार बनाइएको पाइएको छ जसको कारण हुलाकी राजमार्ग निर्माणमा भारतले अवरोध गर्नुका साथै सडक निर्माणकार्य बन्द गराएको छ। भीमदत्त नगरपालिका वडा नम्बर १० गड्डाचौकीदेखि जिमुवा जाने सडकखण्डमा काम भैरहेको ठाउँमा भारतीय पक्षले काममा अवरोध गरेको हो। उक्त विषयमा भूमि व्यवस्थामन्त्री अर्यालले वार्ता र कूटनीतिक ढङ्गले नै समस्याको समाधान गर्ने बताएकी छिन्।

नेपालको सत्ता र शक्तिमा रहनेहरू र अझ र जनताको पसिनाबाट जम्मा भएको राज्यको ढुकुटीबाट तलब खानेहरूको यस्तो गैरजिम्मेवार र लापरबाहीपूर्ण कार्यले गर्दा सीमा क्षेत्रमा नेपाली जनताले समस्या भोग्नु परिरहेको छ। कञ्चनपुर, नवलपरासीको सुस्ता, इलामको पशुपतिनगरलगायत दर्जनौँ ठाउँका जनताले भारतीय पक्षबाट समस्या भोग्नुपरेको छ। नेपालीहरूले लगाएको बालीनाली क्षति पुऱ्याउनुका साथै बेलाबेलामा नेपालीहरूमाथि भारतीयहरूले कुटपिट गर्ने र सीमा सुरक्षामा तैनाथ सुरक्षाकमीलाईसमेत आक्रमण गर्ने गरेका कयौँ दृष्टान्त छन्।

पछिल्लो समय लिम्पियाधुरा, कालापानी, लिपुलेकलाई समेटेर नयाँ नक्सा जारी गरिएपछि भारतीय पक्षले अन्य ठाउँहरूमा सीमा मिच्ने र विभिन्न काममा अवरोध पुऱ्याइरहेको छ। ठाउँठाउँमा पिलरहरू गायब बनाउनुका साथै कैयौँ ठाउँमा पिलर उखेलेर नेपालतर्फ फालिदिने, एकतर्फी सीमास्तम्भ खडा गर्ने कार्यसमेत गरिरहेको छ। यसमा सरकार भने मूकदर्शक बनेर बसिरहेको भन्दै चौतर्फी आलोचना भएको छ।

# त्रिविले भन्यो– यही अवस्थामा परीक्षा हुँदैन

कोभिड १९ को सङ्क्रमण तीव्र गतिमा बढेपछि त्रिभुवन विश्वविद्यालयले तत्काल परीक्षा सञ्चालन नगर्ने भएको छ।

यसअघि बन्दाबन्दी खुलेसँगै आगामी भदौ १६ गतेदेखि सेमेस्टर र असोजको पहिलो सातादेखि वार्षिक परीक्षाको तयारी गिरएको थियो। तर लकडाउन खुला गरिएसँगै कोरोना सङ्क्रमितको सङ्ख्या निरन्तर बढिरहेपछि त्रिविले नोटिस जारी गर्दै परीक्षा स्थगित गरेको हो। कोरोनाको प्रकोप सामान्य भएपछि मात्रै परीक्षा सञ्चालन गरिने त्रिविले जनाएको छ।

लकडाउन खोलिएसँगै भदौ १ गतबाट लामो दूरीका यातायातका साधन सञ्चालनमा आउने भन्दै सरकारले त्रिविलाई परीक्षाको तयारी गर्न भनेको थियो तर सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भदौ १५ गतेसम्मका लागि लामो दूरीका यातायातका साधन चल्न नदिने निर्णय गरेको छ। देशमा कोरोना महामारीको संक्रमन तिव्र बन्दै गएको र विभिन्न ठाउमा समुदायमा पनि संक्रमन फैलिएको अवस्थामा विद्यालय खुलाउन सक्ने अवस्था छैन। तर शिक्षा विदहरूले पनि कुनै बैकलपिक विधि अपनाएर भएपनि यो बर्षको शैक्षिक शत्र खेर जान दिन नहुने बताएका छन्।

# रुसले बनाएको कोरोनाविरुद्धको खोपको उत्पादन सुरु

**काठमाडौँ** : रुसले आफूले बनाएको कोरोना भाइरसविरुद्धको खोपको उत्पादन सुरु गरेको छ। रुसको स्वास्थ्य मन्त्रालयले खोपको पहिलो ब्याच बनाइसकेको जनाएको छ।

रुसले खोपलाई राष्ट्रिय मान्यता दिइसकेको छ भने दर्ता पनि गरिसकेको छ। अहिले रुसी वैज्ञानिक तथा अनुसन्धानकर्ताहरू रातारात धमाधम खोप बनाइरहेका छन्। योसँगै तेस्रो चरणको परीक्षणको तयारी पनि भइरहेको छ। फिलिपिन्स सरकारले आफ्नो देशमा तेस्रो चरणको परीक्षण गर्ने बताइसकेको छ।

रुसले विश्वका मानिसहरूलाई बचाउन मासिक ५० लाख डोज खोप उत्पादन गर्नेसमेत बताएको छ। स्पुतनिक ५ नाम दिइएको खोप पूर्ण रूपमा सुरक्षित रहेको रुसी राष्ट्रपति पुटिनले बताएका छन्। उनले पहिलो परीक्षण आफ्नी छोरीलाई गरेको समेत बताएका थिए।

तत्कालीन सोभियत सङ्घले पहिलोपटक अन्तरिक्षमा स्पुतनिक नामको उपग्रह पठाएको थियो। यो नै विश्वको पहिलो उपग्रह हो। त्यसपछि मात्रै अमेरिकाले उपग्रह पठाएको थियो।

जोसेफ स्टालिनको पालामा पहिलोपटक अन्तरिक्षमा उपग्रह पठाएर सोभियत रुसले विश्वमा नयाँ रेकर्ड बनाएको थियो। अहिले पुटिनले कोरोनाविरुद्धको खोप बनाएका छन्। यो पनि विश्वको पहिलो रेकर्ड नै हो। एकपटक फेरि रुस पहिलो भएको छ।

अमेरिका र युरोपका केही देशले रुसले बनाएको खोपलाई लिएर विभिन्न टीकाटिप्पणी गरिरहेका छन्। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले खोप तयार भएको घोषणा गरेसँगै सुरु भएको विरोध अहिले केही मत्थर भएको छ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसले बनाएको खोपले कोरोनाविरुद्ध काम गर्ने आफूलाई विश्वास लागेको बताएका छन्। योसँगै विरोध केही मत्थर भएको हो। विरोध गर्दै आएका ट्रम्पले नै विश्वास र आशा व्यक्त गरेपछि अहिले रुसले बनाएको खोपले विश्वलाई नै आशावादी बनाएको छ।

रुसले यही वर्षको अगस्टसम्म विश्वलाई खोप उपलब्ध गराउन सकिने बताएको छ। नेपालसहित तेस्रो विश्वका देशहरूलाई निःशुल्क खोप उपलब्ध गराइने रुसी अधिकारीले बताएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले समाचारमा उल्लेख गरेका छन्।

# 'अमेरिका धुजाधुजा हुनुको कारण अक्षम नेतृत्व'

**काठमाडौँ** : विश्वभरि नै निकै चासोका रूपमा लिइने अमेरिकी राष्ट्रपतिको चुनाव नजिकिँदै गर्दा अमेरिका अशान्त त बनेकै छ, वर्तमान राष्ट्रपतिको बेढङ्गको कार्यशैलीका कारण उनको सम्भावित पुनरागमनका बारेमा पनि शङ्का व्यक्त हुने गरेका छन्।

यसैबीच अमेरिकी राष्ट्रपति र उपराष्ट्रपतिका डेमोक्र्याटिक उम्मेदवार जोन बाइडेन र कमला ह्यारिसले राष्ट्रपति डोनाल्ड ट्रम्प अक्षम नेता भएको बताएका छन्।

उनीहरूले ट्रम्प अक्षम हुँदा अमेरिका धुजाधुजा हुँदै गएको पनि बताएका छन्। अमेरिकाको डेलवर स्थित विल्मिङ्टनमा भएको चुनावी सभामा बाइडेन र ह्यारिसले ट्रम्पको चर्को आलोचना गरेका हुन्।

बाइडेनले ट्विट गर्दै ह्यारिसको नाम उपराष्ट्रपतिमा घोषणा गरेका थिए। त्यसको भोलिपल्ट आयोजित कार्यक्रममा दुईजना सँगै चुनावी अभियानमा सामेल भएका थिए।

चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै बाइडेनले क्यालिफोर्नियाकी सिनेटर ह्यारिस अमेरिकाको प्रमुख पार्टीका तर्फबाट राष्ट्रपति चुनावमा उपराष्ट्रपतिका रूपमा प्रस्तुत हुने पहिलो अश्वेत महिला रहेको बताए।

बाइडेनपछि आफ्नो सम्बोधनका क्रममा ह्यारिसले राष्ट्रपतिको जिम्मेवारी समाल्न योग्न नै नरहेको व्यक्तिलाई निर्वाचित गर्दा अमेरिकाको अवस्था खस्किएको भन्दै ट्रम्पको कडा आलोचना गरेकी थिइन्।

आउँदो नोभेम्बर ३ मा हुने तय भएको अमेरिकी राष्ट्रपतिको निर्वाचन हुनुअगावै ट्रम्पले उपराष्ट्रपतिकी उम्मेदवार ह्यारिसलाई असभ्य तरिकाले हमला गर्न थालेका छन्। अघिल्लो चुनावमा पनि ट्रम्पले आफ्नी प्रतिस्पर्धी हिलारी क्लिन्टनलाई यस्तै असभ्य तरिकाले हमला गरेका थिए।

# कोरोनाका कारण भारतका मन्त्री चौहानको मृत्यु

कोरोना भाइरस सङ्क्रमणबाट भारतमा एक मन्त्रीको ज्यान गएको छ। भारतको उत्तरप्रदेशका सैनिक कल्याण, होमगार्ड र नागरिक सुरक्षामन्त्री चेतन चौहानको निधन भएको छ।

पूर्वभारतीय क्रिकेटरसमेत रहेका ७२ वर्षीय चौहानको कोरोनाका कारण मृत्यु भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

मन्त्री चौहानको १९ जुलाईमा कोरोना सङ्क्रमण पुष्टि भएपछि गुरुग्राम मेदान्ता अस्पतालमाउपचार हुँदै आएको थियो। उपचार गर्दा पनि स्वास्थ्य सुधार नभएपछि केही दिनदेखि चौहानलाई कृत्रिम श्वासप्रश्वासको व्यवस्था गरी राखिएको थियो।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मन्त्री चौहानको निधनप्रति दुःख व्यक्त गरेका छन्। मोदीले चौहानलाई शानदार क्रिकेटरका रूपमा स्मरण गर्दै पछि मेहनती राजनेता बनेको बताएका छन्।

यसअघि पनि भारतमा एकजना मन्त्रीको कोरोनाकै कारण मृत्यु भैसककेको छ। कोरोना सङ्क्रमणका कारण भारतको उत्तरप्रदेशकी प्रविधि शिक्षामन्त्री कमलारानी वरुणको यसअघि मृत्यु भएको थियो।

यस्तै भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीको पनि स्वास्थ्य अवस्था निधै गम्भीर छ। उनलाई कोमामा राखिएको छ।

कोरोना भाइरस सङ्क्रमण हुनेमा विश्वमा तेस्रो नम्बरमा रहेको भारतमा यो विवरण तयार पार्दासम्म ५१ हजारभन्दा बढिको मृत्यु भैसकेको छ भने  साढे २६ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

# लिदीको पहिरोमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली

**काठमाडौँ** : तामाङ राष्ट्रिय मुक्ति मोर्चा नेपालले सिन्धुपाल्चोक जिल्लाको लिदीमा साउन ३० गते शुक्रबार गएको पहिरोमा परी ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। मोर्चाले मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवार र आफन्तजनहरूप्रति गहिरो समवेदना प्रकट गरेको छ।

तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय संयोजक कान्छा तामाङ 'परिभाषा' ले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै घाइतेहरूको निःशुल्क उपचार तथा राहतको व्यवस्था गर्न सरकारसँग माग गरेको छ। यस्तै जोखिममा रहेका घरपरिवारहरूलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न पनि मोर्चाले जोडदार माग गरेको छ। शुक्रबार बिहान आएको पहिरोमा परी लिदीमा १६ जनाको मृत्यु भएको छ भने अझै केही हराइरहेका छन्।

# 'पहिरोको उच्च जोखिममा रहेकालाई स्थानान्तरण गर'

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको जिल्ला जनपरिषद् सिन्धुपाल्चोकले पहिरोले ठूलो धनजनको क्षति पुर्याएको बस्ती लिदीमा अझै पनि जोखिम कायम रहेको भन्दै उक्त बस्तीका बासिन्दालाई सुरक्षित स्थानमा सार्न आग्रह गरेको छ।

जनपरिषद् सिन्धुपाल्चोकका प्रमुख जगतले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै लिदीका जनता पटकपटक बस्ती स्थानान्तरणका लागि प्रशासन कार्यालयमा धाएका भए पनि स्थानीय प्रशासन र सरोकारवालाले ध्यान नदिएपछि ठूलो मानवीय क्षति भएको बताएका छन्।

यस्तै विज्ञप्तिमा पहिरोमा परी घाइते भएकाहरूको निःशुल्क उपचार गर्न र पहिरो प्रभावितहरूलाई राहत दिन माग गर्दै लिदी अझै पहिरोको जोखिममा रहेकाले त्यहाँको बस्ती तत्काल स्थानान्तरण गर्न माग गरिएको छ।

लिदीमा शुक्रबार बिहान गएको पहिरोमा परी हराइरहेका मध्ये अहिलेसम्म १८ जनाको शव भेटिएको छ भने केही अहिलेसम्म हराइरहेका छन्।

वर्ष ६, अङ्क ४, पूर्णाङ्क २३७ रातो खबर साप्ताहिक

संस्मरण/नियात्रा

सन्दर्भ : १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस

# दोरम्बा हत्याकाण्डस्थलको यात्रा : सहिदको समाधिमा जनक्रान्तिको कासन



अशोक सुवेदी

(रामेछापको दोरम्बा, डाँडाकटेरीमा २१ जना योद्धाको महान् बलिदान भएको आजदेखि १७ वर्ष पुगेर १८ वर्ष लागेको छ। महान् योद्धा र सहिदहरूका सपना आज पनि ज्यूँका त्यूँ छन् । हिजो आदर्श र महानायक ठानिएका पात्रहरू आज देखी-देखी कुख्यात बन्न पुगेका छन् र हिजो जसका विरुद्ध जनताले रगत बगाए आज तिनैका शरणमा पुगेका छन् । महान् जनयुद्धका क्रममा समानतामूलक समाज निर्माण गर्ने महान् अभिलाशा राखेर दुस्मनसँग कत्ति पनि नझुकी बहादुरीसाथ आत्मोत्सर्ग गर्ने ती महान् योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै १२ वर्षअघि लेखिएको दोरम्बा हत्याकाण्डस्थल र बेथानको यात्रा संस्मरण पुनः पस्किने अनुमति चाहन्छु।)

एकखाले मानिसहरू जनयुद्धका क्रममा, युद्धमैदान र अनुभूतिको चापका बीचमा गरिएका सिर्जनालाई दुत्कार्ने प्रयास गरिरहेका थिए तर हामी भने बम र बारुदसँगै जन्मिएको सुन्दर सहित्य र त्यसका सर्जकहरूलाई खोज्दै सम्मान गर्दै दौडाहामा लागेका थियौँ अभियान बनाएर । जनयुद्धलाई नै दुत्कार्नेहरूलाई टीका लगाएर चोखिएकाहरूका लागि, जस्केलाबाट छिरेकाहरूका लागि जनयुद्ध र त्यस महासमरमा युद्ध लड्दालड्दै बमबारुद र रगतबाट सिर्जित महागाथाहरूका बारेमा थहा नहुनु पनि स्वाभाविकै थियो । त्यसैले तिनीहरू मुलुकमा महान् वर्गसङ्घर्ष घनीभूत भइरहेको समयमा पनि सहरका कोठामा बसेर युद्धलाई फासिवादी आतङ्क भनेर सत्तोपराप गरिरहेका थिए । दुस्मन कित्ताकाहरूले त आफ्नो समाप्त हुन लागेको वर्गस्वार्थको रक्षाका लागि जनयुद्ध र त्यसको नयाँ प्राप्तिलाई नस्वीकार्नु तिनको वर्गचरित्रअनुसार नै थियो तर आफूलाई वर्गसङ्घर्षको ठेकेदार सम्झने अनि आफ्नै आँखाअघिल्तिर भएको भीषण वर्गयुद्धलाई तिरस्कार गरेर दुस्मन वर्गलाई सघाउनेहरूले पनि लोलीमा बोली मिलाएर जनयुद्धलाई, जनयुद्धबाट निर्मित नयाँ संस्कृति र साहित्यलाई अस्वीकार गरिरहेका थिए ।

तिनले जनयुद्धका उपलब्धि र नयाँ साहित्यलाई स्वीकारेनन् र एउटा हातमा बन्दुक र अर्को हातमा कलम बोकेर सिर्जना गरेको साहित्य र सङ्गीतको भावना र स्पिरिट बुझेनन् भनेर चिन्ता मान्नु ठीक छैनजस्तो लाग्छ मलाई । जनयुद्धको समयमा दुस्मनमाथि आक्रमणयोजना, भीषण मोर्चा र मृत्युसँग पलपल पौँठेजोरी र लुकामारी खेल्दै गरेका पलहरूलाई प्रतिध्रुवीयहरूले त कल्पना गर्नसक्ने कुरा पनि भएन । सहरमा बसेर रमिता हेर्नेहरूले पनि बुझून् नै कसरी ? कर्मी माहुरीले जम्मा पारेको मह चाट्न भेला भएकाहरूले, हजारौँ सहिदको बलिदानीपछि तर मार्न टीका लगाएर भित्रिएकाहरूले वर्गयुद्धको त्यो पीडा र आनन्दको अनुभूति गर्नसक्ने कुरा पनि भएन । त्यस्तो आशा गर्नु मरुभूमिमा पानीबिनै बगैँचा बनाउन सकिएला भनेर गरिएको चिन्ताभन्दा फरक हुने थिएन ।

हामी अधुरो वर्गसङ्घर्ष वा जनयुद्धलाई पूर्णतामा लैजान आह्वान गर्दै सहरका गल्लीदेखि दुर्गम गाउँसम्म पुग्यौँ– रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानको ब्यानरमा 'जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियान' लिएर । हामी कमरेड ऋषि देवकोटा 'आजाद' को क्रान्तिकारी आदर्शलाई पछ्याउँदै आजादको चिहान उधिन्न सिन्धुलीको आजादबस्ती (खुर्कोट) पुग्यौँ । अङ्ग्रेज साम्राज्यवाद र सामन्ती राजतन्त्रका विरुद्ध धावा बोलेको ऐतिहासिक सिन्धुलीगढी पुग्यौँ । हामीले सिन्धुलीका झन्डै तीन सय सहिदका चिहान उधिन्दै र गोरखाका सयौँ सहिदको सपनालाई रातो झन्डा बनाउँदै त्यसको सन्देश तीन लाल (कृष्णलाल-गङ्गालाल-पुष्पलाल) को जिल्लाको नामले चिनिने रामेछापसम्म पुऱ्यायौँ । गङ्गालाल र पुष्पलाल जन्मिएको भूमिबाट फैलिएको हाम्रो विद्रोहको कासन कवि हितप्रसाद उपाध्यायको सालिक अनावरणसम्म पुग्दा अन्तर्राष्ट्रियकरण भइसकेको थियो । हामी विद्रोहका लागि दुन्दुभी बजाउँदै देशका २०-३० जिल्लासम्म पुग्यौँ । सहिद परिवारलाई भेट्यौँ र उनीहरूको आँसु र आक्रोशमा अन्तर्घुलित भयौँ ।

यसैक्रममा दोरम्बाको डाँडाकटेरी र बेथानको पानीघाटमा आततायी सत्ताबाट पुरिएका सहिदको चिहान खोतल्दै त्यही चिहानमाथि उभिएर कविताबाट जनक्रान्तिको आह्वान गर्ने र जनयुद्धलाई झन् उचाइमा निरन्तरता दिने हाम्रो योजना पहिले नै बनिसकेको थियो । हामी सिन्धुलीयात्रामा पुग्न बाँकी रहेको सहिदबस्ती अमले बस्तीपुरको अधुरो सपना पनि पूरा गर्न चाहन्छौँ । एउटै योजना बन्न नसके पनि यसपटक दोरम्बा र बेथानका चिहानमा उभिएर दुष्टहरूलाई ललकार्ने र क्रान्तिकारीहरूमा ऊर्जा थप्ने हाम्रो पहिलेदेखिकै योजनाले साउन महिनामै मूर्त रूप पाउने भएपछि हामी अझ आह्लादित बनेका थियौँ । बेथान- दोरम्बा यात्रा हाम्रो उपत्यकाबाहिरको चौथो यात्रा बन्दै थियो । हामी रामेछापका तीन लाल र कवि उपाध्यायको सालिक स्थापनापछि बेथान र दोरम्बाको रक्तिम भूमि टेक्न पाइने खुसीले फुर्फुर बनिरहेका थियौँ ।

नेकपा (माओवादी) केन्द्रीय समितिको बैठकले तेस्रो जनआन्दोलनमार्फत जनगणतन्त्र स्थापनाका लागि विद्रोहको तयारीको रणनीति र त्यसैअनुरूपको कार्यनीति तय गरेपछि रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानको ब्यानरमा दुई वर्षदेखि निरन्तर सञ्चालित जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियानमा अझै ठूलो त्राण भएको अनुभूति भइरहेको थियो । अभियान सञ्चालकका नाताले पनि कुनै अभियान सुरु हुनुभन्दा अघि अलि बढी नै उद्वेलित हुन्छ म । कुनै एउटा अभियान सफलतापूर्वक सकिएपछि मन धेरै हलुङ्गो हुन्छ र ऊर्जा पनि त्यसैअनुसार थपिएको महसुस हुन्छ । रामेछाप आफू जन्मिएको जिल्ला भएर मात्र होइन, नेपालको साहित्यिक तथा राजनीतिक आन्दोलनमा अग्रणी स्थानमा रहेकाले म अलि बढी नै रोमाञ्चित बनिरहेको थिएँ ।

पार्टी नेता एवम् प्रगतिवादी स्रष्टा अनिल शर्मा, एक सयौँ शृङ्खलामा प्रतिष्ठानको संरक्षक बन्ने घोषणा गरेका ऋषिराज बराल, बलराम बिष्ट, शोभा दुलाल, गौरी दाहाल, प्रोल्लास सिन्धुलीयलगायत अभियानका सहकर्मीहरू दोरम्बा र बेथानयात्राका लागि तयार भएपछि मन झनै हौसिरहेको थियो । त्यसैले छैटौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको अवसर पारी रामेछाप पार्टीको अतिथि बनेर हामी रामेछाप जाने तयारीमा लाग्यौँ । एक साताअघिदेखि नै मन दोरम्बा र बेथान पुगिरहेको थियो । दोरम्बा र बेथानका सहिदका अनुहार मनमा घुमिरहेका थिए । एकातिर बेथानले जनयुद्धको पहिलो सफल मोर्चाका रूपमा, पहिलो छापामार महिला सांस्कृतिक योद्धा दिलमाया बम्जनको बलिदानका रूपमा उत्कर्ष प्राप्त गरिरहेको थियो भने अर्कातिर दोरम्बाले आततायी सत्ताहरूबाट क्रान्तिकारी पार्टी र नेता जहिले पनि सावधान रहनुपर्छ भन्ने पाठ दिँदै अनायास ठूलो रगत बगेको दुःखद् इतिहास झल्झली सम्झाइरहेको थियो । यी दुवै मोर्चाले जनयुद्धलाई थप अर्को उचाइमा उठाएका थिए, सामन्ती राजतन्त्र ढाल्दै तिनका मतियारलाई आच्छुआच्छु पारेका थिए र रामेछापलाई वर्गयुद्धको ऐतिहासिक किल्लाका रूपमा स्थापित गरेका थिए । त्यसैले यी दुवै स्थान राजनीतिक र सांस्कृतिक दृष्टिले पनि अन्यन्त महत्वपूर्ण थिए, यात्रा गर्न लायक र उत्साहवर्द्धक थिए ।

हिँड्ने बेलासम्ममा हाम्रो अभियानको संस्थागत योजना केही बदलियो । यसअघिका सिन्धुली, गोरखा र रामेछापको सफल अभियान मार्क्सवादी साहित्य प्रतिष्ठानले नै आयोजना गरेकाले त्यसमा कुनै अन्योल भएन । तयारी र खर्चबर्चको रङ्गबङ्ग पनि आफैँले मिलाइयो तर यसपटकको यात्रामा पार्टीको अतिथि बनेर सहिदको समाधिमाथि कविताको कासन गर्न र नयाँ विद्रोहको तयारी गर्न जाँदै थियौँ हामी । मार्क्सवादी साहित्य प्रतिष्ठान पनि निम्तालु बनेको थियो । भर्खरै पार्टी केन्द्रीय समितिको बैठक सकिएकाले कतिपय अग्रज र समकालीनहरू बैठकमा व्यस्त हुनुपरेकाले दोरम्बा-बेथान अभियानमा अनिल शर्मा, शोभा दुलाल मैले साहित्यिक यात्राको मोर्चा समाल्नुपर्ने स्थिति उत्पन्न भयो । हामीले यस परिस्थितिलाई सहजताका साथ स्वीकार्यौं ।

एउटै यात्रामा सबैजना सधैँभरि सँगै रहन सक्तैनन् र मानिसहरूको कथनी र करनीलाई जाँच्ने कसी व्यवहार नै हो भन्ने कुरा पनि हामीलाई थाहा थियो । कतिपय अवस्थामा परिस्थितिलाई अलि नकारात्मक रूपले हेर्नेहरू ताक पर्नासाथ एक सय असी डिग्री फन्को मार्न सक्छन् वा मार्छन् भन्ने कुराको अनुभूति हामीले सिन्धुली र गोरखाअभियान-मोर्चा पछि रामेछापको अभियानमा सहसुस गरिसकेका थियौँ । स्थितिलाई आफूअनुकूल व्याख्या गर्ने र आफू नभए संसार घुम्दैन भन्ने सोचाइ हाम्रो अभियानमा घुसेर सिङ्गो अभियानलाई नै तहसनहस पार्दैछन् भन्ने कुराको अनुभूति पनि हामीले गरिरहेका थियौँ । अभियान, आन्दोलन र मोर्चाको योजना जोकसैले बनाउन सक्तैनन् र त्यसलाई हाँक्नु पनि जोकसैको बुताको कुरा होइन भन्ने कुराका साक्षी पनि हाम्रा अघिल्तिर बग्रेल्ती देखिइसकेका थिए । हामीले बेथान-दोरम्बा अभियान पनि मार्क्सवादी साहित्य प्रतिष्ठानकै अर्को कडीका रूपमा विकास वा विस्तार हुने कुरा सोचिरहेका थियौँ । तर पनि हामी एक्लै थिएनौँ । हाम्रो साथमा सिङ्गो ताम्सालिङ राज्यसमिति थियो । राज्य समितिका इन्चार्जदेखि सेक्रेटरी, सहइन्चार्जहरू, दोरम्बा मोर्चामा दुस्मनलाई चक्मा देखाउँदै घेरा तोड्न सफल नेतृत्व अनि झन्डै ३० जना सहिदका परिवार, सभासद् र सिङ्गो जिल्ला पार्टी हाम्रो साथमा थियो । आफ्नो अभियानमा प्रत्यक्ष रूपमा संलग्न नभएको नेतृत्वलाई पनि साथमा पाउँदा हामी अझै प्रफुल्लित थियौँ ।

साउन ३१ गते बिहान ६ बजेबाट सुरु भएको हाम्रो दोरम्बा-बेथान यात्राले झन्डै साढे सात बजे मात्र कोटेश्वरबाट गति लियो । कतिपय साथीहरू सात बजेअघि नै बनेपा पुगिसकेकाले हामी उहाँहरूलाई भेट्न हत्तारिइरहेका थियौँ । हतारैहतारमा हाम्रो अभियानका पाका साथी बलराम बिष्ट बाटैमा छुटेको कुराले हामीलाई यात्राभरि चिन्तित बनाइरह्यो । पार्टीनेतृत्व बनेपामा पुगेर हामी अभियानकर्मी र सञ्चारकर्मीको प्रतीक्षामा थियो । रिजर्भ माइक्रोबसहरूमा हाँसो र ठट्टा गर्दै हामी नेपालथोकतिर हान्निइरहेका थियौँ । बाहिरबाट हामी ठट्टामा रमाए पनि हाम्रो मनमा भने आँधीतुफान चलिरहेको थियो । हामी जनयुद्धकै पहिलो सफल बेथान मोर्चा लडेको पानीघाटको भूमि र त्यहीँ नजिक गाडिएका महान् सहिद तीफदिको चिहान पार गरेर दोरम्बातिर लम्किँदै थियौँ । तीनवटा भरुवा बन्दुक, केही ग्रिनेड र ढुङ्गाका भरमा जितेको बेथान मोर्चाको ऐतिहासिकता अनि तीफदिको वीरतालाई यात्राअघि हामीले काभ्रे र सिन्धुलीको नेपालथोकमा भीषण गर्मीमा काटेका कष्टपूर्ण क्षणहरको पनि वास्ता गर्न भ्याएनौँ । हाम्रो ध्याउन्न बेथान र दोरम्बा पुग्नतिर संकेन्द्रित थियो ।

काभ्रे र रामेछापलाई छुट्याउने लुभुघाट तरेपछि पहाडी भूभागमा चल्ने ससाना जिपहरू हामीलाई बोक्न तयार भएर बसेको पायौँ हामीले । भीषण वर्षा नभएमा हामीलाई ती जिपले गाल्बा भन्ज्याङसम्मको पहाडी कच्ची बाटोमा कुदाउने पक्का थियो । अत्यन्त कहालीलाग्दा उकाला र घुम्तीहरू पार गर्दै जिपहरू खनियापानी, डहु हुँदै बेथानतिर दुगुरिरहेका थिए । दोरम्बामा बलिदान गर्ने तत्कालीन जनसरकार प्रमुख क. पुष्प, त्यसपछिका जनसरकार प्रमुख क. विश्वका जीवनसंगिनीलगायत सयौँ बेथानबासीको लाम लागिरहेको थियो हातहातमा खादा र माला लिएर स्वागत गर्न । सहिदका सपना पूरा नभएको अवस्थामा हामीलाई सहिद परिवारले स्वागत गर्नुको अर्थ अधुरो क्रान्ति पूरा गर्न अर्को क्रान्तिका लागि तयार रहन गरेको कासनसरह हुन्थ्यो । हाम्रो अभियानको उद्देश्य पनि त्यही थियो । दोरम्बामै बलिदान गर्ने स्रष्टा सहिद रक्तिमकी जीवनसंगिनी दीपा पनि उता आयोजक र यता अतिथि बनेर यात्रामा लामबद्ध भइरहेको पाउँदा हामी भाबी विद्रोह/क्रान्तिप्रति अझै बढी विश्वस्त बनिरहेका थियौँ ।

उकालोमा पानी पऱ्यो भने हाम्रो पहिलो सेल्टर गाल्बा भन्ज्याङसम्मको सातआठ घन्टाको उकालो बाटो पैदलै हिँड्नुपर्ने भयले हामी पानीघाटका सहिदहरूलाई मनमनले मात्र श्रद्धासुमन अर्पण गरी माथितिर हुइँकियौँ । पर्सिपल्ट फर्कंदा पानीघाटमा विशेष साहित्यिक कार्यक्रम सञ्चालन गर्ने हाम्रो पूर्वयोजना अधिकांशलाई थाहा थियो । ठाउँठाउँमै हामीलाई स्थानीय बासिन्दा र सहिद परिवारले गरेको सम्मान र स्वागतले हुनसम्म गौरवान्वित भयौँ हामी । स्रष्टा, सञ्चारकर्मी र पार्टीनेतृत्वको एकीकृत कमान्डलाई आफ्नो घरआँगनमै पाउँदा बेथान र हिलेदेवीका बासिन्दा पनि खुसी देखिन्थे । कहीँ गाडी ठेल्दै र कहीँ पहिरो पन्छाउँदै हामी कुहिरो र हुस्सु छिचोल्दै साँझ अबेर मात्र गाल्बा भन्ज्याङ पुग्यौँ । लुभुघाटको प्रचण्ड गर्मीलाई गाल्बाको चिसो सिरेटोले जिस्क्याइरहेको थियो । स्थानीय पार्टी हाम्रो स्वागत र व्यवस्थापनका लागि भएभरको बल लगाएर खटिरहेको थियो । १५ वर्षपछि गाल्बा पुग्दा मलाई आफूले त्यतिबेला जिल्ला नेता भएर भाषण गरेको स्मरण भइरह्यो । संयोगले त्यतिबेलाका मेरा दौँतरी धावा लामा माओवादी र एकताकेन्द्रबीचको एकतासँगै पार्टी केन्द्रीय सदस्य र जिल्ला इन्चार्ज बन्नुभएको थियो भने पेमा, अमरलगायत साथीहरूले जिल्ला र राज्य समितिको जिम्मा लिइरहनुभएको थियो । हामीले यात्रामा ती कुरा पनि सम्झियौँ ।

गाल्बा भन्ज्याङ त्यतिबेला राता र ताता मानिसहरूको खचाखच उपस्थितिले फुलेल देखिन्थ्यो । माओवादी नेतादेखि कविहरूसम्मको उपस्थितिले गाल्बा भन्ज्याङ शक्तिशाली बनिरहेको थियो । सबै आफ्ना विधा र हैसियतअनुसार बेग्लबेग्लै सेल्टरतिर लाग्यौँ भोलि बिहानै दोरम्बा र डाँडाकटेरी पुग्ने सपना मनभरि सजाउँदै । गाल्बाडाँडाकी कुमारी बहिनी, उहाँका ससाना दुईवटा छोरा दिनेश र कविन्द्र अनि उहाँकी नन्द उर्मिलाको आतिथ्यमा हामी केही स्रष्टा र सञ्चारकर्मी लुट्पुटियौँ ।

बिहान सिमसिम पानी परिरहेको थियो । काई र लेउ जमेको चिप्लो उकालो बाटो र प्रकृतिलाई चुनौती दिँदै हामी लाग्यौँ दोरम्बाका लागि ठाडो उकालो बाटो । कञ्चनको नेतृत्वमा अनिल शर्मा, शोभा दुलाल र ताम्सालिङ राज्य समितिका सहइन्चार्जसमेतको टोली हामीलाई पछि पारेर अघि लागिसकेको थियो । अग्लेश्वरीको उकालोमा स्वाँऽस्वाँऽ र फ्वाँऽफ्वाँऽऽ गर्दै स्रष्टा र सञ्चारकर्मीको समूह सबैभन्दा पछि घिस्रिरह्यो । झन्डै १५ किलो वजनको झोलामा बोझिलो शरीरलाई उकालोमा लतार्नुपर्दा कम्ती सास्ती भएन । भाइ सधुसूदन व्यङ्ग्य गर्दै हुनुहुन्थ्यो, 'यो हिँडाइले कसरी अर्को क्रान्ति हाँकिन्छ दाइ ?'

ठाडो उकालो, लेउ लागेको चिप्लो बाटो बल्ड्याङ खेल्दै हामी दोरम्बातिर ठडियौँ । आधा घन्टासम्म त हिँडाइको गति ठिकै थियो तर अग्लेश्वरीको उकालो अग्लिँदै गएपछि हिँडाइ क्रमशः मत्थर हुँदै गयो । पहाडमा हिँड्न बानी परेका अनुपलगायत साथीहरू उकालोमा पनि चितुवाले जस्तै लमकलमक पाइला चालिरहनुभएको थियो । समूहमा अलि मोटो मै थिएँ । म, एबीसीका क्यामेरा पर्सन योग शाक्य उकालो बाटोबाट अलि कम परिचितझैँ बन्दै गएका थियौँ । अग्रज शक्ति लम्साल दाइकी सुपुत्री प्रज्ञा र काभ्रेकी पत्रकार बहिनी अञ्जली केही समयसम्म आसलाग्दो ढङ्गले हिँड्दै थिए तर केही समयपछि उनीहरूको अवस्था हाम्रोभन्दा झनै बिग्रिएको देखियो ।

माथि उकालो चढ्दै गर्दा क्रमशः पिठ्युँमा भिरेको झोला गह्रौँ हुँदै गयो । अलि माथि पुगेपछि शरीरमा लगाएका कपडाहरू भारी हुँदै गए । हुँदाहुँदै कमरेडहरूले स्वागत गर्दा घाँटीमा पहिराइदिएका पचास-सय ग्राम वजनका खादाहरू पनि भारी हुँदै गए ।

सिमसिम पानी परिरहेको छ । शरीर ओत्न बोकेको पातलो प्लास्टिक पनि हाम्रो क्षमताभन्दा बढी भइसकेको छ हामीलाई । उकालो बाटो भिरालो हुँदै जान्छ । कथम्कदाचित् खुट्टा खुस्कियो भने कता लाम्टा कता चौटा हुने हो, कुनै पत्तो छैन । प्रत्येक पाइला माथितिर होइन, तल्तिर झर्न खोजिरहेछन् । एउटै मात्र विश्वास र आशा छ, दोरम्बा पुग्ने, डाँडाकटेरी गएर महान् सहिदको चिहानमाथि विद्रोहको आह्वान गर्दै क्रान्तिकारी कविता वाचन गर्ने र क्रान्तिको निरन्तरताको सन्देश प्रवाह गर्ने ।

कठै ! युद्धको समयमा रातिराति कसरी हिँडे होलान् साथीहरू दुस्मनका पाइला पछ्याउँदै ? साहस र हिम्मत भएपछि मान्छेलाई न उकालोले, न झरीबादलले, न हुरीबतास र चट्याङले, केहीले पनि रोक्न सक्दा रहेनछन् बाबै ! मुख्य कुरा त लक्ष्य रहेछ, सत्यप्रतिको निष्ठा र इमान रहेछ । त्यस्तो विकट बाटो, हिउँ र लेउको यात्रा पनि ठमठम हिँडेर लडे योद्धाहरूले अनि जितको मुखसम्म पुऱ्याए पहिरोजस्तो विकट युद्धलाई । जितको मुखमा पुगेको युद्धभित्र कुनै स्वार्थी कीरो सुटुक्क पसेको अनुभूति हुँदै गएको छ तर प्वाक्क मुख खोलेर बोल्न कोही सकिरहेको छैन भन्ने लागिरहेको छ हामीलाई । त्यसैले सिर्जनाअभियानबाट धावा बोलिरहेका छौँ हामी डरपोकहरूका विरुद्ध, स्वार्थी र आत्मरक्षवादीहरूका विरुद्ध ।

सहिद परिवारका आँखा ओभाएका छैनन् । बलेका छैनन् उनीहरूका रित्ता चुलाहरू । ढाकिएका छैनन् नाङ्गा आङ । तैपनि युद्ध जितिन लागेको छ भन्नुपरेको छ । साथीहरूलाई मार्ने, बेपत्ता पार्ने, अङ्गभङ्ग पार्नेहरू आफ्नै आँखाअघिल्तिर ठमठम फुली थपेर हिँडिरहेको देखेर पनि दुष्टहरू नासिए, सकिए र जित्यौँ भन्नुपरेको छ । यस्तो पचाइनसक्नु, सहिनसक्नु अवस्थाको अन्त्यका लागि अर्को विद्रोहको घोषणा गर्न हामी कष्टलाई पचाउँदै हिँडिरहेका छौँ विकट उकालो, चिप्लो र भिरपहारामा पनि सजिलो मान्दै । हाम्रा साथीहरूले भीषण वर्गयुद्धका कहालीलाग्दा क्षणहरूमा मिर्गले जस्तै उफ्रिएर कटेको बाटो हामीलाई दिउँसै कट्न पनि यतिविघ्न गाह्रो परिरहेको छ । कति भीषण र कहालीलाग्दा दिन थिए ती बाबै, सम्झँदा पनि आङ जिरिङ्ग हुन्छ तर पनि काम गरेर खाने वर्गको मुक्ति भइसकेको छैन । त्यही अधुरो क्रान्तिलाई पूरा गर्ने बाचा बाँध्न नापिरहेका छौँ हामी कहालीलाग्दो भीरको बाटो, होसहवासै गुमाउने खालको चिप्लो '।

विकट पहाडी यात्रा छिचोल्दै पुग्छौँ हामी ऐतिहासिक स्थल दोरम्बा । ठिक्कसँग हिँड्ने हो भने त्यहाँबाट पनि डेढ घन्टा, ठ्याम्मै डेढ घन्टा लाग्छ डाँडाकटेरी पुग्न । हो, ऊः त्यही हो हाम्रा २१ जना क्रान्तिकारी नेता र कार्यकर्ताहरूलाई, सुन्दर र मुक्त संसारको सपना देखिरहेका सुन्दर मानिसलाई लाममा राखेर टाउकामा एसएलआर दागेर गिदी निकालिएको ठाउँ । केही मानिसको हत्या गर्दैमा क्रान्ति कहाँ सकिँदो रहेछ र ? हापुरेमा वार्ता भइरहेको समयमा वार्ताबाट भाग्न तत्कालीन शाही अमेरिकी सरकारले हरूवा गोरुको छेरुवा दाउ भनेजस्तै बैठक बस्दै गरेका साथीहरूको निर्मम हत्या गरेको थियो क्रूर बगरेले निर्ममतापूर्वक खसीको टाउको छिनालेजस्तै गरी, अमेरिकी साम्राज्यवादले इराक, अफगानिस्तान र संसारभर हत्याअभियान सञ्चालन गरेजस्तै गरी । तत्कालीन रामेछाप जनसरकार प्रमुख क. पुष्प, क. ललिका, स्रष्टा क. रक्तिमसम्मका ७ जिल्लाका क्रान्तिकारीहरूको रातोतातो रगत पोखिएर फेरि युद्ध सुरु भएको कहालीलाग्दो र बर्बर घटना थियो त्यो । तिनै सहिदका सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गर्न जाँदै थियौँ हामी डाँडाकटेरी ।

सुरु भयो फेरि झरीका बीच दोरम्बाबाट हाम्रो डाँडाकटेरीयात्रा । दोरम्बामा स्थानीय साथीहरू दिउँसो हुने छैटौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको तयारी गरिरहनुभएको थियो । चिप्लो उकालो बाटो पानीमा रुझ्दै हामी ती महान् सहिदका आँखामा नाचिरहेको सुन्दर नेपाल र मुक्त संसारका सपना नियालिरहेका थियौँ । त्यसैले हामीलाई चिप्लो बाटो र निरन्तरको झरीले पनि गलाउन सकेको थिएन । शरीर गले पनि मन पटक्कै गलेको थिएन । आस्था भन्ने कुरा अब्बर हुँदो रहेछ बाबै ! त्यही जब्बर आस्थाका कारण दसौँ हजार वीरवीराङ्गनाले हाँसीहाँसी आफूलाई विस्फोट गराएका रहेछन्, धरतीमा रोपेका रहेछन् र सुन्दर संसार निर्माण थालेका रहेछन् ।

डाँडाकटेरीमा पुगेर हामीले गऱ्यौँ सहिदका चिहानमाथि उभिएर कविता र विचारको कासन । क्रान्तिकारी नेता र कार्यकर्ताहरू सहिद रक्तिमकी जीवनसङ्गिनी सभासद् दीपाको पीडाभित्रको आक्रोशसँग आक्रोश मिसाएर साथ दिइरहेका थिए । कञ्चन, अनिल, ललित, विश्व, पथिक, दिनेश, बुद्धिमान सबै बाचा बाँधिरहेका थिए सहिदका सपना पूरा गरेरै छाड्ने । हामीले पनि मार्क्सवादी साहित्य पतिष्ठान र रामेछाप साहित्य प्रतिष्ठानका तर्फबाट नयाँ विद्रोह अघि बढाउने वाचा बाँध्यौँ । डाँडाकटेरीमा क्रान्तिकारीहरू आक्रोशले थरथरी काँपिरहेको अनुभूति गऱ्यौँ हामीले । हामीले आँसुका ढिक्काहरूलाई फेरि फिस्फोटक डाइनामाइट बनाउने शपथ खायौँ सहिदका चिहानहरूलाई साक्षी राखेर, दह्रा हात मिलायौँ हामीले फेरि अर्को बलिदानीका लागि तयार छौँ र हाम्रो क्रान्तिकारी इमानदारीमा कत्ति खिया लागेको छैन भनेर । हामीले हाम्रा प्यारा साथीहरूका टाउका, छाती र शरीरभर गोली पड्काएको अवस्थाको स्मरण गऱ्यौँ र आत्मसमर्पण नगरी दुस्मनलाई ललकार्दै शौर्य, त्याग र बलिदानको बाटो रोजेको क्षण सम्झिँदै क्रान्ति पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गऱ्यौँ । हामीले हाम्रा प्यारा साथीहरूका टाउकामा गोली पड्काएको, गिदी छरिएको, रगत बगेको र तिनका शरीर लापरबाहीपूर्वक फालिएको धरतीको माटो मुठीमा उठायौँ, सुँघ्यौँ, निधारमा लगायौँ र मुठी कस्यौँ ।

बाबै, कसरी सके होलान् ती आततायी, असत्ती जल्लादहरूले जनताका प्यारा छोराछोरीहरूलाई अनाहकमा निर्मम हत्या गरेर भीरबाट गुल्ट्याउन ! के यतिबेला ती आततायीहरूका सपना खराब बन्दै गएका छन् होला ? अबको विद्रोह र क्रान्तिले तिनलाई यसैगरी सम्मान गर्ला कि हाम्रा साथीहरूलाईझैँ भीरबाट गुल्ट्याउला ? हाम्रो मनमा यस्तै ज्वारभाटाहरू उठिरहे यात्राभर ।

हामी डाँडाकटेरीबाट बलियो विश्वास बोकेर फेरि दोरम्बातिर फर्कियौँ र त्यहाँ पनि सहिदका तस्बिर र सहिदका परिवारलाई राक्षी राखेर कविता र विचारबाट दुष्टहरूलाई ललकाऱ्यौँ । हत्याराहरू पानीमुनि गए पनि नबच्ने विश्वास दिलायौँ दोरम्बा र डाँडाकटेरीको भूमिलाई, लालभूमि रामेछापलाई । त्यसपछि हामी फेरि हृदयभरि दोरम्बाबासीको न्यानो माया सँगालेर त्यही झरी, बादल र विकट बाटो पछ्याउँदै सेल्टरमा फर्किन लाग्यौँ साँझको समयमा ।

रात पर्न लागिरहेको थियो । घनघोर वर्षा भइरहेको थियो । बिहानको अग्लेश्वरीको डरलाग्दो उकालो अहिले फेरि चिप्लो र भयङ्कर ओरालो भएर हामीलाई जिस्क्याइरहेको थियो । हामी क्रान्तिकारी विश्वासका साथ भौतिक शरीरलाई तृणबराबर नठानी चिप्लिँदै, लड्दै र ठोक्किँदै अर्को दिन पानीघाट बेथानमा क्रान्तिकारी कासन गर्ने शक्ति बटुल्दै गाल्बा झऱ्यौँ । स्थानीय कमरेड र रामेछाप मन्थलीका साथी विनोद सुवेदीले चिप्लो बाटोमा पाखुरा समाएर तातेताते गराएको क्षण कुनै युद्धमोर्चामा घाइते जनसैनिकलाई अर्को योद्धाले दिएको सहयोगभन्दा कुनै अर्थमा कम थिएन । दर्के पानीका बीचमा अत्यन्त विकट ओरालो छामछाम-छुमछुम गर्दै तीन घन्टासम्म घिस्रिएर हामीलाई गाल्बा र पानीघाटसम्म ल्याइपुऱ्याउने पनि त्यही क्रान्तिकारी आशावाद नै थियो र त्यहीँकै क्रान्तिकारी कमरेडहरू हुनुहुन्थ्यो हाम्रा पाखुरा समातेर ओरालो तातेतोते गराउने । कति लडियो, कतिका हातखुट्टा मर्किए, कति जुकाले टोके, त्यसको कुनै हिसाब थिएन । काठमाडौँ खाल्टो नछोडेका क्यामेरा पर्सन खाँट्टी नेवार साथी योग भन्दै हुनुहुन्थ्यो, 'चौढपल्ट लरें डाइ । नेपाल आमालाई हृदय र शरीरले नै आलिङ्गन गर्न पाएँ ।' कहिल्यै भीरपहरा नटेकेको पाटनको नेवार परिवारको योगलाई पनि त्यही क्रान्तिकारी आशावादले नै भीरमा चिप्लिने साहस भरिरहेको थियो ।

हामी भोलिपल्ट बिहान फेरि चिप्लो र विकट ओरालो झऱ्यौँ बेथानतिर र सुरो मुटु बनाएर हामीले खरको चर्चुरे समाउँदै अत्यन्त डरलाग्दा पहरा छिचोल्यौँ । कञ्चन, अनिल, ललित, दीपालगायत साथीहरू पनि सँगसँगै हुनुहुन्थ्यो कहीँ पहरो छल्दै र कहीं बाढी तर्दै ।

बेथान पानीघाटमा पुगेर हामीले तीफदिले बलिदान गरेको भूमिमा अझ उच्चस्तरको वाचा बाँध्यौँ– जसरी तीफदिले आफूलाई बलिदान गरेर क्रान्तिको रातो झन्डा जोगाए, हामी पनि अर्को विद्रोह र क्रान्तिमा त्यो झन्डालाई सगरमाथाको शिखरमा गाड्नेछौँ र संसारकै प्रतिक्रियावादीहरूलाई चुनौती दिएर सर्वहारावर्गको सत्ता स्थापना गरिछाड्नेछौँ । पानीघाटमा पनि हामीले तीफदिको चिहान उधिन्यौँ र मुठीभरि माटो बोकेर फेरि अर्को यात्रामा लाग्यौँ । अभियानमा संलग्न पार्टीनेतृत्वसमेतको सहमति र सल्लाहमा हामीले रामेछाप साहित्य प्रतिष्ठानले २०६३ सालमा आरम्भ गरी मार्क्सवादी साहित्य प्रतिष्ठानले अघि बढाएर एक सयौँ शृङ्खलासम्म पुऱ्याएको जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियानकै शृङ्खलामा गाभ्दै डाँडाकटेरीको कविगोष्ठीलाई एक सय एकऔँ, दोरम्बाको गोष्ठीलाई एक सय दुईऔँ र बेथान पानीघाटको कविगोष्ठी र कासनलाई एक सय तीनऔँ शृङ्खलाका रूपमा स्थापित गर्ने निर्णय गऱ्यौँ । मेरो प्रस्तावलाई कञ्चन, मार्क्सवादी संस्कृतिकर्मी एवम् पार्टीनेता अनिल शर्मा, शोभा दुलाललगायत पचासौँ स्रष्टा र राजनीतिकर्मीले सहजै समर्थन गर्नुभयो । हाम्रो अभियानले बेथान र दोरम्बामा पनि विद्रोहको रातो झन्डा गाड्ने अवसर पायो र त्यो पनि सयौँ पार्टीनेता, कार्यकर्ता, सहिद परिवार र स्थानीय जनसमुदायको उपस्थितिमा ।

यसरी हामीले तीन दिनको कठिन तर अत्यन्त रोचक बेथान-दोरम्बा यात्रा पूरा गऱ्यौँ । यो यात्राको समाप्ति थिएन, अर्को कठिन यात्राको आरम्भ थियो । हाम्रो यो यात्रा नेपालमा शिथिल वर्गयुद्धलाई नयाँ उचाइ दिँदै विजयसम्म पुऱ्याउने प्रतिबद्धता थियो ।

(स्रोत : दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान, २०६६)

# नेकपा डोटीले भन्यो– गिरफ्तार गरिएका बोहोरालाई रिहा नगरिए प्रतिरोध

नेपाल कम्युनिस्ट पार्टी डोटीले आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई प्रशासनले अनावश्यक दुःख दिने गरेको बताएको छ । नेकपाका डोटी इन्चार्ज तर्कराज र सचिव कालु पाण्डेद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा आफ्नो पार्टीका जिल्ला सदस्य कृष्णबहादुर बोहोरालाई बिहीबार गिरफ्तार गरिएको भन्दै बिनासर्त रिहाइको माग गरिएको छ ।

राष्ट्रियता रक्षाका लागि लडिरहेको आफ्नो पार्टीलाई सरकारले दमन अभियानको बाटोबाट सक्ने दुस्साहस गरेको भन्दै विज्ञप्तिमा उक्त अमानवीय र मानवअधिकारविरोधी हर्कत बन्द गर्न आग्रह गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'साउन २९ गते धनगढीबाट उपचार गरी फर्किने क्रममा हाम्रो पार्टीका जिल्ला सदस्य कमरेड कृष्णबहादुर बोहोरालाई बड्डीकेदार गाउँपालिकाको विपीनगरबाट दलाल सत्ताका मतियार हरूले बिनाकारण गिरफ्तार गरी झूट्टा मुद्दामा फसाउने षड्यन्त्र गरेको घृणित हर्कतप्रति घोर भर्त्सना र निन्दा व्यक्त गर्दछौँ । यस डोटी जिल्लामा भैरहेको भ्रष्टाचार, कमिसन र दलालीको भन्डाफोर गर्दै यस्ता कुकार्य र जनविरोधी गतिविधिका विरुद्ध हाम्रो पार्टी सङ्घर्ष गर्दै आइरहेको हुँदा विगत केही समययता गाउँघरमा रहेका फटाहाहरू र भ्रष्ट जनप्रतिनिधिहरूको योजनामा प्रहरी प्रशासन र सीआईडी-सुराकीहरूले हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूको घरमा खानतलासी गर्ने, पार्टी शुभचिन्तकहरूलाई धम्क्याउने गतिविधि गर्दै आएका छन् । यस्ता अमानवीय र मानवअधिकारविरोधी हर्कत तत्काल रोक्न सम्बन्धित सबैलाई सचेत गराउँछौँ । अन्यथा पार्टीको आवश्यक जनकारबाहीको सामना गर्न तयार हुनुपर्नेछ ।'

# बारले अदालतलाई दियो सुनुवाइ बन्द गर्ने सुझाव

काठमाडौँ उपत्यकामा कोरोना सङ्क्रमितहरू बढ्दै गएपछि कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनले बन्दी प्रत्यक्षीकरणका अत्यावश्यक निवेदनबाहेक सबैखालका मुद्दाको सुनुवाइ स्थगित गर्न आग्रह गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशहरू नै सङ्क्रमित भएको, राजधानीबाहिरका न्यायाधीशहरू, कर्मचारी तथा कानुन व्यवसायीहरूमा समेत सङ्क्रमण देखिएको भन्दै बारले यसबारे निर्णय गर्न सर्वोच्च अदालतलाई आग्रह गरेको हो ।

विहिबार नेपालमा कोरोनाको सङ्क्रमणबाट एकै दिन चारजनाको मृत्यु भए पछि बारले अदालतलाई यस्तो आग्रह गरेको हो । बिहीबार एकै दिन महोत्तरीका ४५ वर्षीय पुरुष, धनुषाकी ८५ वर्षीया महिला, अछामका १८ वर्षीय पुरुष र मोरङका ५७ वर्षीय पुरुषको कोरोनाबाट मृत्यु भएको थियो ।

# कालीकोटमा नेकपाको प्रशिक्षण

नेपाल कम्युनिस्ट पार्टी कालीकोटले मेहेलमुडीमा बैठक तथा प्रशिक्षण सम्पन्न गरेको छ । उक्त प्रशिक्षणमा कार्यक्रममा प्रमुख अतिथि जिल्ला इन्चार्ज विराटले प्रचण्डले समाप्त पार्न खोजेको क्रान्तिलाई आफ्नो पार्टीले बचाउँदै त्यसमा विकास गरिरहेको र अबको लडाइँ सुधारवादी अवसरवादी र दलाल प्रवृत्तिसँग भएकाले सचेत भएर अघि बढ्न कार्यकर्तालाई निर्देशन दिए ।

जिल्ला सेक्रेटरी रणदीपले वर्तमान कम्युनिस्ट नाउँको सरकार कोरोना र बाढीपहिरोको विपत्ति व्यवस्थापन गर्न पूरै असफल भएको बताए ।

उक्त प्रशिक्षण गाउँपालिका इन्चार्ज दानबहादुर बोहोराको अध्यक्षतामा सम्पन्न भएको थियो । प्रशिक्षणमा जिल्ला सेक्रेटरी रणदीप, एरिया इन्चार्ज किरण, जिल्ला समिति सदस्य विषमलगायत सहभागी रहेको समाचारमा जनाइएको छ ।

नेकपाका नेता-कार्यकर्ताले कालीकोटमा जनश्रम र भेटघाट अभियान सञ्चालन गरिरहेका छन् । उक्त अभियान जिल्लाका सबै एरियामा सञ्चालन गर्ने नेकपा कालीकोटले जनाएको छ ।

# पत्रकार बानियाँको मृत्युबारे छानबिन गर्न महासङ्घको माग

नेपाल पत्रकार महासङ्घले कान्तिपुर दैनिकका सहायक सम्पादक बलराम बानियाँको मृत्यु रहस्यमय भएको भन्दै छानबिन गर्न सरकासँग माग गरेको छ । महासङ्घका महासचिव रमेश बिस्टले बुधबार शोकविज्ञप्ति जारी गर्दै तीन दशकदेखि पत्रकारितामा संलग्न रहेका बानियाँको निधन रहस्यमय भएको भन्दै छानबिन गर्न माग गरेका हुन् ।

सोमबार दिउँसोदेखि परिवार र कार्यालयसँग सम्पर्कविहीन अवस्थामा रहेका बानियाँको काठमाडौँको बल्खु खोलामा बगेर निधन भएको हो । बल्खुस्थित तरकारी बजारनजिकै पुलमुनिबाट बगेर बेपत्ता भएका बानियाँको शव मङ्गलबार बिहान मकवानपुरको सिस्नेरीस्थित मान्डो जलविद्युत् परियोजना क्षेत्रमा फेलापरेको थियो । मृतक बानियाँ नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सदस्य हुन् ।

# कोरोनाविरुद्ध अभियान र बीआरआई परियोजना सँगसँगै : चीन

चीनले नेपालसँग मिलेर आपसी सहमतिहरूलाई व्यवहारमा उतार्ने र जारी कोभिड १९ महामारीविरुद्धको सहयोगलाई निरन्तर बढाउने बताएको छ ।

बेइजिङमा बिहीबार पत्रकार सम्मेलन गर्दै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता चाउ लीचेनले वान बेल्ट वान रोड इनिसिएटिभ (बीआरआई) परियोजनाको निर्माण, व्यापार तथा लगानी सहायता, प्रतिरक्षा, कानुन कार्यान्वयनलगायत द्विपक्षीय सम्बन्धको विकासलाई अघि बढाइने बताए ।

साथै चाउले चिनियाँ बृहत् परियोजना बीआरआईमा ठोस उपलब्धि हासिल गर्न नेपालसँगको सहकार्यलाई अघि बढाइने पनि बताए ।

दुई देश चीन र नेपाल नदी र पहाडले जोडिएका मैत्रीपूर्ण छिमेकी भन्दै उनले गत वर्ष दुई मुलुकका राष्ट्रप्रमुखले गरेको भ्रमण र भेटले दुई मुलुकको सम्बन्ध नयाँ उचाइमा पुगेको बताए । साथै प्रवक्ता चाउले नेपाल र चीन एउटै डुङ्गामा रहेका मुलुक भएकाले कोरोना महामारीविरुद्ध आपसी हातेमालो गर्दै अघि बढ्ने पनि बताए ।

# नेकपाको पहलमा कालीकोटमा पुल बन्यो

कालीकोटको खुलालु खोलामा आएको बाढी र पहिरोले कर्णाली कोरिडोरअन्तर्गत पर्ने उक्त खोलामा निर्मित बेलिब्रिज र झोलुङ्गे पुल बगाएपछि नेकपाको पहलमा अस्थायी पुल निर्माण गरिएको छ ।

बाढीले पुल बगाएर आवतजावत नै बन्द भएको अवस्थामा नेकपा कालीकोटले आन्तरिक शक्ति परिचालन गरेर उक्त ठाउँमा पुल निर्माण गरी आवतजावत सहज बनाएको हो । १२ साउनमा आएको बाढीले कर्णाली कोरिडोरअन्तर्गत पर्ने खुलालु खोलामा निर्माण गरिएका बेलिब्रिज र झोलङ्डे पुल बगाएपछि मानिसलाई आवतजावत गर्न निकै कठिन भएको थियो ।

मुख्य राजमार्गका साथै मुगु, हुम्ला, बाजुरा र कालीकोटका जनताको हाटबजार जाने मुख्य मार्ग नै अवरुद्ध भएपछि सर्वसाधारणलाई जोखिम मोलेर जनही ३ सयदेखि ५ सय रुपैयाँसम्म तिरेर भारी तार्न लगाउनुपर्ने बाध्यता थियो ।

स्थानीयलाई निकै समस्या परेपछि नेकपा कालीकोटका जिल्ला इन्चार्ज विराटको नेतृत्वमा जनवर्गीय सङ्गठनका प्रमुखहरूको सहभागितामा यही साउन ३० र ३१ गते २ दिन लगाएर अस्थायी पुल निर्माण गरिएपछि आवतजावतमा सहज भएको जिल्ला सेक्रेटरी रणदीपले बताए ।

जनता बाढीपहिरोले प्रभावित बनेको अवस्थामा पनि कथित जनप्रतिनिधिहरू सहरमा मस्ती गरिरहेको, मन्त्री र सरकारी पार्टीका नेताहरू हेलिकोप्टरमा यात्रा गरिरहेको तर सर्वसाधारणलाई कठिन भइरहेको अवस्थामा अस्थायी पुल निर्माण हुँदा स्थानीय बासिन्दा खुसी भएको युवा सङ्गठनका उपाध्यक्ष मिनेश ऐडीले बताए ।

## सरकारले पेट्रोलियम ...

लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलमा प्रतिलिटर १-१ रुपैयाँ मूल्य बढाउने निर्णय गरेको जनाएको छ ।

मूल्य बढेपछि पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर १ सय ५ रुपैयाँ कायम भएको छ भने डिजेल र मट्टीतेल ९१-९१ रुपैयाँमा बिक्री हुनेछ । खाना पकाउने एलपी ग्याँस र हवाई इन्धनको मूल्य भने यथावत् रहेको जनाइएको छ ।

## नेकपाद्वारा बाढी पहिरो ...

गरिन्छ । बाढीपहिरोमा परी घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिन्छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यी र यस्ता किसिमका प्राकृतिक प्रकोपको जोखिम उच्च रहेकाले आमजनसमुदायहरूमा सतर्क र सजक रहनका निमित्त हाम्रो पार्टी हार्दिक अपिलसमेत गर्दछ ।'

## यसरी मच्चाइएको थियो ...

र न्याय दे भन्ने नाराहरू गुन्जायमान गरिरहेका थिए । विद्यार्थी बसेर पढ्ने होस्टेल पेस्तोल, गोली, प्रहरी र सशस्त्र प्रहरीले एउटा रणमैदानजस्तो बनाएका थिए । हामी २ जना २ घन्टासम्म सबैको सम्पर्कबाट टाढा गयौँ । पछि फेरि साथीहरूले त्यहाँबाट सुरक्षित स्थानमा लिएर जानुभयो । हामी सुरक्षित भएको खबर होस्टेलभित्र पठायौँ । साथीहरूले अझ ऊर्जासहित शान्तिपूर्ण तरिकाले प्रतिकार गर्न थाले । राती १० बजेसम्म होस्टेलको वातावरण निकै रापिलो भइसकेको थियो । थुप्रै पत्रकार, अभिभावक, शुभचिन्तकहरू होस्टेलमा पुगेका थिए भने निकै बाक्लो मात्रामा सादा पोसाक, बर्दीधारी प्रहरी र सशस्त्र प्रहरी तैनाथ गरिएको थियो । सामाजिक सञ्जालका भित्ताहरू र न्युज साइटहरू होस्टेलमा भेटिएको पेस्तोल षड्यन्त्र हो भन्ने विषयले छ्यापछ्याप्ती भएका थिए । विद्यार्थी, अभिभावक र शुभचिन्तकहरू राती ११ बजेतिर होस्टेलको गेट भत्काएरै सडकमा निस्किए र ५ किलोमिटरभन्दा बढी पैदल नारा र जुलुससहित अगाडि बढे ।

हामी भोलि ८ गते हुने माफियाविरुद्धको विशाल सभाको चिन्तामा थियौँ । विद्यार्थी साथीहरूसँग भोलिपल्ट बिहान सम्पर्क भयो । तयारी व्यापक छ भन्ने भयो र वीरेन्द्र क्याम्पस प्राङ्गणमा हजारौँहजार विद्यार्थी, अभिभावक र आमजनसमुदाय जम्मा भए । त्यो भीड एक छिनमै पूरा भरतपुरको मुख्य सडकहरू जाम गर्दै अगाडि बढ्यो र एउटा विशाल सभामा परिणत भयो । अहिले हामीले पूर्ण रूपमा जितेका थियौँ । माफियाहरू पेस्तोलका विषयमा हतोत्साहित मानसिकताले जे मनमा आउँछ त्यो बोल्दै थिए । उनीहरूका भनाइहरूमै विरोधाभासपूर्ण थियो । प्रहरीको भनाइ र कलेज प्रशासनका पछिल्ला भनाइहरूमा एकरूपता थिएन । उनीहरू त्यसको हल कहाँबाट आउँछ भन्ने विषयमा निकै लाचार थिए ।

सीएमसीका मालिक हरिशचन्द्र न्यौपानेले बारम्बार विद्यार्थी साथीहरूको माध्यमबाट आफ्नो गल्ती नभएको र यो हतियार विद्यार्थी र आफूलाई बदनाम गर्ने उद्देश्यले प्रहरी प्रशासनले नै भित्र राखेको याचनासहितका अनुनयविनयहरू पठाइरहेका थिए । अहिलेसम्म सीएमसीका माफियाहरू धुजाधुजा भएका थिए । विद्यार्थीहरूसँग असीमित नैतिक बल थियो भने सीएमसीका भजनमण्डलीहरू समाजमा मुख देखाउने स्थितिमा थिएनन् । माफियाहरू कोठाको अँध्यारोमा रुवाबासी गर्दै छट्पटाइरहेका थिए । सारा जनता, विद्यार्थी र अभिभावकका आँखामा उनीहरू नाङ्गिएका थिए र उनीहरू धुलोमा मिलेका थिए ।

हामीले त्य पछाडि थुप्रै सङ्घर्षका कार्यक्रमहरू अगाडि बढायौँ । बाध्य भएर उनीहरूले पहिलो र दोस्रो वर्षका १६ वटा सङ्कायका विद्यार्थीको अतिरिक्त शुल्क समायोजन गर्छौं र अब कहिल्यै पनि बढी शुल्क असुल्नेछैनौँ भने तर हाम्रो माग असुल गरिएको तेस्रो र चौथो वर्षको ३४ करोड रुपैयाँ पनि फिर्ता गर्नुपर्छ भन्ने हो । त्यसैले हामीले आर्थिक नाकाबन्दी घोषणा गर्‍यौँ र कोही पनि विद्यार्थीलाई कुनै शूल्क नबुझाउन आह्वान गर्‍यौँ । विद्यार्थीहरू ५ महिनाको कठोर सडक सङ्घर्ष र विभिन्न षड्यन्त्रपछि आफ्नो नियमित पठनपाठनमा फर्किए ।

यो सबै निकै डरलाग्दा षड्यन्त्रहरू हामीले लेखेर राखेका छौँ । हामी माफियाले विद्यार्थी पढ्ने, बस्ने, खाने, खेल्ने पवित्र होस्टेलमा पेस्तोल राखेको र हतियारसहित प्रहरीभित्र लगेर विद्यार्थीलाई डरलाग्दो षड्यन्त्रमा पार्न खोजेको कहिल्यै पनि बिर्सनेछैनौँ । सही समयमा यी र यस्ता थुप्रै माफियाहरूले यी युवाहरूको असली, अझ सशक्त, डरलाग्दो र निमुखाका लागि आशालाग्दो धमाकालाई देख्नुपर्नेछ र त्यसलाई सामना गर्नुपर्नेछ । नसच्चिने माफियाहरू त्यही धमाकासँगै अन्तिम सास लिनेछन् र त्यसपछि माफियातन्त्र, लुटतन्त्र र विकृतिको अन्त्य हुनेछ ।

## रातो खबरका ...

स्वास्थ्यमा गम्भीर प्रकारको समस्याका कारण निर्देशक शर्मा लामो समयदेखि चितवनको भरतपुर अस्पतालमा उपचार गराइरहेका छन् । अस्पतालमा उपचारमै रहेको बेला प्रहरीले उनलाई वैशाख २३ गते गिरफ्तार गरेको थियो ।

शर्माका पक्षबाट जिल्ला अदालतमा दायर रिटउपर भएको बहसमा अदालतले उनलाई रिहा गर्न आदेश दिएको भए पनि शर्मालाई पुनः गिरफ्तार गर्नसादा पोसाकका दुई प्रहरी क्याबिनभित्रै तैनाथ गरिएको छ । कानुन व्यवसायीहरूले भने यसरी पक्राउ पुर्जी जारी नगरेको व्यक्तिलाई निगरानी गर्न बिरामी बसेको क्याबिनमै प्रहरी खटाउनु कानुनविपरीत भएको बताएका छन् ।

## नख्खु कारागारमा ...

निरन्तर अघि बढ्न यादवको स्मृति दिवसमा दृढ प्रतिज्ञा पनि गरे ।

कार्यक्रममा पूर्वमाओवादी नेता सिर्जन राय यादवले रामवृक्ष यादव दुस्मनका यातना र जेलनेलका सामु नझुकेको र मालेमावादी साम्यवादप्रति अगाध विश्वास भएका कारण बरु ज्यान दिएको तर नडग्मगाएको बताए । कारागारमा बस्नेहरू धेरै अन्यायमा परेको प्रस्ट पार्दै उनले निर्दोषहरू पनि कारागारमा भएको बताए । उनले न्याय र वर्गीय मुक्तिका लागि रामवृक्ष यादवको बाटोमा अघि बढ्ने बताए । वर्तमान संसदीय व्यवस्था धमिराको घरजस्तो एउटै धक्काले ढल्नसक्ने गरी मक्किएको पनि उनको भनाइ थियो ।

नख्खु कारागारमा मङ्गलबार भएको कार्यक्रममा यादवको तस्बिरमा माल्यार्पण गरिएको थियो । उमेश खत्रीको सञ्चालनमा भएको कार्यक्रममा सूर्य तिमिल्सिनाले स्वागत भाषण गरेका थिए ।

आज अर्थात् भदौ २ गते तत्कालीन नेकपा (माओवादी) का नेता सहिद रामवृक्ष यादवको २७ औँ स्मृति दिवस हो । धनुषाको बर्मझियामा जन्मिएका यादवलाई तत्कालीन शेरबहादुर देउवा सरकारको संरक्षणमा काङ्ग्रेसी गुन्डाहरूले बर्मझियामै हत्या गरेका थिए । २०५१ साल भदौ १ गते नेपाल बन्दको कार्यक्रम सकेर भोलिपल्ट भदौ २ गते वीरेन्द्रबजारबाट घर फर्कँदै गर्दा सादा पोसाकमा रहेका प्रहरी र नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले घरेलु हतियार प्रयोग गरी बीभत्स तरिकाले यादवको हत्या गरेका थिए ।

नेपालमा जनयुद्ध सुरुआतको समयमा केन्द्रीय तहबाट भएको यो ठूलो बलिदान थियो । तराईमा माओवादीको प्रभाव विस्तार रोक्ने देशी-विदेशी षड्यन्त्रमा यादवको हत्या भएको माओवादी निष्कर्ष थियो । रामवृक्ष यादवको हत्या भएको आज २६ वर्ष पुगिसकेको छ । रामवृक्ष यादवको स्मृति दिवसका अवसरमा महान् क्रान्तिकारी योद्धा, नेपाली कम्युनिस्ट आन्दोलनका अगुवा तथा तत्कालीन महान् नेपाली जनयुद्धका पहलकर्ता रामवृक्ष यादवप्रति नेपाल कम्युनिस्ट पार्टीले श्रद्धाञ्जली तथा सम्मान व्यक्त गरेको छ । नेकपाले प्रत्येक वर्ष भदौ २ गते यादवको स्मृतिमा विभिन्न कार्यक्रम गर्दै आएको छ ।

## साउन ३२: दोरम्बा ...

बस्ने तयारी गर्दै गरेका नेकपाका क्षेत्रीय, जिल्ला र एरियास्तरका नेता-कार्यकर्तालाई घेराउ गरी कसैलाई बैठक स्थलमै गोली हानेर र अधिकांशलाई हात बाँधेर करिब डेढ घन्टाको बाटो माथि डाँडाकटेरी पुर्‍याई लाम लगाएर पालैपालो कन्चटमा गोली हानी बर्बर हत्या गरेको थियो ।

रामेछाप, दोरम्बा डाँडाकटेरीमा तत्कालीन शाही सेनाले रामेछाप जनसरकार प्रमुख बाबुराम लामा (पुष्प), अम्बिका दाहाल (ललिका), उमा कार्की (सहारा), विष्णुमाया थापामगर (बिमा), विमला, उषा, रक्तिम, हर्कबहादुर तामाङ (यथार्थ, रवि चौहान (समीर), श्याम तामाङ (इन्क्लाब), पदमराज गिरी (असल), ठूलोराम तामाङ (छोक्पा), सानोराम तामाङ (तारा), लक्ष्मण तामाङ (छायाँ), जमिन, सोम, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर (विवेक), चतुर्मान थामी (समर) सहित २१ जनाको बर्बरतापूर्वक हत्या गरेको थियो ।

घटनास्थलबाट घेरा तोडी बाँचेकाहरूका अनुसार गिरफ्तार नेता-कार्यकर्ताहरू महान् जनयुद्धको अभीष्ट पूरा गर्ने लक्ष्यका साथ अन्तिम समयसम्म आफूहरू बलिदान दिएर पनि जनयुद्धलाई धोका नदिने निष्कर्षमा पुगेका थिए । जीवनको भिक मागेको भए उनीहरूले व्यक्तिगत जीवन बाँच्न पाउने सम्भावना थियो तर उनीहरूले वर्गसङ्घर्षका सामु त्यसलाई त्यागिदिए र सहिद भए ।

आज तत्कालीन शाहीसत्ताले मच्चाएको कुख्यात दोरम्बा हत्याकाण्डको स्मृति दिवस हो । रामेछाप जिल्लाको पश्चिमी भूगोलमा पर्ने दोरम्बा डाँडाकटेरीको उच्च पहाडी भूभागमा २०६० साल साउन ३२ गते शाही सत्ताको सैनिक मेजर राममणि पोखरेल नेतृत्वमा खटिएका शाही सेनाका जल्लादहरूले सरकार-माओवादीबीच दाङको हापुरेमा संविधानसभालाई केन्द्र बनाएर भइरहेको वार्ता भङ्ग गर्ने उद्देश्यले निहत्था र निर्दोष माओवादी नेता-कार्यकर्तालाई नियन्त्रणमा लिएर आँखामा पट्टी बाँधी हात बाँधेर घिस्याउँदै लाम लगाएर बीभत्स र क्रूर तरिकाले नृशंश हत्या गरेका थिए ।

समय १७ वर्ष बिते पनि र शासनसत्तामा कम्युनिस्ट नाउँको सरकार देखिए पनि सारमा जनताले उस्तै कहर खेप्नुपरेको छ र कुमार पौडेललगायत नेकपाका ११ जना होनहार योद्धाहरूको बलिदानले उही समयको स्मरण गराइरहेको छ । आज नेकपाले देशभर दोरम्बा हत्याकाण्ड स्मृति दिवस मनाउने जानकारी पनि प्राप्त भएको छ ।

## सहिद रामवृक्ष ...

यादवलाई हत्या गरियो । उहाँको सङ्घर्षमय जीवन र बलिदानीले पार्टीमा र आन्दोलनमा क्षति भयो तर त्यो शोकलाई पार्टी र क्रान्तिले शक्तिमा बदल्यो । अझ यसो भन्दा अन्यथा हुनेछैन क. रामवृक्षको समग्र क्रान्तिकारी जीवन, विशिष्ट प्रकारको योगदान, उहाँको उच्च प्रकृतिको बलिदानी साथै जनता तथा कार्यकर्ताहरूको हृदयमा उहाँले पारेको सकारात्मक प्रभावले नै पार्टीले त्यो शोकलाई शक्तिमा बदल्न सम्भव भएको थियो । केन्द्रीय नेताको जनयुद्धको तयारीमा भएको बलिदानले समग्र जनयुद्धलाई अगाडि बढाउन ठूलो प्रेरणाको काम गर्‍यो ।

**क. रामवृक्षको रगतमाथि गद्दारी**

तत्कालीन माओवादीको केन्द्रीय सदस्य रहँदा २०५२ भदौ २ गते उहाँको बलिदानी भयो । उहाँको हत्या त्यतिबेलाको काङ्ग्रेस पार्टीको केन्द्रीय योजना र निर्देशनमा स्थानीय प्रशासनसँग मिलेर गरिएको थियो । डा. बाबुरामले काङ्ग्रेसका नेतासँग मात्र होइन, नीतिसँग नै आत्मसमर्पण गरे । खुला रूपले रामवृक्षका हत्यारासँग साँठगाँठ गर्न पुगे । प्रचण्डले रामवृक्षलाई मार्न लगाउने पार्टी र त्यसका हत्यारा नेतालाई प्रधानमन्त्री र मन्त्री बनाउन प्रस्ताव राखे । अहिले माओवादी केन्द्र जसले रामवृक्षका हत्यारालाई प्रधानमन्त्री बनायो जसले हत्यारालाई माला लगायो, स्वागत गर्‍यो, अभिनन्दन गर्‍यो, तिनैले आज रामवृक्ष यादवको स्मृति दिवस मनाउनु, इतिहासमा सर्वाधिक मजाकको विषय हो । क. रामवृक्ष राष्ट्रघातीहरूलाई घृणा गर्नुहुन्थ्यो र राष्ट्रियताको पक्षमा दृढतापूर्वक उभिनुहुन्थ्यो । साथै साम्प्रदायिक भावनाको विरुद्ध हुनुहुन्थ्यो । भारतीय विस्तारवादविरुद्धको सङ्घर्ष र सामाजिक सद्भाव खलबल पार्नेका विरुद्ध कमरेड रामवृक्ष पार्टीभित्र र बाहिर पनि दृढतापूर्वक सङ्घर्ष गर्नुहुन्थ्यो तर आज भारतीय उत्तर-साम्राज्यवादको सामु आत्म-समर्पण गरेका प्रचण्ड, बाबुराम र विकृत साम्प्रदायिक मनोविज्ञान सिर्जना गरी वर्गसङ्घर्षलाई निस्तेज पार्न उद्यत मातृका यादवजस्ता व्यक्तिहरूले रामवृक्षका नाममा राजनीति गर्नु इतिहासमै क्षम्य नहुने विषय हो । यसरी रामवृक्षको रगतमाथि गद्दारी गर्नेहरूलाई इतिहासले कहिल्यै माफी दिनेछैन । एक दिन क. रामवृक्षको रगत ज्वाला बनेर उम्लिनेछ र यी धोकेबाजहरूको बदला लिनेछ ।

क. रामवृक्षको सपना नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै विश्वसाम्यवादमा पुग्ने थियो । रामवृक्षले चाहेको त्यो वैज्ञानिक समाजवादका निम्ति समग्र ढङ्गले एकीकृत जनक्रान्तिको कार्यदिशाको विकास गरी क. विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी अगाडि बढिरहेको छ । यो पार्टीले नै कमरेड रामवृक्ष यादवको सपनालाई साकार पार्नेछ । नेपाली समाजलाई वैज्ञानिक समाजवादको दिशामा लैजानेछ । कमरेड रामवृक्ष यादव लाल सलाम ! क. रामवृक्ष यादवले देखाएको बाटोमा अघि बढौँ ।

*(साभार : 'बलिदान गाथा', सहिद सप्ताह, फागुन, २०७६,)*

## बिर्सन नसकिने ...

पार्टी निर्माण गर्दै बाँकी रहेको क्रान्तिलाई पूरा गर्ने, सहिदको रगतबाट उपलब्ध भएको चीजलाई रक्षा गर्ने, दोरम्बालगायत देशैभरिका महान् सहिदहरूको सपना पूरा गर्ने दृढ सङ्कल्पसहित एकीकृत जनक्रान्तिको तयारीमा जुटिरहेका छन् । एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना भएपछि मात्र जनयुद्धका क्रममा सहिद हुनुभएका महान् सहिदहरूको सपना पूरा हुनेछ । ती महान् सहिदहरूको सपना पूरा गर्ने क्रममा सहिदको कोटा चुक्ता गर्नुपरे पनि पछि नहट्ने प्रतिबद्धतासहित प्रतिक्रान्तिका विरुद्ध क्रान्तिको ज्वाला दन्काई पुरानो राज्यसत्तालाई खरानी बनाएर त्यही खरानीमाथि क्रान्तिको विजयको झन्डा अवस्य गाडिनेछ । यो महान् कार्यमा सम्पूर्ण देशभक्त, राष्ट्रवादी शक्तिहरू, उत्पीडित जनताहरू, परिवर्तनकारी शक्तिहरू एकजुट हुनुको विकल्प छैन ।

आज दोरम्बा नरसंहार सामूहिक हत्याकाण्ड भएको १७ वर्ष पूरा भई १८ वर्षमा प्रवेश गर्दै गर्दा क्रान्तिकारीहरूको काँधमा अर्को गहन जिम्मेवारी थपिएको छ । असरल्ल छोडिएको क्रान्ति पुरा गर्नुछ । दोरम्बालगायत जनयुद्धका क्रममा सहादत प्राप्त गर्ने दसौँ हजार सहिदको सपना पूरा गर्नुछ । यसै क्रममा हाम्रो गौरवशाली तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीले देशैभर १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस विभिन्न कार्यक्रम गर्दै मनाइरहेको छ भने नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति रामेछापले पनि १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवस भव्यतापूर्वक मनाएको छ । १८ औँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसका अवसरमा नेपालको कम्युनिस्ट आन्दोलनलाई अझ उचाइमा पुर्‍याउन आफ्नो भौतिक शरीर गुमाई क्रान्तिको मार्गमा डोर्‍याउने ती महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त सम्पूर्ण सहिद परिवारजनमा हार्दिक समवेदना र शोकलाई शक्तिमा बदल्ने प्रण मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

## फासिवादी दमनको ...

कारण दलितहरू मर्न तयार हुनेछैन् । सम्पूर्ण देशभक्त, कानुनविद्, सीमाविद्, मानवअधिकावादी, कर्मचारी, मध्यमवर्ग, पत्रकारलगायत शोषित एवम् उत्पीडितहरूले स्वाधीनता, शान्ति, समानता र समृद्धिका खातिर वैज्ञानिक समाजवादको नयाँ विकल्प खोजिरहेका छन् ।

अन्त्यमा

'क्रान्तिले साँच्ची यति शीघ्रता तथा पूर्णतासाथ सिकाउँछ कि राजनीतिक विकासको शान्तिपूर्ण कालमा यो कुरा एकदम असम्भव लाग्न जान्छ । के कुरा महत्वपूर्ण छ भने नेताहरूलाई मात्र नभएर जनसाधारणलाई समेत सिकाउँछ । यी सब भ्रमहरूलाई क्रान्तिले निर्ममतापूर्वक र अन्तिम रूपमा नष्ट गरिदिनेछ । क्रान्तिले पहिलोपल्ट विभिन्न वर्गहरूको न्वारान गर्नेछ ।' (जनवादी क्रान्तिमा सामाजिक जनवादीहरूको दुई कार्यनीति भूमिका) मा लेनिनले भनेझैँ जनताले सम्झौता, धोका र पराजयबाट सिकेका छन्- अब हामी धोका र सम्झौतारहित विजयी हुनेछौँ । दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवादको स्थापनार्थ एकीकृत जनक्रान्तिको समर्थन, सहयोग र सहभागिताको विकल्प छैन । नेपालमा राजनीतिक पार्टी प्रतिबन्धित भएको यो नयाँ घटना एवम् परिघटना होइन । निरङ्कुश राणाशासन, तानाशाही पञ्चायत र फासिवादी बहुदलीय संसदीय कालमा नेपाली जनताले महासङ्कटकालविरुद्ध प्रतिरोध र विजय हासिल गरेकै हुन् । फासिवादी दमन मुर्दावाद । एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद जिन्दावाद । २३ साउन, २०७७

नियमित

# तीज र महिला



✍ शोभा दुलाल

खस समुदायका हिन्दुहरूको सांस्कृतिक पर्व तीज संघारमा छ। यो चाड विशेषतः खस समुदायको भए पनि अरू समुदायका महिलाहरूले पनि यसैलाई मान्ने गर्छन्।

तीज नजिक आएपछि यस विषयमा चर्चा-परिचर्चा बर्सेनि चल्दै आएको छ। तीज पर्वका धार्मिक र सांस्कृतिक पक्षहरू छन्। धर्म पनि संस्कृति हो तर सबै संस्कृति धर्म होइनन्। शिव र पार्वतीको मिथकमा आधारित तीज पर्वको सांस्कृतिक पक्ष एकदम बलियो छ। महादेव किराँत समुदायका गणनायक भएको सङ्केत विभिन्न पुराणहरूबाट बुझ्न सकिन्छ। आर्य समाजबाट आएका मनुवादी ऋषिहरू र अनार्य समुदायका नायक महादेवबीचमा भीषण द्वन्द्व र विभेद रहेको स्वस्थानी कथाको दक्षप्रजापति र सतीदेवीको प्रसङ्गले स्पष्ट पार्दछ। महादेव-पार्वती प्रेमकथा र पार्वतीको विजय तथा प्रेमविवाहको प्रसङ्ग सकारात्मक सांस्कृतिक पक्ष हो भन्न सकिन्छ। त्यस अर्थमा तीज पर्व मनाउनु ठिकै हुन सक्थ्यो होला तर तीजको मूल पक्ष भनेको धार्मिक नै हो। धार्मिक पक्षअनुसार समाजमा पुरुषलाई ईश्वर, नारीलाई चरणकी दासीका रूपमा उभ्याइएको छ। पुरुषवादलाई लाजमर्दो गरी स्थापित गरिएको छ। त्यसले आजको सभ्य समाजलाई गिज्याइरहेको छ र लज्जित बनाइरहेको छ। स्वास्थ्य विज्ञानको दृष्टिले पनि निराहार व्रत, चरणको पानी खानु, नारीले वरको सुस्वास्थ्यको कामना गर्नुपर्ने तर नरले नारीको सुस्वास्थ्यको कामना गर्नु नपर्ने। यसलाई स्वास्थ्य विज्ञानले समेत ठीक मान्दैन। समाज विज्ञानमा पनि त्यो त सारै अन्यायपूर्ण देखिन्छ। त्यसैले यो तीजको धार्मिक पक्ष अत्यन्त सामन्ती तथा उत्पीडक छ।

धर्म मान्ने र नमान्ने दुवै अधिकार धर्मनिरपेक्ष मुलुकमा कानुनमा संरक्षित छ। तीज पर्वका पक्षमा प्रचार गर्न पाइन्छ भने विरोध पनि गर्न पाउनुपर्ने हो। तीज पर्व मान्नु ठीक हो कि बेठीक भन्ने बहसको विषय एकातिर हुनसक्छ। लोकतान्त्रिक राज्यमा कुनै पनि विषयमा बहस गर्न पाउनु नागरिकको अधिकार नै हो। विचारको बहसलाई लाठी, मुङ्ग्री र गुन्डागर्दी गर्नु असभ्यताको परिचायक हो।

दक्षिणएसियामा फासिवादी जगजगी बढ्दै गएको छ। त्यो राजनीतिक तहमा पनि देख्न सकिन्छ। गत वर्ष पशुपति शर्माले लोकगीत लुट कान्छा, लुट्न सके लुट सार्वजनिक गरे। सत्तारूढ पार्टीका नेता, प्रशासनले उनलाई दबाब दियो। त्यो गीतलाई प्रतिबन्ध नै लगाइयो। समयक्रममा सरकारी पक्षले देश कसरी लुटेको छ भन्ने कुरा महामारीका लागि औषधी खरिद प्रकरणदेखि जनताको थाप्लोमा ऋणभार दिन-प्रतिदिन बढेकोबाट त्यो तीतो वर्तमान यथार्थलाई जस्ताको जस्तै देखाइदिने काम राम्रोसँग गरेको स्पष्ट गरेको थियो। पशुपति शर्माको गीतले समयको सही चित्रण समयअगावै गरेको रहेछ भन्ने बोध सत्तारूढ पार्टीकै धेरैले आजभोलि भन्न थालेका छन्। पशुपति शर्मालाई धम्की दिनेहरू पश्चाताप गर्दै होलान् कि चास्नीमा पौडी खेल्दै ?

दलाल पुँजीवादी पार्टीहरूमा नाजीवादका यथेष्ट शैली देखिन्छन्। नाजीहरू मूल पार्टी र नेताले संयमित भाषा प्रयोग गरेजस्तो गर्ने तर जनवर्गीय सङ्गठनलाई उद्दण्ड र हिंस्रक बनाएर आतङ्कको राज गर्थ्यो। भाजपाले शिवसेना, हिन्दु महासङ्घ, आरएसएसजस्ता थुप्रै सङ्गठनमार्फत उद्दण्ड र हिंस्रक राज कायम गर्दछ। त्यसको सिको नेपालमा पनि भैरहेको छ। कानुनबाट बच्ने-बचाउने धूर्त शैली प्रयोग गरिएको छ। कथित स्वतन्त्र जनसङ्गठनले अपराध र हिंसाद्वारा समाज नियन्त्रण गर्ने, सरकारले अपराधको संरक्षण गरेर मतपत्र प्रभावित गर्ने गरेर वैधानिक निर्वाचित फासिवाद लाद्ने काम भइरहेको छ। त्यसप्रकारको अवस्थालाई अधिकारकर्मी अर्चना थापाले 'प्रतिगामी सोचको लहर समाजमा चलेको र त्यसैको एउटा स्वरूप यो गीतमा (सोफिया थापाको गीत) विरोध प्रकट भएको छ' भनेकी छिन्। सोफियाको गीतको मूल हेरौं -

*'अबको तीज, नो व्रत प्लिज*
*नो खट्टाको पानी*
*महिला-पुरुष दुवै नै बराबरी'*

सोफियाले पुरुषको गोडा धोएको पानी खुवाउने अमानवीय परम्पराको विरोध गरेकी छिन्। त्यसैगरी कुखुराको डाको (अन्दाजी ३ बजे) देखि सूर्यास्त (बेलुकी करिब ७ बजेसम्म) १७ घन्टा उपवास वा व्रत बस्ने, आफ्नो शरीर ध्वस्त पारेर पुरुषका लागि व्रत गर्ने चलनमा सुधार आवश्यक छैन ? त्यो गीतमा तीज पूरैको विरोध पनि छैन। पुरुषले महिला स्वास्थ्य र दीर्घायुका लागि गर्ने तीर्थ, व्रत र चाडपर्व त केही छैनन्। त्यो त यो समाजलाई नचाहिने रहेछ। महिलाले मात्र पुरुषका लागि किन भाकल, जप, तप, पूजा आदि गर्नुपर्ने ? भन्ने एउटा सीधासादा प्रश्न मात्र त छ। त्यही पनि हिन्दु अतिवादीहरूलाई पच्न सकेन र सोफियालाई मार्ने धम्की दिए। उता राज्य भने मौन बसेर हिंसाको संरक्षण गरिरहेको छ। सोफियाविरुद्ध भएको हिंसाको छानबिन भएन। आखिर नेपालको सरकार र प्रशासन मनुवादी न छ।

सोफियाको 'नो व्रत प्लिज' गीतको भङ्गिमा र शैलीका विषयमा अलगअलग बहस हुनसक्छ। उनको गीतको विचार र अधिकार अर्को छलफलको विषय हुन सक्ला। तीजलाई विस्तार र प्रश्रय गर्ने मुख्य शक्ति बहुराष्ट्रिय कम्पनी र बजारशास्त्रको स्वार्थ हुने नै भयो। उनीहरूलाई आफ्नो पत्रु सामान बजारमा बेच्नु छ। त्यसैले उनीहरू संस्कृतिको नारा र आवरणमा आफ्नो सामान बेच्न चाहन्छन्। आफ्नो सामान बेच्न संस्कृति र परम्पराको परिभाषा आफ्नो स्वार्थअनुकूल बदलिरहन्छन् तर जनस्तरबाट र अझ महिलाहरूले सांस्कृतिक परम्परा के फेर्नुपर्ने कुरा उठाए मात्र भने उनीहरूको धार्मिक सत्ताको जरा हल्लिन पुग्छ जसको फलस्वरूप यस्ता आवाज दबाउन न्वारानदेखिको बल लगाउँछन्! यसरी विकृति र सामन्तवादी सोचाइको प्रचारप्रसार, संरक्षण गर्दछन। सञ्चार क्षेत्रले पनि विज्ञापन स्वार्थकेन्द्रित भएर त्यसलाई प्रश्रय दिन्छन्। यसरी तीजको खोक्रोपनको मिथक तयार हुन्छ। आजका महिलाहरूले यसलाई रूपान्तरण गर्ने हिम्मत गर्नै पर्दछ।

# एसईईको नतिजा सार्वजनिक

■ रातो खबर संवाददाता/काठमाडौं

कोभिड १९ का कारण परीक्षा रोकिएको यसपल्टको एसईई आफैँले मूल्याङ्कन गर्न पाउने भएपछि विद्यालयहरूले विद्यार्थीलाई पर्याप्त अङ्क दिएको पाइएको छ। विद्यालयले पठाएको अङ्कका आधारमा राष्ट्रिय परीक्षा बोर्डले विद्यार्थीलाई प्रमाणपत्र दिने भएपछि नम्बर थपेको देखिएको हो। बोर्डले सोमबार सार्वजनिक गरेको नतिजाले यसको पुष्टि गरेको छ।

ग्रेडिङ सुरु भएको वर्ष ०७२ को एसईईमा ४ मा ४ जीपीए नै प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २ मात्रै थियो। ०७३ मा यो सङ्ख्या बढेर ४ भयो। ०७३ सम्मको एसईईमा अनिवार्य विषयमध्ये अङ्ग्रेजी र विज्ञानमा मात्रै प्रयोगात्मक थियो। ०७४ देखि गणितबाहेक सबै विषयमा कम्तीमा २५ अङ्क प्रयोगात्मक थपियो। सबै विषयमा शिक्षकले नै प्रयोगात्मक नम्बर दिने व्यवस्था भएपछि ०७४ मा ४ जीपीए ल्याउनेको सङ्ख्या ७४ पुगेको थियो। ०७५ मा १ सय ६ जनाले ४ जीपीए ल्याए। स्रोतबाट प्राप्त जानकारीअनुसार ०७६ को नतिजा विश्लेषण गर्दा ९ हजार ३ सय १९ जनाले ४ जीपीए ल्याएका छन्। यो सङ्ख्या यस वर्ष नियमिततर्फका ४ लाख ७२ हजार ७८ जनाको १ दशमलव ९७ हो। यसपालि काठमाडौं जिल्लामा मात्रै १ हजार ५ सय ५२ जनाले ४ जीपीए ल्याएका छन्। बोर्डले भने यस वर्ष तथ्याङ्क नै लुकाएको छ।

विद्यालयले आफूखुसी अङ्क दिएकैले यस वर्ष ४ जीपीए ल्याउनेको सङ्ख्या बढेको शिक्षा विकास तथा समन्वय एकाइका एक प्रमुखले बताए। 'यस वर्ष सहरी क्षेत्रका निजी विद्यालयले आफ्ना विद्यार्थीलाई प्रायः ४ जीपीए दिएको पाइयो', बोर्डका एक सदस्यले भने।

नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔं।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौं। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौं।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौं।

तारकेश्वर नगरपालिकाको कार्यालय, काठमाडौं

## बन्दाबन्दीमा खानेपानी आपूर्ति संरचनाको निर्माणमा भएको प्रगति

| प्याकेज | विवरण |
|---|---|
| BDS-0 | ■ आरूबारी चोकमा च्याम्बर निर्माण, जगडोल, आरूबारी र महाँकालमा स्ल्याब राख्ने काम |
| BDS-01 | ■ बाँसबारीमा पाइपलाइनको लागि पाइलिङको कार्य तथा बक्स सपोर्टको निर्माण<br>■ नारायण गोपाल चोकमा चुहावट मर्मतका कार्य<br>■ न्युरो अस्पताल, बाँसबारीनिर थ्रस्ट ब्लक तथा पाइप इनकेसिङको कार्य<br>■ बल्खुदेखि सिता पेट्रोल पम्पसम्म ४५० मिटर पाइप बिछ्याइएको |
| BDS-02 | ■ खुमलटार पानीपाखरी वरिपरि पर्खाल निर्माण (इटा तथा प्लास्टर) तथा ड्रेनेज निर्माण<br>■ पानीपोखरी (पानीपोखरी) मा एप्रोन तथा गार्ड हाउसरपम्प हाउसमा रङ लगाउने कार्य<br>■ अनामनगरस्थित ट्यांकीमा च्याम्बर स्ल्याब निर्माण कार्य |
| BDS-03 | ■ बालाजु पानीपोखरीतर्फ जाने approach road मा कंक्रिट पेभमेन्ट बनाउने कार्य, बालाजु पानीपोखरीमा turfing को कार्य |
| BDS-04 | ■ सूर्यविनायक सडकमा ६०० मिलिमिटर व्यासका ३०० मिलिमिटर लम्बाइ भएका RCC ह्युम पाइप बिछ्याउने कार्य<br>■ घलाती सर्भिस लेन सडकमा sub-base सम्बन्धी कार्य (लम्बाइ करिब १५० मिलिमिटर)<br>■ कीर्तिपुर पानीपोखरीमा outlet र inlet भल्भ तथा fittings जडान गरिएको |
| DNI 1 | ■ टुकुचामा bridge crossing को कार्य, पुतलीसडकमा crossing को कार्य<br>■ पुतलीसडकमा बल्क मिटर च्याम्बर निर्माण सम्पन्न (१ वटा)<br>■ काठमाण्डौ प्लाजा, कृष्ण पाउरोटी सडक, घण्टाघरमा interconnection को कार्य<br>■ कमलपोखरी, महालक्ष्मीस्थान, सातदोबाटो, एन्फा (सातदोबाटो, भोटेबहाल, नागपोखरी (८०० मिटर) पाइपलाइन बिछ्याउने तथा चाप परीक्षण कार्य<br>■ चापागाउँ दोबाटोमा फुटपाथ पुनर्स्थापन (४०० मिटर) तथा विद्यमान २०० मिलिमिटर व्यासको DI पाइपसँग जोडने कार्य |
| DNI 2 | ■ धोबीखोला करिडोरमा DI pipe पुनः बिछ्याउने कार्य (४०० मिटर) तथा पुरानो<br>■ वानेश्वरमा chamber raising को कार्य (५ वटा)<br>■ DMA 5+B47.2 को लागि GI connection को कार्य, वानेश्वरमा वितरण संजाल सुधार ३ अन्तर्गत ३०० मिटर पाइप पुनः बिछ्याउने कार्य |
| DNI 3 | ■ डिएमए ८.१ मा ३०० मिलिमिटर व्यासको ४० मिटर लामो पाइप बिछ्याउने कार्य |
| DNI 7a | ■ बल्खु-कालीमाटी सडक, रविभवन, भद्रकाली-मैतीदेवी-थापाथली सडकमा २.५ कि.मि पाइप बिछ्याउने कार्य, District Metering Area ५.२ मा GI connection को कार्य |
| DNI 9a | ■ साप्रेढुङ्गा, चुनिखेल, सिमलटार, आकाशेधारामा DI र HDPE पाइप बिछ्याउने कार्य |
| Integration | ■ खुमलटार पानीपोखरीदेखि एकान्तकुना चोकसम्म बिछ्याइएको नयाँ पाइपसँग विद्यमान पाइपलाइन जोडने कार्य, टोखामा पाइप बिछ्याउने कार्य |
| | **खानेपानी आपूर्ति प्रणालीको संचालनक्षमताको परीक्षण** |
| | ■ अनामनगर पानीट्यांकीदेखि वितरण संजाल सुधार ४.१.२ सम्म पाइपलाइन disinfection को कार्य<br>■ वितरण संजाल सुधार १ को ७.२ कि.मि पाइपको अल्पकालीन परीक्षणको कार्य |

काठमाण्डौ पानी

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौ
www.kuklpid.org.np




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं